مركز أصول
Osoul Center
www.osoulcenter.com
Rabwah

# प्यारो नबी صلى الله عليه وسلم को साथ एकदिन



लेखक: अबू खालिद अइमन बिन् अब्दुल् अजीज अबानमी

अनुवादकः अहमद भण्डारी

संशोधकः मुश्ताक मदनी

ⓒ **جمعية الدعوة والإرشاد وتوعية الجاليات بالربوة ، ١٤٤٤هـ**

***فهرسة مكتبة الملك فهد الوطنية أثناء النشر***

أبانمي ، أيمن بن عبدالعزيز
يوم مع حبيبك صلى الله عليه وسلم باللغة النيبالية. / أيمن بن عبدالعزيز أبانمي ؛ مركز اصول ؛ احمد بهنداري .- الرياض ، ١٤٤٤هـ

١٠٠ ص ؛ ..سم

ردمك: ٢-٦٢-٨٣٨٢-٦٠٣-٩٧٨

١- السيرة النبوية أ.مركز اصول (مترجم) ب.بهنداري ، احمد مترجم) ج.العنوان

ديوي ٢٣٩ ١٤٤٤/١٠١٣٣

**رقم الإيداع: ١٤٤٤/١٠١٣٣**
**ردمك: ٢-٦٢-٨٣٨٢-٦٠٣-٩٧٨**

# يوم مع حبيبك ﷺ

تأليف

**أبو خالد أيمن بن عبدالعزيز أبانمي**

راجعه فضيلة الشيخ

**د. عبدالكريم بن عبدالله الخضير**

**ترجمة: أحمد بهنداري**

**مراجعة: مشتاق مدني**

Nepali

نيبالي

OsoulCenter
www.osoulcenter.com

यो किताब उसूल सेन्टरद्वारा तयार र डिजाइन गरिएको हो र डिजाइनमा प्रयोग गरिएका सबै फोटोहरू उसूल सेन्टरको स्वामित्वमा छन्। उसूल सेन्टरले सबै मुस्लिमहरूलाई यो किताब छपाउने र बाँड्ने अनुमति दिन्छ तर छपाउँदा निम्न कुराहरूमा अनिवार्य ध्यान दिनु पर्नेछ- उसूल सेन्टरको अनुमति बिना किताबमा लेखिएका शब्दहरूमा कुनै पनि किसिमको परिवर्तन वा थपघट नगरिएको होस् र छपाइको लागि उच्च गुणस्तर तथा मापदण्डको पालना गरिएको होस्।

+966 11 445 4900
+966 11 497 0126
P.O.BOX 29465 Riyadh 11457
osoul@rabwah.sa
www.osoulcenter.com

بسم الله الرحمن الرحيم

बिस्मिल्ला-हिर्रहमा-निर्रहीम

# विषय सूची


प्यारो नबी ﷺ को साथ एकदिन 9

उहाँ ﷺ को हुलिया 17

उहाँ ﷺ निद्राबाट जागेपछि वजू गर्ने र तहज्जुद पढ्ने तरिका 19

उहाँ ﷺ को नमाज पढ्ने तरिका 31

उहाँ ﷺ को बिहान र बेलुकाको अज्कार (स्तुति) गर्ने तरिका 57

उहाँ ﷺ को खानपानको तरिका 67

उहाँ ﷺ को पहिरन, हिँडाई र यात्रा गर्ने तरिका 71

उहाँ ﷺ को आचरण र मानवप्रतिको व्यवहार 77

उहाँ ﷺ को घरायसी रहन सहन र सुत्ने तरिका 87

# प्यारो नबी ﷺ को साथ एकदिन

**अत्यन्तै करुणामय एवम् परम दयालु अल्लाहको नाम लिएर सुरु गर्दछु ।**

सम्पूर्ण प्रसंशाहरू अल्लाहकै लागि छन्, जसले आफूप्रतिको प्रेमलाई आफ्नो प्यारो नबी मुहम्मद सल्लल्लाहु अलैहि वसल्लमको अनुसरण र आज्ञापालनसँग जोडनु भयो । अल्लाह तआलाले भन्नु भएको छः

قال تعالى: ﴿قُلۡ إِن كُنتُمۡ تُحِبُّونَ ٱللَّهَ فَٱتَّبِعُونِي يُحۡبِبۡكُمُ ٱللَّهُ وَيَغۡفِرۡ لَكُمۡ ذُنُوبَكُمۡۚ وَٱللَّهُ غَفُورٞ رَّحِيمٞ﴾ [آل عمران : ٣١].

अर्थः "(हे नबी! मानिसहरूसँग) भनिदिनुहोस्- यदि तिमी वास्तवमा अल्लाहलाई प्रेम (माया) गर्दछौ भने मेरो अनुसरण गर, अल्लाहले तिमीलाई माया गर्नु हुनेछ र तिम्रा पापहरूलाई क्षमा गरिदिनु हुनेछ, एवम् अल्लाह अत्यन्त क्षमादान गर्ने दयालु हुनुहुन्छ ।" (आले इम्रानः ३/३१)

अनि त्यस व्यक्तिको ईमान (आस्था) लाई नकार्नु भएको छ, जसले अल्लाहको रसूल ﷺ प्रतिको प्रेमको तुलनामा सृष्टिका प्राणीहरूको प्रेमलाई प्राथमिकता दिन्छ । रसूल ﷺ ले भन्नु भएको छः

«لاَ يُؤْمِنُ أَحَدُكُمْ حَتَّى أَكُونَ أَحَبَّ إِلَيْهِ مِنْ وَالِدِهِ وَوَلَدِهِ وَالنَّاسِ أَجْمَعِينَ».

[صحيح البخاري]

“तिमीहरूमध्ये कोहीपनि तबसम्म मोमिन (पूर्ण आस्थावान) हुन सक्दैन जबसम्म म उसको निकट उसको बुवा, उसका सन्तान र सम्पूर्ण मानिसहरूभन्दा प्रिय हुँदैन ।” (बुखारीः १५)

रात-दिनको परिवर्तनको संख्या बराबर, सत्यवादी स्तुतिकर्ताको स्तुति (जिक्र) बराबर, वर्षातको पानीका थोपाहरूको संख्या बराबर, रुखहरूका पातहरू र बालुवाका कणहरूको संख्या बराबर अत्याधिक एवं परिपूर्ण दरूद र सलाम (दया र शान्ति) अवतरण होस् नबी, चुनिएको मार्गदर्शक, उज्यालो ज्योती, शुभ सूचक, सत्यको निमन्त्रक, दयाको उपहार तथा रबको वरदान (नेअमत) मुहम्मदमाथि, उहाँका पवित्र परिवार तथा सन्तानहरूमाथि, उहाँका मुहाजिरीन र अंसार साथीहरूमाथि अनि कयामतको दिनसम्म भलाईको साथ उहाँको अनुसरण गर्ने अनुयायीहरूमाथि ।

निःसन्देह एउटा सच्चा मुस्लिमले आफ्नो प्यारो नबी मुहम्मद ﷺ प्रतिको मायाले सधैं यही सोंच्छः यदि ऊ उहाँ ﷺ को सहाबा (साथी) हरूमध्येको भएको भए, उहाँको सभामा बसेर उहाँको पवित्र तथा दिव्य अनुहारको ज्योतीद्वारा आफ्ना दुबै आँखाहरूलाई आनन्दित गर्न पाएको भए, उहाँका मीठा-मीठा हदीसहरूलाई उहाँबाटै सुन्न पाएको भए, हृदयलाई पगाल्ने उहाँको आचरण तथा व्यवहारलाई देख्न पाएको भए, आफ्नो रब (प्रतिपालक) अल्लाहको इबादतको तरिका स्वयम् उहाँबाटै सिक्न पाएको भए, आफूलाई कति भाग्यशाली सम्झन्थे होला ! चाहे यसको लागि आफूसँग भएका जुनसुकै चिजलाई पनि खर्च गर्न वा जुनसुकै मुल्य चुकाउन किन नपरोस् । ताकि प्यारो नबी ﷺ का निम्न वाणीहरू आफूमा लागू होस्-

«مِنْ أَشَدِّ أُمَّتِي لِي حُبًّا نَاسٌ يَكُونُونَ بَعْدِي، يَوَدُّ أَحَدُهُمْ لَوْ رَآنِي بِأَهْلِهِ وَمَالِهِ».
[صحيح مسلم: ٢٨٣٢]

"मेरो उम्मत (अनुयायी) हरूमा मलाई सबैभन्दा धेरै चाहने ती व्यक्तिहरू हुनेछन्, जो म पश्चात पैदा हुनेछन् । तिनीहरूमध्ये केहीले यस्तो चाहना राख्नेछन् कि यदि आफ्नो घरपरिवार र धन सम्पत्तिको बदलामा मलाई देख्न पाउने भए ! (कति उत्तम हुन्थ्यो) ।" (मुस्लिमः २८३२)

**त्यसैले ताबईन (सहाबाहरूका शिष्य) हरूको यस्तो हालत थियोः**

इब्ने सिरिन रहिमहुल्लाहले अबीदा बिन अम्र रहिमहुल्लाहसँग भनेः 'मेरो पासमा नबी ﷺ का केही कपालहरू छन्, जो मैले अनस बिन मालिक रजियल्लाहु अन्हुबाट वा उनको परिवारबाट पाएको हुँ ।' त अबीदा रहिमहुल्लाहले भनेः 'मेरो पासमा नबी ﷺ को एउटा कपालको धर्सो हुनु मेरो निम्ति दुनियाँ र यसमा जो पनि छन् ती सबै चीजहरूभन्दा उत्तम र प्यारो छ ।' (बुखारीः १७०)

यस बारे टिप्पणी गर्दै इमाम जहबी रहिमहुल्लाहले भनेका छन्- 'ती इमामले यस्तो कुरा नबी ﷺ को पचास वर्ष पश्चात भनेका छन्, त हाम्रो यस जमानामा वास्तवमै सही प्रमाणको साथ नबी ﷺ का केही कपाल हामीलाई मिल्थ्यो भने के हुन्थ्यो होला !! (सियरु आलामिन नुबलाः ४/ ३५) यस्तो चीज मिल्न त धेरै कठीन छ ।

इमाम जहबी रहिमहुल्लाहले यो पनि भनेका छन्- यो कुरा पनि प्रमाणित छः नबी ﷺ ले जब आफ्नो टाउकाको कपाल खौराउनु भयो त पवित्र कपालहरूलाई आफ्ना साथीहरूमा तिनीहरूको इज्जतको लागि बाँडिदिनु भयो । 'यदि हामीलाई ती कपालहरूमध्ये कुनै एउटा कपालको धर्सोलाई मात्रै भएपनि चुम्ने वा आफ्नो छातिमा लगाउने अवसर मिल्थ्यो भने'! (सियरु आलामिन नुबुलाः १०/ ५२७)

जुबैर बिन नुफैल रहिमहुल्लाहले भनेका छन्- एकदिन हामीहरू मिकदाद बिन अस्वद रजियल्लाहु अन्हुको पासमा बसेका थियौं। त्यत्तिकैमा एकजना व्यक्ति नजिकैबाट जाँदै थिए, उनले भनेः शुभ-सूचना छ (भाग्यशाली छन्) ती आँखाहरूको लागि जसले रसूल ﷺ को दर्शन गरेका थिए। अल्लाहको कसम ! हाम्रो पनि चाहना थियो कि यदि तपाईंले जो चिज देख्नु भएको त्यो देख्न पाएको भए र जुन कुराको गवाही तपाईंले दिनु भएको थियो त्यसको गवाही दिन पाएको भए। (मज्मउज्-जवाइदः ६/ २०)

साबित अल-बुनानी रहिमहुल्लाहले जब नबी ﷺ को सेवक अनस बिन मालिक रजियल्लाहु अन्हुलाई देख्थे तब तुरुन्तै उनको पासमा गएर उनका हातहरूलाई चुम्थे र भन्थेः 'निःसन्देह यी ती हातहरू हुन् जसले रसूल ﷺ का पवित्र हातहरूलाई स्पर्श गरेका थिए।'

यहया बिन हारिस रहिमहुल्लाहले वासिला बिन अस्का रजियल्लाहु अन्हुको साथमा पनि त्यस्तै गरेका थिए। अनि केही ताबेईन रहिमहुमुल्लाहले पनि सलमा बिन अकवाको हात त्यसैगरी चुमेका थिए, जुन हातहरूले रसूल ﷺ का पवित्र हातहरूमा बैअत (प्रतिज्ञा) गरेका थिए।

खजुरको एउटा खम्बा थियो। खुतबा दिंदा रसूल ﷺ ले त्यसमा अडेस लाग्नु हुन्थ्यो। जब (उहाँको लागि मिम्बर बनाइयो त) उहाँ ﷺ ले त्यसलाई छोडेर मिम्बरमा आउनु भयो तब त्यो खम्बा रुन थाल्यो। जब कुनै ऊँटनीको बच्चा ऊबाट खोसिन्छ अनि ऊँटनी रुन्छे त्यसतै आवाज त्यहाँबाट सुनियो, त्यो आवाज मस्जिदका सबै मानिहरूले सुनेका थिए। त्यसपछि नबी ﷺ त्यसको पासमा जानुभयो अनि आफ्ना पवित्र हातहरू त्यसमाथि राख्नु भयो, तब त्यो चुप लाग्यो। (बुखारीः ३४८५)

हसन बसरी रहिमहुल्लाहले जब यो हदीस बयान गर्थे तब भन्थेः 'ए मुसलमानहरूको जमात ! काठ पनि रसूल ﷺ सँग भेट गर्ने आकांक्षामा रुन्थ्यो भने तिमीहरू त त्यसभन्दा ज्यादा हकदार छौ। उहाँ ﷺ सँग भेट गर्ने आकांक्षा राख।'

ताबईनहरूले उहाँ ﷺ प्रतिको मायामा उहाँसँग भेट गर्ने चाहना मात्रै गर्दैनथे, उनीहरूले त उहाँ ﷺ का सुन्नतहरूको अनुसरण पनि गरे र व्यवहारमा लागू पनि गरे। ताकि रसूल ﷺ लाई भेट्न नपाए पनि त्यसको बदलामा ती चिजहरू पाउन सकियोस्, जो छुटेका छन्।

ताबेईनहरूका सरदार अबू मुस्लिम खौलानी रहिमहुल्लाहले भनेका छन्- 'मुहम्मद ﷺ का सहाबाहरूले के सम्झेका छन् ? उनीहरूले उहाँ ﷺ लाई आफ्नो लागि मात्रै खास गरेका छन् र हामीहरूको लागि छाडेका छैनन् ? अल्लाहको कसम ! उहाँ ﷺ को लागि हामीले उनीहरूसँग कडा मुकाबला (प्रतिस्पर्धा) गर्नेछौं। उनीहरूले थाहा पाउने छन् कि आफूभन्दा पछि पनि मर्दहरूलाई छाडेका छन् भन्ने कुरा।'

अबू मुस्लिम रहिमहुल्लाहको भनाइको तात्पर्य रसूल ﷺ लाई सहाबाहरूले मात्र खास आफ्नो सम्झेका छन् भने आफू पनि रसूल ﷺ प्रतिको माया र आज्ञापालनको मामिलामा उनीहरूसँग कडा मुकाबला गर्नेछन्।

निःसन्देह अबू मुस्लिम रहिमहुल्लाहले पुण्य र भलाइका कामहरूमा अगाडी बढने र प्रतिस्पर्धा गर्ने कार्य (सबकत) को अर्थलाई राम्रोसँग बुझेका थिए; त्यसैले रसूल ﷺ प्रतिको निकटता, माया र आज्ञापालनमा अरुलाई प्रधानता तथा प्राथमिकता दिनु हुँदैन भन्थे। वास्तविक प्रतिस्पर्धा त क्षमता र

श्रेष्ठताको हो । किनकि जसको अमल (कर्म) अपुरो हुन्छ त्यसलाई त्यसको खानदान र परिवारले कुनै फाइदा पुर्याउन सक्दैनन् । जस्तैः धर्मविदहरूले भनेका छन्- 'जब तिमीले त्यसतो मानिसलाई देख्छौ जसले दुनियाँको (सांसारिक) मामिलामा प्रतिस्पर्धा गरेको छ, अथवा तिमीभन्दा अगाडी बढिरहेको छ त तिमी ऊसँग परलोक (आखिरत) को मामिलामा ऊ भन्दा अगाडी बढ । परलोकको मामिलामा उसलाई जीत । अनि हुन सक्छ भने अल्लाहप्रतिको आज्ञापालन र सत्कर्ममा तिमीभन्दा अगाडी कोही बढ्न नपाओस्, सम्भव छ भने यस्तै गर ।'

ताबेईन (सहाबाका शिष्यहरू) पछिका सलफ सालेहीन (सदाचारी पूर्वज) हरू पनि साना ठूला प्रत्येक काममा सुन्नतको अनुसरण गर्न सधैं तत्पर रहन्थे ।

मुस्नद अहमद नामको हदीसका संकलनकर्ता इमाम अहमद रहिमहुल्लाहले भन्नु भएको छः 'मैले लेखका हदीसहरूमध्ये स्वयम् मैले व्यवहारमा लागू नगरेको कुनै पनि हदीस छैन । यहाँसम्म कि जब मेरो सामु त्यो हदीस आयो जसमा नबी ﷺ ले पछना (हिजामा) लगाएर हजाम अबू तैबालाई एक दिनार दिनु भएको थियो, त मैले पनि पछना लगाएर हजामलाई एक दिनार दिएको थिएँ ।'

इमाम अहमद रहिमहुल्लाहले त यो पनि भन्नु भएको छः 'यदि तिमीबाट सम्भव छ भने तिमीले एउटा रौंलाई कनाउँदा (कोट्याउँदा) पनि नबी ﷺ को सुन्नतको अनुसरण बिना नकनाऊ । भनाइको तात्पर्य कुनै सानोभन्दा सानो कार्य गर्दा पनि सुन्नत अनुसार नै गर ।'

यी सबै चीजहरू नबी ﷺ मा भएको मानवीय पूर्णता (बशरी कमाल) कै कारण हो । इमाम नववी रहिमहुल्लाहले भनेका छन्- 'यदि तिमीले नबी ﷺ को अनुहार र शारीरिक बनावट देख्थ्यौ अथवा कल्पना गर्छौ भने यति सुन्दर छ कि

त्योभन्दा सुन्दर अरु हुन सक्दैन। यदि तिमीले उहाँ ﷺ को आचरण देख्थ्यौ भने यति परिपूर्ण छ कि त्योभन्दा परिपूर्ण अरु हुन सक्दैन। यदि तिमीले साधारणतया सबै मानिसहरूप्रति र विशेषगरी मुसलमानहरूप्रति उहाँको व्यवहार, भलाई, वफादारी र दया देख्थ्यौ भने यति राम्रो कि त्योभन्दा उत्तम अरु हुन सक्दैन।'

निःसन्देह कुनै मुस्लिम नबी ﷺ प्रति पूर्णतया माया गर्ने र सम्मान गर्ने बन्न सक्छ भने यो त्यस व्यक्तिको लागि सबैभन्दा यो कुरा ठूलो नेअमत (वरदान) हो। इब्नुल कैय्यिम रहिमहुल्लाहले भनेका छन्- 'जब कुनै व्यक्तिको हृदयमा उत्पन्न हुने सबै किसिमका कुराहरू अल्लाहको चाहना बमोजिम हुन्छ वा उसले आफूलाई अल्लाहको चाहना अनुरुप बनाउँछ, तब उसलाई अल्लाहले रसूल ﷺ प्रति माया (मुहब्बत) गर्ने तौफिक (क्षमता) प्रदान गर्नु हुन्छ, अनि उसको आत्मा (रूह) उसको हृदयमाथि विजयी हुन जान्छ। त्यसपछि त्यस व्यक्तिले आफ्नो आत्मालाई इमाम, गुरु, अथवा मार्गदर्शक बनाउँछ। जसरी अल्लाहले नबी ﷺ लाई तौफिक प्रदान गर्नु भएको थियो। अनि उहाँ ﷺ लाई सम्पूर्ण मानिससहरूको मार्गदर्शक तथा पथ प्रदर्शक पनि बनाउनु भयो। त्यसैले कुनै पनि व्यक्ति नबी ﷺ को जीवनीको सुरुवाती मामिलादेखि उहाँमाथि अल्लाहको वाणी (वहयी) अवतरण भएको अवस्थाको बारेमा जानकार रहोस्। अनि उहाँको चाल-चलन, रहन-सहन, सुत्ने, उठने, इबादतका मामिलाहरू एवं उहाँको परिवार, बच्चाहरू र साथीहरूको साथमा गर्ने व्यवहार, तरिका र आचरणको बारेमा पनि जानकार बनोस्। यति जानकारी प्राप्त गरोस् कि ऊ स्वयम् नबी ﷺ को साथमा छु र उहाँका सहाबाहरू मध्येको हुँ भन्ने आभाष होस्।' (मदारिजुस्-सालिकीनः ३/ २६८)

म भन्छुः जुन व्यक्तिले नबी ﷺ को साथ पाएन वा साथ छुट्यो, ऊ बाट नबी ﷺ का सुन्नतहरू छुटन नपाउन्।

कति उत्तम काम हो तिमीले आफ्नो प्यरो नबी मुहम्मद ﷺ का सम्पूर्ण भनाई र कर्महरूलाई अनुसरण गर्दै उहाँको साथमा एकदिन बिताउँछौ। सोंच त त्यस दिन तिमीले आफूलाई कति भाग्यशाली महसुस गर्ने छौ ! यस्तो सम्भव छ कि छैन ? पक्कै पनि छ, किन नहुनु। जब तिमी अल्लाहको सृष्टिमध्ये सर्वश्रेष्ठ सृष्टि नबी मुहम्मद ﷺ को अनुकरण र अनुसरण त्यसरी गर्छौ मानौं तिमीले उहाँलाई आफ्नो सामु देखिरहेका छौ।.... विचार गर,... अनुभव गर,... वास्तवमै यस्तै पाउने छौ।

- नोटः फलानो दिनको महत्व र श्रेष्ठता धेरै छ भनेर कुनै पनि दिनलाई खास गर्नु सही होइन। त्यसैले जुनसुकै दिनलाई पनि चुन्नुहोस् ताकि उहाँ ﷺ को साथको (सुन्नतको) सुरुवात होस्, इन् शा अल्लाह।
- प्यरो नबी ﷺ को साथमा दिन बिताउनुभन्दा पहिले हामीले उहाँ ﷺ को हुलियाको बारेमा पनि जानकारी हासिल गर्नु जरूरी छ।

# उहाँ ﷺ को हुलिया

मुहम्मद ﷺ को शारीरिक आकार मध्यम थियो । उहाँ ﷺ को छाती चौडा थियो । दुबै कानका लोतीसम्म लामो कपाल थियो । मानिसहरूमा सबैभन्दा सुन्दर रुपवान र उत्तम चरित्रवान हुनुहुन्थ्यो । उहाँ न त धेरै अग्लो हुनुहुन्थ्यो, न धेरै होंचो । न त अत्याधिक गोरो हुनुहुन्थ्यो, न अत्याधिक गहूँगोरो । उहाँका कपालहरू घुँग्रिएका पनि थिएनन् र सीधा सिल्की परेका पनि थिएनन् । मानिसहरूको बीच अति सुन्दर हुनुहुन्थ्यो । उहाँको गोरोपन धेरै राम्रो र चम्कीलो चाँदीजस्तो थियो । (शेख अल्बानीद्वारा लिखित सिलसिला सहीहा)

अनि उहाँ ﷺ सफा र उज्जवल रंगको हुनुहुन्थ्यो, उहाँको पसीना मोती झैं देखिन्थ्यो । उहाँको दारी बाक्लो थियो । जाबिर बिन समुरा रजियल्लाहु अन्हुसँग सोधियोः के उहाँ ﷺ को अनुहार तलवार जस्तो (लाम्चो) थियो? त उनले भनेः तलवार जस्तो थिएन बरु सूर्य र चन्द्रमा जस्तो गोलो थियो ।

रसूल ﷺ को मुख फराकिलो थियो, लामा आँखाहरू थिए र कम मासु भएका पातला कुर्कुच्चा थिए । उहाँ गोरो रंगको अनि मध्यम उचाई भएको हुनुहुन्थ्यो, न त धेरै मोटो हुनुहुन्थ्यो न धेरै दुब्लो पातलो, न त धेरै अग्लो

हुनुहुन्थ्यो न धेरै होंचो । उहाँका हात र खुट्टा भरिएका थिए, हत्केलाहरू फराकिला थिए। अनस रजियल्लाहु अन्हुले उहाँ ﷺ को बारेमा भनेका छन्-

« مَا شَمِمْتُ عَنْبَرًا قَطُّ وَلاَ مِسْكًا وَلاَ شَيْئًا أَطْيَبَ مِنْ رِيحِ رَسُولِ اللهِ ﷺ، وَلاَ مَسِسْتُ شَيْئًا قَطُّ دِيبَاجًا وَلاَ حَرِيرًا أَلْيَنَ مَسًّا مِنْ رَسُولِ اللهِ ﷺ». [صحيح مسلم]

“न त मैले नबी ﷺ को सुगन्धभन्दा सुगन्धित कुनै अम्बर, मुश्क, कस्तुरी वा अन्य कुनै सुगन्ध सुँघेको छु, न उहाँ ﷺ को हातभन्दा नरम रेशम वा रेशमका कपडा वा कुनै चिज छोएको छु ।” (मुस्लिमः २३३०)

उहाँ ﷺ को पसीना पुछेर बोतलमा जम्मा गरेर राखिन्थ्यो किनकि त्यो सुगन्धहरूमा सबैभन्दा सुगन्धित हुन्थ्यो ।

अब संक्षिप्त रुपमा नबी ﷺ को दिनचर्याको बारेमा सुरु गर्नुभन्दा पहिले यो स्पष्ट पार्न चाहन्छु कि मैले यस किताबमा बयान गरिएका प्रायजसो कुराहरू हदीसका प्रशिद्ध किताबहरू सियाह सित्तह (सहीह बुखारी, सहीह मुस्लिम, सुनन् अबू दाऊद, सुनन् तिर्मिजी, सुनन् नसाई र सुनन् इब्ने माजा) आदि किताबहरूबाट लिएको छु । त्यसमा पनि सुनन् का किताबहरूबाट लिइएका हदीसहरू प्रशिद्ध मुहद्दीस इमाम नसरुद्दीन अल्बानीको अनुसन्धानबाट सहीह र भरोसा योग्य ठहरिएका मात्र लिएको छु । कतै आवश्यकता परेको खण्डमा उपरोक्त हदीसका किताबहरू बाहेक अन्य केही हदीसका किताबहरूबाट पनि लिएको छु, तर ती अत्यन्तै कम छन् ।

# उहाँ ﷺ को निद्राबाट जागेपछि वजू गर्ने र तहज्जुद पढ्ने तरिका

अल्लाहको रसूल ﷺ जब निद्राबाट जाग्नु हुन्थ्यो तब यो दुआ पढ्नु हुन्थ्योः

«الْحَمْدُ لِلَّهِ الَّذِي أَحْيَانَا بَعْدَ مَا أَمَاتَنَا وَإِلَيْهِ النُّشُورُ». [صحيح مسلم]

उच्चारणः ‘अल्हम्दु लिल्लाहि-ल्लजी अह्-याना बअद मा अमातना व इलैहिन्-नुशूर’

अर्थः सबै किसिमका प्रशंसाहरू त्यस अल्लाहका लागि छन्, जसले हामीलाई मरेपछि (निद्रापछि) जिउँदो गर्नुभयो अनि हामी मृत्युपछि कयामतको दिनमा पुनः जीवित भएर उहाँतिर नै फर्किनेछौं। (मुस्लिमः २७११)

- त्यसपछि उहाँ ﷺ मिस्वाक (दतिवन) गर्नु हुन्थ्यो। (बुखारीः २४५)
- अनि कहिलेकाहीं सूरह आले इम्रानको आयत नम्बर १९० देखि अन्तिमसम्म पढ्नु हुन्थ्यो। (बुखारीः ११९८)

जो यस प्रकार छः

﴿إِنَّ فِي خَلۡقِ ٱلسَّمَٰوَٰتِ وَٱلۡأَرۡضِ وَٱخۡتِلَٰفِ ٱلَّيۡلِ وَٱلنَّهَارِ لَأٓيَٰتٖ لِّأُوْلِي

ٱلْأَلْبَٰبِ ﴿١٩٠﴾ ٱلَّذِينَ يَذْكُرُونَ ٱللَّهَ قِيَٰمًا وَقُعُودًا وَعَلَىٰ جُنُوبِهِمْ وَيَتَفَكَّرُونَ
فِى خَلْقِ ٱلسَّمَٰوَٰتِ وَٱلْأَرْضِ رَبَّنَا مَا خَلَقْتَ هَٰذَا بَٰطِلًا سُبْحَٰنَكَ فَقِنَا عَذَابَ
ٱلنَّارِ ﴿١٩١﴾ رَبَّنَآ إِنَّكَ مَن تُدْخِلِ ٱلنَّارَ فَقَدْ أَخْزَيْتَهُۥ ۖ وَمَا لِلظَّٰلِمِينَ مِنْ أَنصَارٍ ﴿١٩٢﴾
رَّبَّنَآ إِنَّنَا سَمِعْنَا مُنَادِيًا يُنَادِى لِلْإِيمَٰنِ أَنْ ءَامِنُوا۟ بِرَبِّكُمْ فَـَٔامَنَّا ۚ رَبَّنَا فَٱغْفِرْ
لَنَا ذُنُوبَنَا وَكَفِّرْ عَنَّا سَيِّـَٔاتِنَا وَتَوَفَّنَا مَعَ ٱلْأَبْرَارِ ﴿١٩٣﴾ رَبَّنَا وَءَاتِنَا مَا
وَعَدتَّنَا عَلَىٰ رُسُلِكَ وَلَا تُخْزِنَا يَوْمَ ٱلْقِيَٰمَةِ ۗ إِنَّكَ لَا تُخْلِفُ ٱلْمِيعَادَ ﴿١٩٤﴾ فَٱسْتَجَابَ
لَهُمْ رَبُّهُمْ أَنِّى لَآ أُضِيعُ عَمَلَ عَٰمِلٍ مِّنكُم مِّن ذَكَرٍ أَوْ أُنثَىٰ ۖ بَعْضُكُم مِّنۢ بَعْضٍ ۖ
فَٱلَّذِينَ هَاجَرُوا۟ وَأُخْرِجُوا۟ مِن دِيَٰرِهِمْ وَأُوذُوا۟ فِى سَبِيلِى وَقَٰتَلُوا۟ وَقُتِلُوا۟
لَأُكَفِّرَنَّ عَنْهُمْ سَيِّـَٔاتِهِمْ وَلَأُدْخِلَنَّهُمْ جَنَّٰتٍ تَجْرِى مِن تَحْتِهَا ٱلْأَنْهَٰرُ
ثَوَابًا مِّنْ عِندِ ٱللَّهِ ۗ وَٱللَّهُ عِندَهُۥ حُسْنُ ٱلثَّوَابِ ﴿١٩٥﴾ لَا يَغُرَّنَّكَ تَقَلُّبُ ٱلَّذِينَ كَفَرُوا۟
فِى ٱلْبِلَٰدِ ﴿١٩٦﴾ مَتَٰعٌ قَلِيلٌ ثُمَّ مَأْوَىٰهُمْ جَهَنَّمُ ۚ وَبِئْسَ ٱلْمِهَادُ ﴿١٩٧﴾ لَٰكِنِ ٱلَّذِينَ
ٱتَّقَوْا۟ رَبَّهُمْ لَهُمْ جَنَّٰتٌ تَجْرِى مِن تَحْتِهَا ٱلْأَنْهَٰرُ خَٰلِدِينَ فِيهَا نُزُلًا مِّنْ
عِندِ ٱللَّهِ ۗ وَمَا عِندَ ٱللَّهِ خَيْرٌ لِّلْأَبْرَارِ ﴿١٩٨﴾ وَإِنَّ مِنْ أَهْلِ ٱلْكِتَٰبِ لَمَن يُؤْمِنُ
بِٱللَّهِ وَمَآ أُنزِلَ إِلَيْكُمْ وَمَآ أُنزِلَ إِلَيْهِمْ خَٰشِعِينَ لِلَّهِ لَا يَشْتَرُونَ بِـَٔايَٰتِ
ٱللَّهِ ثَمَنًا قَلِيلًا ۗ أُو۟لَٰٓئِكَ لَهُمْ أَجْرُهُمْ عِندَ رَبِّهِمْ ۗ إِنَّ ٱللَّهَ سَرِيعُ
ٱلْحِسَابِ ﴿١٩٩﴾ يَٰٓأَيُّهَا ٱلَّذِينَ ءَامَنُوا۟ ٱصْبِرُوا۟ وَصَابِرُوا۟ وَرَابِطُوا۟ وَٱتَّقُوا۟
ٱللَّهَ لَعَلَّكُمْ تُفْلِحُونَ ﴾ [سورة آل عمران: ١٩٠-٢٠٠].

अर्थः १९०) निःसन्देह आकाशमण्डल र पृथ्वीको सृष्टि अनि रात र दिनको चक्रमा बुद्धिमान मानिसहरूका लागि निशानीहरू छन् । १९१) जुन मानिसहरूले उठ्दा, बस्दा र पल्टिरहँदा अल्लाहको स्मरण गर्दछन् र आकाशमण्डल एवं

पृथ्वीको सृष्टिमाथि चिन्तन गर्दछन् अनि भन्दछन्- हे हाम्रो पालनकर्ता ! तिमीले यी सबै बिना उद्देश्य सृष्टि गरेको होइनौं । तिमी पवित्र छौ, हामीलाई नर्कको आगोबाट बचाऊ । १९२) हे हाम्रो पालनकर्ता ! जसलाई तिमीले नर्कमा हाल्यौ, त्यसलाई तिरस्कृत गर्यौ र यस्ता अत्याचारीहरूको सहायता गर्ने कोही हुँदैन । १९३) हे हाम्रो पालनकर्ता ! हामीले एउटा आह्वान गर्नेको आवाज सुन्यौं, जसले ईमानतिर आमन्त्रित गरिराखेका छन्, कि मानिसहरू हो ! आफ्नो पालनकर्तामाथि ईमान ल्याऊ (आस्था राख) अनि हामीले ईमान ल्यायौं । हे पालनकर्ता ! अब त हाम्रा सम्पूर्ण पापहरू क्षमा गर र हाम्रा अवगुणहरू हामीबाट टाढा गरिदेऊ अनि हाम्रो मृत्यु असल मानिसहरूको साथ गर । १९४) हे हाम्रो पालनकर्ता ! तिमीले हामीलाई आफ्ना रसूलहरू मार्फत जुन वचन दिएका छौ, ती कुरा प्रदान गर र कयामतको दिन हामीलाई तिरस्कृत नगर्नु । निःसन्देह तिमीले वचन विपरीत गर्दैनौ । १९५) अतः तिनका रबले तिनको प्रार्थना स्वीकार गरिहाले । तिमीमध्ये कर्तव्य गर्नेहरूको कर्महरूलाई चाहे त्यो नर होस् वा नारी खेर फालिंदैन । धर्म र पुण्य कार्यमा तिमीहरू आपसमा एक अर्का जस्तै हौ । अतः जुन मानिसहरू मेरो निम्ति आफ्ना घरहरू परित्याग गरी बसाई सरे वा आफ्ना घरहरूबाट निष्कासँग भए र उत्पीडित गरिए अनि जसले मेरो लागि धर्मयुद्ध गरे र शहीद भए, निश्चय नै म उनका पापहरू निर्मूल गर्ने छु र तिनलाई त्यस्तो स्वर्गमा प्रवेश गराउने छु, जसका मुनिबाट नहरहरू बगिराखेका छन् । (यो) अल्लाहको तर्फबाट पुरस्कार हो र अल्लाहकहाँ नै राम्रो पुरस्कार छ । १९६) गाउँघरमा अनास्थावानहरूको भाग दौडले तिमिहरूलाई धोकामा नपारोस् । १९७) यो त अत्यन्त थोरै सुख सामग्री हो, यसपछि उनीहरूको ठेगाना नर्कमा छ, जो अति नराम्रो बासस्थान हो । १९८) तर जुन मानिसहरू आफ्नो पालनहारसँग डर मान्दछन्, तिनका निम्ति जन्नतहरू (स्वर्गहरू) छन्,

जसको मुनिबाट नदीहरू बगिरहेका छन्, त्यसमा तिनीहरू सधैं रहनेछन् । यो अल्लाहको तर्फबाट असल कर्म गर्नेहरूलाई पुरस्कार हो र जे जति अल्लाहकहाँ छ, त्यो धेरै राम्रो छ। १९९) निःसंदेह अहले किताब (पूर्वग्रन्थवाहक) मध्ये केही यस्ता पनि छन्, जो अल्लाहमाथि, तिमीलाई प्रदान गरिएको (किताब) माथि र उनीहरूलाई प्रदान गरिएको (किताब) माथि आस्था राख्दछन् र अल्लाह समक्ष नतमस्तक हुन्छन् अनि अल्लाहको आयतलाई सस्तो मूल्यमा बेच्दैनन् । यस्ता मानिसहरूको प्रतिफल अल्लाहकहाँ तयार छ र अल्लाहले छिट्टै हिसाब लिने छन् । २००) हे आस्थावानहरू ! धैर्य धारण गर र कठिनाईमा दृढ रहने गर, अनि धर्मयुद्धको लागि तयार होऊ, एवं अल्लाहसँग डर ताकि तिमीहरू सफल हुनसक । (सूरह आले इमरानः ३/ १९०-२००)

- त्यसपछि उहाँ ﷺ ले राम्रोसँग वजू गर्नु हुन्थ्यो । (बुखारीः १८३)
- अनि जब शौचालय जानु हुन्थ्यो त प्रवेश गर्नुभन्दा पहिले यो दुआ पढ्नु हुन्थ्यो ।

«اَللَّهُمَّ إِنِّيْ أَعُوذُ بِكَ مِنَ الْخُبُثِ وَالْخَبَائِثِ».

उच्चारणः ‘अल्लाहुम्म इन्नी अऊजु बि-क मिनल्- खुबुसी वल्-खबाइस’

अर्थः हे अल्लाह ! दुष्ट पुरुष जिन्न र स्त्री जिन्नहरूबाट म तपाईंको शरणमा पर्छु । (बुखारीः ६३२२, मुस्लिमः ३७५)

- जब शौचालयबाट बाहिर निस्कनु हुन्थ्यो तब यो दुआ पढ्नु हुन्थ्यो ।

‘गुफ्-रानक’ «غُفْرَانَكَ»

हे अल्लाह म तपाईंसँग क्षमा चाहन्छु । (तिर्मिजीः ७, अबू दाऊदः ३०)

- पिसाब गरिसके पछि कहिले पानीले, कहिले ढुंगाले त कहिले ढुंगा र पानी दुबैले पवित्रता (सफा) गर्नु हुन्थ्यो । (बुखारीः पानीले-१५०, २१७, रोडा अथवा माटोको डल्लाले- १५५, १६१ )

- अनि उहाँ ﷺ जब शौचको लागि निस्कनु हुन्थ्यो तब मानिसहरूको नजरबाट ओझेल हुनुहुन्थ्यो । (अबू दाऊदः १-२, सहीह अल्बानी)

- उहाँ ﷺ ले कहिल्यै पनि उभिएर पिशाब गर्नु हुँदैनथ्यो, तर बस्न नसकिने वा नमिल्ने अवस्था आइपरेमा उभिएर गर्नु हुन्थ्यो । (मुस्लिम)

- उहाँ ﷺ ले वजू गर्दा कम पानी खर्चनु हुन्थ्यो । पहिले दुबै हातहरू तीन पटक (नारीसम्म) धुनु हुन्थ्यो । (बुखारीः १५९, १९९)

- त्यसपछि तीन चुल्लु पानी लिएर तीन पटक मुख कुल्ला गर्नु हुन्थ्यो र नाकमा पानी हाल्नु हुन्थ्यो । यसरी पानी लिंदा आधा पानी कुल्ला गर्नको लागि मुखमा र बचेको आधा पानी नाकभित्र हाल्नु हुन्थ्यो । दायाँ हातले नाकमा पानी हाल्नु हुन्थ्यो र बायाँ हातले झार्नु (सफा) गर्नु हुन्थ्यो । ब्रत (रोजा) को हालतमा नभएको बेला खिचेर नाकभित्र पानी चढाउने आदेश दिनु हुन्थ्यो । (बुखारीः १९१, १९९)

- त्यसपछि आफ्नो अनुहारलाई टाउकाको कपालहरू भएको ठाउँदेखि दारीसम्म तीन पटक धुनु हुन्थ्यो र दारीलाई भित्रसम्म पानीले भिज्ने गरी खिलाल गर्नु (मल्नु) हुन्थ्यो । (बुखारीः १५९, १९१, १९९)

- त्यसपछि औंलाहरूको किनारादेखि कुहिनासम्म दुबै हातहरूलाई तीन-तीन पटक धुनु हुन्थ्यो । (बुखारीः १५९)

- औंलाहरूको बीचमा (कापमा) पनि भिज्नेगरी औंलाले मलेर धुनु हुन्थ्यो । (तिर्मिजीः ३१, हसन सहीह)

- अनि आफ्ना दुबै हातले टाउको मसह यसरी गर्नु हुन्थ्यो कि टाउकोको अगिल्लो भागदेखि सुरु गरेर दुबै हातलाई पछाडी गुद्दी (गर्धनसम्म) लैजानु हुन्थ्यो अनि पुनः सुरु गरेको स्थानमा वापस ल्याउनु हुन्थ्यो । (बुखारीः १९९)

- अनि दुबै कानको भित्री र बाहिरी भागलाई मसह गर्नु हुन्थ्यो । (तिर्मिजीः ३६, सहीह)

- त्यसपछि दुबै खुट्टालाई गोलीगाँठोसम्म तीन-तीन पटक धुनु हुन्थ्यो । (बुखारीः १५९)

- उहाँ ﷺ ले कहिलेकाहीं वजू गर्दा वजूका अंगहरूलाई एक-एक पटक मात्रै र कहिलेकाहीं दुई-दुई पटक मात्रै पनि धुनुहुन्थ्यो । (बुखारीः १५७, १५८)

- वजू गरेपछि पढिने दुआको बारेमा उहाँ ﷺ ले भन्नु भएको छः

«مَا مِنْكُمْ مِنْ أَحدٍ يَتَوَضَّأُ فَيُسْبِغُ الوُضُوءَ ثُمَّ يَقُولُ: أَشْهَدُ أَنْ لاَ إِلَهَ إِلاَّ اللهُ وَحْدَهُ لاَ شَرِيكَ لَهُ، وَأَشْهَدُ أَنَّ مُحَمَّدًا عَبْدُهُ وَرَسُولُهُ، إِلاَّ فُتِحَتْ لَهُ أَبْوَابُ الجَنَّةِ الثَّمَانِيَةُ يَدْخُلُ مِنْ أَيِّهَا شَاءَ». [صحيح مسلم].

तिमीहरूमध्ये जसले राम्रोसँग वजू गर्छ अनि यो भन्छः "अश्हदु अल्ला इलाह इल्लल्लाहु वह्दहु ला शरीक-लहु, व अश्हदु अन्न मुहम्मदन् अब्दुहु व रसूलुहु"

अर्थः (म गवाही दिन्छु, अल्लाह बाहेक कोही सत्य पूजनीय छैन, उहाँ एक्लो हुनुहुन्छ, उहाँको कोही साझेदार छैन र म गवाही दिन्छु, मुहम्मद ﷺ उहाँको

भक्त र सन्देश वाहक हुनुहुन्छ ।) त उसको लागि स्वर्गका आठवटै ढोकाहरू खोलि दिइनेछन् । ऊ जुन ढोकाबाट चाहन्छ प्रवेश गरोस् । (मुस्लिमः २३४)

- उपरोक्त दुआको साथमा यो पनि पढ्नु हुन्थ्योः

«اَللَّهُمَّ اجْعَلْنِي مِنَ التَّوَّابِينَ وَاجْعَلْنِي مِنَ الْمُتَطَهِّرِينَ».

'अल्लाहुम्मज्-अल्नी मिनत्तौवाबीन वज्-अल्नी मिनल् मुततह्-हिरीन'

अर्थः हे अल्लाह ! मलाई अत्याधिक क्षमायाचना गर्नेहरू र अत्याधिक पवित्र रहनेहरूमध्ये गरि दिनुहोस् । (तिर्मीजी सहीह अल्बानीः १/ १८)

- वजूले पापहरूलाई कसरी पखाल्छ भन्ने सम्बन्धमा अल्लाहको रसूल ﷺ ले भन्नु भएको छः

«إِذَا تَوَضَّأَ الْعَبْدُ الْـمُسْلِمُ - أَوِ الْـمُؤْمِنُ - فَغَسَلَ وَجْهَهُ، خَرَجَ مِنْ وَجْهِهِ كُلُّ خَطِيئَةٍ نَظَرَ إِلَيْهَا بِعَيْنَيْهِ مَعَ الْـمَاءِ، أَوْ مَعَ آخِرِ قَطْرِ الْـمَاءِ، فَإِذَا غَسَلَ يَدَيْهِ، خَرَجَ مِنْ يَدَيْهِ كُلُّ خَطِيئَةٍ كَانَ بَطَشَتْهَا يَدَاهُ مَعَ الْـمَاءِ، أَوْ مَعَ آخِرِ قَطْرِ الْـمَاءِ، فَإِذَا غَسَلَ رِجْلَيْهِ، خَرَجَتْ كُلُّ خَطِيئَةٍ مَشَتْهَا رِجْلَاهُ مَعَ الْـمَاءِ، أَوْ مَعَ آخِرِ قَطْرِ الْـمَاءِ، حَتَّى يَخْرُجَ نَقِيًّا مِنَ الذُّنُوبِ». [صحيح مسلم].

अर्थः "जब मुस्लिम वा मोमिन भक्तले वजू गर्छ, तब उसले आफ्नो अनुहार धुन्छ, त पानीको साथमा या पानीको अन्तिम थोपाको साथ उसको अनुहारबाट ती सबै पापहरू निस्केर जान्छन्, जो उसको आँखाले देखेको थियो (आँखाबाट हुने पापहरू क्षमा गरिन्छन्) । त्यसपछि जब उसले आफ्ना हातहरू धुन्छ त पानीको साथमा वा पानीको अन्तिम थोपाको साथमा उसका हातहरूले गरेका सबै पापहरू निस्केर जान्छन्, जो उसका हातले समातेको

थियो (हातहरूबाट भएका सबै पापहरू माफ गरिन्छन्) । अनि जब आफ्ना खुट्टाहरू धुन्छ त पानीको साथमा वा पानीको अन्तिम थोपाको साथमा ती सबै पापहरू निस्केर जान्छन्, जुन कामको लागि ऊ हिंडेर गएको थियो । यहाँसम्म कि ऊ पापहरूबाट पवित्र भएर आउँछ ।" (मुस्लिमः २४४)

- उहाँ ﷺ ले ११ रकअत तहज्जुदको नमाज पढ्नु हुन्थ्यो। उहाँ ﷺ ले पहिले चार रकअत पढ्नु हुन्थ्यो, ती चार रकअतको बारेमा के कुरा गर्नु अति राम्रा र लामा हुन्थे । त्यसपछि फेरी चार रकअत पढ्नु हुन्थ्यो ती चार रकअतको बारेमा पनि के कुरा गर्नु धेरै राम्रा र लामा रकअत हुन्थे । अनि त्यसपछि तीन रकअत वित्र पढ्नु हुन्थ्यो । (यसरी जम्मा एघार रकअत पढ्नु हुन्थ्यो) अनि कहिलेकाहीं तेह्र रकअत पढ्नु हुन्थ्यो । (बुखारीः ११३८, ११३९, ११४०, मुस्लिमः ७६५)

- त्यसपछि मुअज्जिन (आजान दिने व्यक्ति) मस्जिदमा आउने बेलासम्म पल्टनु हुन्थ्यो (आराम गर्नु हुन्थ्यो) । अनि (आजान पछि) उठेर दुई रकअत सुन्नत पढ्नु हुन्थ्यो, पहिलो रकअतमा (सूरतुल् फातिहा पश्चात) सूरह काफिरून र दोस्रो रकअतमा सूरह इख्लास पढ्नु हुन्थ्यो । अनि कहिलेकाहीं उपरोक्त दुई रकअत सुन्नत पढेपछि आफ्नो दायाँतिर कोल्टे परेर पल्टनु (आराम गर्नु) हुन्थ्यो । (बुखारीः ६२६ मुस्लिमः ७३६)

- जब मुअज्जिनले आजान दिएको सुन्नु हुन्थ्यो तब मुअज्जिनले भनेका शब्दहरू नै दोहोराएर आजानको जवाफ दिनु हुन्थ्यो । तर (حَيَّ عَلَى الصَّلاَةِ) 'हैय्य अलस्-सलाह' र (حَيَّ عَلَى الْفَلاَحِ) 'हैय्य अलल्-फलाह' को जवाफमा (لاَ حَوْلَ وَلاَ قُوَّةَ إِلاَّ بِاللهِ) 'ला हौल वला कुव्वत इल्ला बिल्लाह' भन्नु हुन्थ्यो । (मुस्लिमः ३८५)

- अनि उहाँ ﷺ ले आजान पछि आफूमाथि दरूद पढ्ने आदेश दिनु भएको छः

«مَنْ قَالَ حِينَ يَسْمَعُ النِّدَاءَ: اللَّهُمَّ رَبَّ هَذِهِ الدَّعْوَةِ التَّامَّةِ، وَالصَّلاَةِ الْقَائِمَةِ، آتِ مُحَمَّدًا الْوَسِيلَةَ، وَالْفَضِيلَةَ، وَابْعَثْهُ مَقَامًا مَحْمُودًا الَّذِي وَعَدْتَهُ، حَلَّتْ لَهُ شَفَاعَتِي يَوْمَ الْقِيَامَةِ». [متفق عليه].

जुन व्यक्तिले आजान सुनेर यो भन्छः "अल्लाहुम्म रब्ब हाजिहिद् दअवतित् ताम्मति, वस्सलातिल् काइमति, आति मुहम्मदनिल् वसीलत, वल्-फजीलत, वबअस्हु मकामम् महमूदनिल्लजी वअत्तहु"

(अर्थः हे अल्लाह ! यस उत्तम तथा महत्वपूर्ण निमन्त्रण र अहिले पढिने नमाजको प्रभु ! मुहम्मद ﷺ लाई वसीला (स्वर्गमा उच्च स्थान) र श्रेष्ठता प्रदान गर्नुहोस्, अनि उहाँलाई महमूद नामको स्थानमा पुर्याउनुहोस्, जसको वाचा तपाईंले गर्नु भएको छ ।) त कयामतको दिन मेरो सिफारिश उसको लागि मिल्नेछ । (बुखारीः ३३७०, मुस्लिमः ३८४)

अनि आजानकै सम्बन्धमा उहाँ सल्लल्लाहु अलैहि वसल्लमले यो पनि भन्नु भएको छः

«مَنْ قَالَ حِينَ يَسْمَعُ الْـمُؤَذِّنَ: أَشْهَدُ أَنْ لاَ إِلَهَ إِلاَّ اللهُ وَحْدَهُ لاَ شَرِيكَ لَهُ، وَأَنَّ مُحَمَّدًا عَبْدُهُ وَرَسُولُهُ، رَضِيتُ بِاللهِ رَبًّا، وَبِمُحَمَّدٍ رَسُولاً، وَبِالإِسْلاَمِ دِينًا، غُفِرَ لَهُ ذَنْبُهُ». [صحيح مسلم].

जुन व्यक्तिले आजान सुनेर यो भन्छः "अश्हदु अल्ला इलाह इल्लल्लाहु वह्दहु ला शरीक-लहु, व अश्हदु अन्न मुहम्मदन् अब्दुहु व रसूलुहु, रजीतु बिल्लाहि रब्बा व बिमुहम्मदिन रसूला, व बिल्-इस्लामि दीना"

(अर्थः म गवाही दिन्छु, अल्लाह बाहेक कोही सत्य पूजनीय छैन, उहाँ एक्लो हुनुहुन्छ, उहाँको कोही साझेदार छैन र म गवाही दिन्छु, मुहम्मद ﷺ उहाँको भक्त र सन्देशवाहक हुनुहुन्छ । म अल्लाहलाई आफ्नो प्रभु (पालनकर्ता) मानेर, मुहम्मद ﷺ लाई सन्देशवाहक मानेर र इस्लामलाई आफ्नो धर्म मानेर खुशी छु ।) त उसका पापहरू क्षमा गरिनेछन् । (मुस्लिमः ३८६)

- अनि जब उहाँ ﷺ नमाजको लागि मस्जिदतिर प्रस्थान गर्नु हुन्थ्यो तब यो दुआ पढ्नु हुन्थ्योः

«اللَّهُمَّ اجْعَلْ فِي قَلْبِي نُورًا، وَفِي لِسَانِي نُورًا، وَفِي سَمْعِي نُورًا، وَفِي بَصَرِي نُورًا، وَمِنْ فَوْقِي نُورًا، وَمِنْ تَحْتِي نُورًا، وَعَنْ يَمِينِي نُورًا، وَعَنْ شِمَالِي نُورًا، وَمِنْ أَمَامِي نُورًا، وَمِنْ خَلْفِي نُورًا، وَاجْعَلْ فِي نَفْسِي نُورًا، وَعَظِّمْ لِي نُورًا». [صحيح مسلم].

उच्चारणः "अल्लाहुम्मज्-अल् फी कल्बी नूरा, व फी लिसानी नूरा, व फी सम्ई नूरा, व फी बसरी नूरा, व मिन् फौकी नूरा, व मिन् तह्ती नूरा, व अन्-यमीनी नूरा, व अन्-शिमाली नूरा, व मिन् अमामी नूरा, व मिन् खल्फी नूरा, वज्अल फी नफ्सी नूरा, व अज्जीम ली नूरा"

(अर्थः हे अल्लाह ! मेरो हृदयलाई उज्यालो गरिदिनुहोस्, मेरो जिब्रोलाई उज्यालो (राम्रो) गरिदिनुहोस्, मेरा कानहरूलाई उज्यालो गरिदिनुहोस्, मेरा आँखाहरूलाई उज्यालो गरिदिनुहोस्, ममाथि उज्यालो गरिदिनुहोस्, ममुनी उज्यालो गरिदिनुहोस्, मेरो दायाँतिर पनि उज्यालो गरिदिनुहोस्, मेरो बायाँतिर पनि उज्यालो गरिदिनुहोस्, मेरो अगाडी उज्यालो गरिदिनुहोस्, मेरो पछाडी पनि उज्यालो गरिदिनुहोस्, अनि मेरो निम्ति उज्यालोलाई महान तथा विस्तृत गरिदिनुहोस् । (मुस्लिमः ७६३ )

अनि उहाँ ﷺ ले भन्नु भएको छः

«بَشِّرِ الْمَشَّائِينَ فِي الظُّلَمِ إِلَى الْمَسَاجِدِ بِالنُّورِ التَّامِّ يَوْمَ الْقِيَامَةِ». [صحيح أبي داود للألباني].

अँध्यारोमा मस्जिदतिर हिंडेर जाने व्यक्तिलाई कयामतको दिन पूर्ण नूर (उज्यालो) को शुभ-सूचना सुनाइ देऊ। (अबू दाऊदः सहीह अल्बानी, इब्ने माजाः ७८० हसन)

- अनि उहाँ ﷺ जब मस्जिदमा प्रवेश गर्नु हुन्थ्यो, तब दायाँ खुट्टा पहिले भित्र गर्नु हुन्थ्यो, अनि भन्नु हुन्थ्योः

«أَعُوذُ بِاللهِ الْعَظِيمِ وَبِوَجْهِهِ الْكَرِيمِ وَسُلْطَانِهِ الْقَدِيمِ مِنَ الشَّيْطَانِ الرَّجِيمِ». [صحيح أبي داود للألباني]

उच्चारणः "अऊजु बिल्लाहिल् अजीम व बिवज्हिहिल् करीम व सुल्तानिहिल् कदीम मिनश्शैतानिर्-रजीम"

अर्थः म सर्वश्रेष्ठ अल्लाहको अनि उहाँको प्रकाशमय अनुहारको र सधैं रहिरहने उहाँको सत्ता (राज्य) को माध्यमले धिक्कारिएको शैतानबाट अल्लाहको शरणमा पर्दछु। (अबू दाऊदः ४६६, सहीह अल्बानी)

- अनि मस्जिदभित्र प्रवेश गर्नु हुन्थ्यो त यो दुआ पढ्नु हुन्थ्यो-

«بِسْمِ اللهِ، وَالسَّلاَمُ عَلَى رَسُولِ اللهِ، اللَّهُمَّ اغْفِرْ لِي ذُنُوبِي، وَافْتَحْ لِي أَبْوَابَ رَحْمَتِكَ».

उच्चारणः "बिस्मिल्लाह, वस्सलामु अला रसूलिल्लाह, अल्लाहुम्-मग्फिर ली जुनूबी, वफ्तह् ली अब्वाब रह्-मतिक"

अर्थः अल्लाहको नाम लिएर (प्रवेश गर्दछु) र अल्लाहको रसूल ﷺ माथि सलामती (शान्ति) होस् । हे अल्लाह ! मेरो लागि आफ्नो दया र कृपाको ढोका खोलिदिनुहोस् । (सहीह इब्ने माजाहः ६२५ अल्बानी, सहीह नसाई)

अनि जब मस्जिदबाट बाहिर निस्कनु हुन्थ्यो त यो दुआ पढ्नु  हुन्थ्योः

«بِسْمِ اللهِ، وَالسَّلاَمُ عَلَى رَسُولِ اللهِ، اللَّهُمَّ اغْفِرْ لِي ذُنُوبِي، وَافْتَحْ لِي أَبْوَابَ فَضْلِكَ». [صحيح النسائي وصحيح ابن ماجه للألباني]

उच्चारणः "बिस्मिल्लाह, वस्सलामु अला रसूलिल्लाह, अल्लाहुम्-मग्फिर् ली जुनूबी, वफ्तह् ली अब्वाब फज्लिक"

अर्थः अल्लाहको नाम लिएर निस्कन्छु, अनि रसूल ﷺ माथि सलामती होस्, हे अल्लाह ! मेरा पापहरूलाई क्षमा गरिदिनुहोस्, अनि मेरो निम्ति आफ्नो दया र कृपाको ढोका खोलिदिनु होस् ।" (सहीह नसाई र सहीह इब्ने माजाः ६२५ अल्बानी)

त्यसैगरी मस्जिदबाट निस्कँदा यो दुआ पनि पढ्ने उपदेश दिनु भएको छः

«اللّهُمَّ اعْصِمْنِي مِنَ الشَّيْطَانِ الرَّجِيمِ». [صحيح ابن ماجه للألباني]

उच्चारणः "अल्लाहुम्म-असिम्नी मिनश्शैतानिर्-रजीम"

अर्थः हे अल्लाह मलाई धिक्कारिएको शैतानबाट बचाउनु होस् । (इब्ने माजाः ७७३ सहीह अल्बानी)

## उहाँ ﷺ को नमाज पढ्ने तरिका

- नमाज रसूल ﷺ को आँखाको शितालता, आत्मिक सन्तुष्टिको माध्यम र कठिनाइको समयमा शरण लिने ठाउँ थियो। (अबू दाऊदः ४९८५ )
- रसूल ﷺ जब नमाजको लागि उभिनु हुन्थ्यो त मिस्वाक (दतिवन) गर्नु हुन्थ्यो। (बुखारी)
- उहाँ ﷺ ले नमाज पढ्ने ठाउँमा आफ्नो अगाडीतिर सुतराको लागि कुनै डन्डी गाडनु हुन्थ्यो र त्यसको नजिकैमा उभिएर नमाज पढ्नु हुन्थ्यो। अनि नमाज पढ्नेहरूलाई नमाजीको अगाडीबाट हिंडनेलाई रोक्न र त्यहाँबाट हिंडन मनाही गर्न आदेश दिनु हुन्थ्यो। (मुस्लिमः ४९९)
- उहाँ ﷺ नमाज सुरु गर्दा किब्लातिर फर्कनु हुन्थ्यो। (बुखारीः ७२५२)
- अनि दुबै हातहरू दुबै काँधको बराबर उठाउनु हुन्थ्यो र औंलाहरूलाई कानको लोती बराबर उठाउनु हुन्थ्यो अनि हातलाई किब्लातिर फर्काएर ‘अल्लाहु अक्बर’ भन्नु हुन्थ्यो। (बुखारीः ७३५, ७३८, मुस्लिमः ३९०, ३९१)
- त्यसपछि आफ्नो बायाँ हातलाई छातिमा राखेर त्यसमाथि दायाँ हात राखेर समाउनु हुन्थ्यो। (बुखारीः ७४०)

- आफ्नो नजरलाई सज्दा गर्ने ठाउँमा केन्द्रित गर्नु हुन्थ्यो र नमाज नसकिंदासम्म नजरलाई त्यहाँबाट हटाउनु हुँदैनथ्यो। (बैहकी र हाकीम सहीह अल्बानी)

- पहिलो तक्बीर पश्चात छातीमा हात बाँधेपछि दुआ सना पढ्नु हुन्थ्यो। जो यसप्रकार छः

«اللَّهُمَّ بَاعِدْ بَيْنِي وَبَيْنَ خَطَايَايَ كَمَا بَاعَدْتَ بَيْنَ الْمَشْرِقِ وَالْمَغْرِبِ، اللَّهُمَّ نَقِّنِي مِنْ خَطَايَايَ كَمَا يُنَقَّى الثَّوْبُ الأَبْيَضُ مِنَ الدَّنَسِ، اللَّهُمَّ اغْسِلْنِي مِنْ خَطَايَايَ بِالْمَاءِ وَالثَّلْجِ وَالْبَرَدِ». [صحيح البخاري]

उच्चारणः "अल्लाहुम्म बाइद बैनी व बैन खतायाय कमा बाअद्त बैनल मश्रिकि वल्-मग्रिबि, अल्लाहुम्म नक्किनी मिन् खतायाय कमा युनक्कस सौबुल अब्यजु मिनद्दनसि, अल्लाहुम्-मग्सिल्नी मिन् खतायाय बिल्-माइ वस्सलजि वल्-बरद"

अर्थः हे अल्लाह ! म र मेरा पापहरूको बीच पूर्व र पश्चिमको दुरी झैं दुरी गरिदिनुहोस्, हे अल्लाह ! मलाई मेरा पापहरूबाट त्यसरी पवित्र र सफा गरिदिनुहोस्, जसरी सेतो कपडाको फोहोर मैलालाई धोएर सफा गरिन्छ, हे अल्लाह ! मलाई मेरा पापहरूबाट असीना, पानी र बरफले सफा धोएर गरिदिनुहोस्। (बुखारीः ७४४)

- अनि धुत्कारिएको शैतानबाट अल्लाहको शरण माग्दै भन्नु हुन्थ्योः

«أَعُوذُ بِاللهِ السَّمِيعِ الْعَلِيمِ مِنَ الشَّيْطَانِ الرَّجِيمِ، مِنْ هَمْزِهِ وَنَفْخِهِ وَنَفْثِهِ». [صحيح أبي داود للألباني].

उच्चारणः "अऊजु बिल्लाहिस्-समीइल् अलीमि मिनश्शैतानिर्-रजीम, मिन् हम्जिहि व नफ्खिहि व नफ्सिहि"

अर्थः म सबै कुराहरू सुन्ने र जान्ने अल्लाहको शरण पर्दछु, धुत्कारिएको शैतानको दुष्टता, फूँक, अनि नराम्रो विद्याबाट। (अबू दाऊदः ७७५ सहीह अल्बानी)

- त्यसपछि हल्का आवाजमा ﴿بِسۡمِ ٱللَّهِ ٱلرَّحۡمَٰنِ ٱلرَّحِيمِ﴾ "बिस्मिल्ला-हिर्रहमानिर्-रहीम" पढ्नु हुन्थ्यो, तर यसलाई जाहिरी आवाजमा पढ्नु हुँदैनथ्यो। (मुस्लिमः ३९९)
- अनि सुरतुल् फातिहा पढ्नु हुन्थ्यो। (बुखारीः ७५६, मुस्लिमः ३९४)
- सूरतुल् फातिहा पढ्दा प्रत्येक आयतलाई अलग-अलग गरेर रुकी-रुकी पढ्नु हुन्थ्यो। जस्तैः

﴿ٱلۡحَمۡدُ لِلَّهِ رَبِّ ٱلۡعَٰلَمِينَ﴾.

"अल्हम्दु लिल्लाहि रब्बिल् आलमीन"

पढ्नु हुन्थ्यो अनि एकछिन रुक्नु हुन्थ्यो, त्यसपछि

﴿ٱلرَّحۡمَٰنِ ٱلرَّحِيمِ﴾.

"अर्-रहमानिर्-रहीम"

पढ्नु हुन्थ्यो अनि एकछिन रुक्नु हुन्थ्यो, त्यसपछि

﴿مَٰلِكِ يَوۡمِ ٱلدِّينِ﴾.

"मालिकि यौमिद्दीन"

पढ्नु हुन्थ्यो अनि रुक्नु हुन्थ्यो। यसैगरी पुरै सूरतुल् फातिहाका प्रत्येक आयतलाई स्पष्टरुपमा अलग-अलग गरेर पढ्नु हुन्थ्यो।

- त्यसैगरी (कुर्आनका अन्य सूरहहरू) पढ्दा उहाँ ﷺ को पढ्ने तरिका यस्तै हुन्थ्यो । उहाँ प्रत्येक आयतको अन्त्यमा रुक्नु हुन्थ्यो, त्यसपछि पढिने आयतको साथमा मिलाएर पढ्नु हुँदैनथ्यो। (अबू दाऊदः ४००१ सहीह अल्बानी)
- उहाँ ﷺ ले मद्दको साथ (स्वरलाई लामो गरेर) तेलावत गर्नु हुन्थ्यो। (बुखारी)
- जब सूरतूल फातिहा पढिसक्नु हुन्थ्यो तब आफ्नो आवाजलाई उच्च पार्दै लामो स्वरमा आमीन भन्नु हुन्थ्यो। आमीनको सम्बन्धमा भन्नु भएको छः जसले भनेको आमीन फरिश्ताहरूको आमीनसँग मेल खान्छ उसका बिगतका सबै पापहरू क्षमा गरिनेछन्। (बुखारीः ७८०)
- फज्रको नमाजमा सूरह फातिहापछि "तिवाले मुफस्सल" (सूरह काफ देखि मुर्सलात सम्मका सूराहरू) मध्येबाट साठीदेखि एकसय आयतसम्म पढ्नु हुन्थ्यो। (मुस्लिमः ४५८)
- अनि कहिलेकाहीं तिवाले मुफस्सल बाहेक अन्यबाट पनि पढ्नु हुन्थ्यो । (मुस्लिम)
- जुमाको दिन फज्रको पहिलो रकअतमा सूरह सज्दा र दोस्रो रकअतमा सूरह दहर (इन्सान) पढ्नु हुन्थ्यो। (बुखारीः ८९१, मुस्लिमः ८७९)
- जुहरको नमाजमा पहिला दुई रकअतमा तीस आयतको बराबर र आखिरी दुई आयतमा पन्ध्र आयतको बराबर वा यसको आधाजति पढ्नु हुन्थ्यो । (मुस्लिमः ४५२)
- अनि अस्रको नमाजमा पहिला दुई रकअतमा पन्ध्र आयतको बराबर र आखिरी दुई रकअतमा यसको आधा बराबर पढ्नु हुन्थ्यो। (मुस्लिमः ४५२)

- कहिलेकाहीं जुहर र अस्र नमाजको आखिरी दुई रकअतमा सूरह फातिहा मात्रै पढ्नु हुन्थ्यो । (बुखारी: ७७६, मुस्लिम: ४५१)

- उहाँ ﷺ ले कहिलेकाहीं मुक्तदीहरूलाई आयतहरू सुनाउनु हुन्थ्यो । (बुखारी: ७७६)

- त्यसैगरी मग्रीबको नमाजमा कहिलेकाहीं "किसारे मुफस्सल" (सूरह जुहादेखि सूरह नाससम्म) मध्येबाट र कहिलेकाहीं किसारे मुफस्सल बाहेक अन्य सूरहबाट पनि पढ्नु हुन्थ्यो । जस्तै सूरह तूर, सूरह आराफ आदि । (बुखारी: ७६५, नसाई: २/ १७० हसन इमाम नववी)

- अनि इशाको नमाजमा "अवासिते मुफस्सल" (सूरह नबादेखि सूरह लैलसम्म) मध्येबाट पढ्नु हुन्थ्यो । (नसाई सहीह अल्बानी)

- जब उहाँ ﷺ सूरह फातिहापछि किरअत गरिसक्नु हुन्थ्यो तब आफ्ना दुबै हातहरूलाई काँधसम्म उठाउनु हुन्थ्यो र अल्लाहु अक्बर भन्दै रुकुअमा जानु हुन्थ्यो । अनि आफ्ना दुबै हत्केलालाई घुँडामा यसरी राख्नु हुन्थ्यो कि लाग्थ्यो घुँडालाई समात्नु भएको छ । औंलाहरूलाई एकसाथ नजोडेर अलग-अलग राख्नु हुन्थ्यो र कुहिनालाई आफ्नो पहलु (कोखा) देखि अलग गर्नु हुन्थ्यो । आफ्नो पिठ्युँलाई बिछाएको जस्तो बराबर गर्नु हुन्थ्यो । आफ्नो टाउकोलाई नत पिठ्युँभन्दा तल गर्नु हुन्थ्यो न माथि, बराबर गर्नु हुन्थ्यो । (बुखारी: ७३६, ८२८, मुस्लिम: ४९८, अबू दाऊद: ७३०, तिर्मिजी: २६० सहीह अल्बानी)

- अनि तीन पटक भन्नु हुन्थ्यो:

«سُبْحَانَ رَبِّيَ الْعَظِيمِ».

उच्चारण: 'सुब्हान रब्बियल् अजीम'

अर्थः मेरो महान रब (पालनकर्ता) पवित्र हुनुहुन्छ। (मुस्लिमः ७७२)

कहिलेकाहीं तीनपटक भन्दा धेरै पनि भन्नु हुन्थ्यो। अनि कहिलेकाहीं यसको साथसाथै यो दुआ पनि पढ्नु हुन्थ्योः

«سُبُّوحٌ قُدُّوسٌ رَبُّ الْمَلَائِكَةِ وَالرُّوحِ».

उच्चारणः 'सुब्बूहुन् कुद्दूसुन् रब्बुल् मलाइकति वर्-रूह'

अर्थः फरिश्ताहरू र रूह (जिब्रील) को पालनकर्ता (अल्लाह) अत्यन्तै पवित्र हुनुहुन्छ। (मुस्लिमः ४८७)

अनि यो पनि हुन्थ्योः

«سُبْحَانَكَ اللَّهُمَّ رَبَّنَا وَبِحَمْدِكَ، اللَّهُمَّ اغْفِرْ لِي».

उच्चारणः 'सुब्हानक अल्लाहुम्म रब्बना वबिहम्दिक, अल्लाहुम्मग्-फिर्ली'

अर्थः 'हे मेरो पालनकर्ता अल्लाह ! तपाईं पवित्र हुनुहुन्छ, आफ्नो प्रशंसाको साथ। हे अल्लाह ! मलाई माफ गर्नुहोस्।' (बुखारीः ७९४)

यस दुआलाई रुकुअ र सज्दामा अत्याधिक पढ्ने गर्नु हुन्थ्यो।

- उहाँ ﷺ ले भन्नु भएको छः

«أَلَا وَإِنِّي نُهِيتُ أَنْ أَقْرَأَ الْقُرْآنَ رَاكِعًا أَوْ سَاجِدًا، فَأَمَّا الرُّكُوعُ فَعَظِّمُوا فِيهِ الرَّبَّ، وَأَمَّا السُّجُودُ فَاجْتَهِدُوا فِي الدُّعَاءِ فَقَمِنٌ أَنْ يُسْتَجَابَ لَكُمْ». [صحيح مسلم].

'खबरदार ! मलाई रुकुअ र सज्दामा कुर्आन पढ्न मनाही गरिएको छ। रुकुअमा जति सक्छौ अल्लाहको महानता बयान गर र सज्दामा धेरैभन्दा धेरै दुआ गर। आशा छ तिमीहरूको दुआहरू स्वीकार गरिनेछ।' (मुस्लिमः ४७८)

- अनि यो भन्दै रुकुअबाट उठेर सीधा उभिनु हुन्थ्यो:

«سَمِعَ اللهُ لِمَنْ حَمِدَهُ»

उच्चारण: 'समिअल्लाहु लिमन् हमिदह्'

अर्थ: जसले अल्लाहको प्रशंसा गर्यो, उसको प्रशंसा उहाँले सुन्नुभयो । (बुखारी: ७९६)

रुकुअबाट उभिएर सीधा हुने बेलामा दुबै हातलाई उठाउँदै (रफअ यदैन गर्दै) सीधा उभिनु हुन्थ्यो । (बुखारी: ७३, ७३६)

र भन्नु हुन्थ्यो:

«رَبَّنَا وَلَكَ الْحَمْدُ».

उच्चारण: 'रब्बना व लकल् हम्द'

अर्थ: हे हाम्रो प्रतिपालक ! तपाईंकै लागि प्रशंसाहरू छन् । (बुखारी: ७९९)

कहिलेकाहीं 'वाव' बिना नै भन्नु हुन्थ्यो:

«رَبَّنَا لَكَ الْحَمْدُ».

उच्चारण: 'रब्बना लकल् हम्द'

अर्थ: हे हाम्रो प्रतिपालक ! तपाईंकै लागि प्रशंसाहरू छन् ।

अनि कहिलेकाहीं 'सुरुमा अल्लाहुम्म' बढाएर 'वाव' को साथमा यसरी पढ्नु हुन्थ्यो:

«اللَّهُمَّ رَبَّنَا وَلَكَ الْحَمْدُ».

उच्चारणः 'अल्लाहुम्म रब्बना व लकल् हम्द'

अर्थः हे अल्लाह ! हे हाम्रो प्रतिपालक! तपाईंकै लागि प्रशंसाहरू छन् ।

- उहाँ ﷺ ले भन्नु भएको छः

«إِذَا قَالَ الإِمَامُ سَمِعَ اللهُ لِمَنْ حَمِدَهُ فَقُولُوا: اللَّهُمَّ رَبَّنَا لَكَ الْحَمْدُ فَإِنَّهُ مَنْ وَافَقَ قَوْلُهُ قَوْلَ الْمَلَائِكَةِ غُفِرَ لَهُ مَا تَقَدَّمَ مِنْ ذَنْبِهِ». [صحيح البخاري].

जब इमामले 'समिअल्लाहु लिमन् हमिदह्' भन्छन् त तिमीहरूले भनः 'अल्लाहुम्म रब्बना व लकल् हम्द'। किनकि जसको भनाइ फरिश्ताहरूको भनाइसँग मेल खान्छ, उसको बिगतका सबै पापहरू क्षमा गरिने छन् । (बुखारीः ३२२८)

एकजना सहाबीले यस दुआ पछि भनेको कुरालाई पुष्टि गर्दै भन्नु भएको छः जसले 'अल्लाहुम्म रब्बना व लकल् हम्द' पछि यो भन्छः

«حَمْدًا كَثِيرًا طَيِّبًا مُبَارَكًا فِيهِ».

उच्चारणः 'हम्दन कसीरन तैय्यिबन मुबारकन फीह्'

अर्थः अत्याधिक धेरै, पवित्र अनि कल्याणकारी प्रशंसा ।

«رَأَيْتُ بِضْعَةً وَثَلَاثِينَ مَلَكًا يَبْتَدِرُونَهَا أَيُّهُمْ يَكْتُبُهَا أَوَّلًا». [صحيح البخاري].

मैले तीसभन्दा अधिक फरिश्ताहरूलाई यस दुआलाई कसले छिटो लेख्छ भनेर लेख्नमा हतार गरिरहेको देखेको थिए । (बुखारीः ७९९)

अनि कहिलेकाहीं उहाँ ﷺ ले यसको साथसाथै यो पनि भन्नु हुन्थ्योः

«مِلْءَ السَّمَوَاتِ وَالأَرْضِ، وَمِلْءَ مَا شِئْتَ مِنْ شَيْءٍ بَعْدُ». [صحيح مسلم].

उच्चारणः "मिल्अ अस्समावाति वल्अर्जि, व मिल्अ मा शिअत मिन् शैइम् बअदु"

अर्थः आकाशहरू एवं धरतीको बराबर र त्यस चीजको बराबर जुन यसपछि तपाईंले चाहनु हुन्छ । (मुस्लिमः ३४६)

- अनि अल्लाहु अक्बर भन्दै सज्दामा जानु हुन्थ्यो । सज्दामा आफ्नो नाक र निधारलाई भुईंमा टेकाउनु हुन्थ्यो । त्यसपछि आफ्ना दुबै हातलाई पनि भुईंमा टेकाउनु हुन्थ्यो । यसरी हातलाई भुईंमा राख्दा औंलाहरूलाई किब्लातिर फर्काउनु हुन्थ्यो, औंलाहरू नत एकदमै मिलेका हुन्थे न धेरै फैलिएका र दुबै हात कहिले काँधको बराबर त कहिले कानको बराबर राख्नु हुन्थ्यो । अनि दुबै घुँडालाई र पाइतलाको अगिल्लो भागलाई पनि भुईंमा टेकाउनु हुन्थ्यो, यसरी टेकाउँदा खुट्टाका औंलाहरू किब्लातिर फर्केका हुन्थे । सज्दाको अवस्थामा दुबै खुट्टाको जाँघ (रान) लाई र तिघ्रा (पिंडली) लाई नजोडेर अलग अलग राख्नु हुन्थ्यो । अनि आफ्ना दुबै पाखुरा (बाजु) लाई यसरी कोखादेखि अलग गर्नु हुन्थ्यो कि कोखा (काखी) को सेतो देखिन्थ्यो । (बुखारीः ८२८, अबू दाऊदः ७३० सहीह अल्बानी)

- सज्दामा तीन पटक त कहिलेकाहीं तीनभन्दा धेरै पटक यो दुआ पढ्नु हुन्थ्योः

«سُبْحَانَ رَبِّيَ الأَعْلَى». [صحيح البخاري]

उच्चारणः "सुब्हान रब्बियल् आला"

अर्थः पवित्र हुनुहुन्छ मेरो प्रतिपालक जो सबैभन्दा उच्च हुनुहुन्छ । (मुस्लिमः ७७२)

अनि यो दुआ पनि पढ्नु हुन्थ्यो जो रुकुअमा पढिने दुआमा वर्णन गरी सकिएको छः

«اللَّهُمَّ اغْفِرْ لِي ذَنْبِي كُلَّهُ: دِقَّهُ وَجِلَّهُ، وَأَوَّلَهُ وَآخِرَهُ، وَعَلاَنِيَتَهُ وَسِرَّهُ». [صحيح مسلم].

उच्चारण: "अल्लाहुम्मग्-फिर्-ली जम्बी कुल्लहुः दिक्कहु व जिल्लहु, व अव्वलहु व आखिरहु, व अलानियतहु व सिर्रहु"

अर्थ: हे अल्लाह ! मेरो साना र ठुला, अघिल्लाह र पछिल्ला एवं प्रत्यक्ष र अप्रत्यक्ष पापहरूलाई क्षमा गरिदिनुहोस् । (मुस्लिमः ४८३)

अनि यो पनि पढ्नु हुन्थ्योः

«اللَّهُمَّ لَكَ سَجَدْتُ، وَبِكَ آمَنْتُ، وَلَكَ أَسْلَمْتُ، سَجَدَ وَجْهِي لِلَّذِي خَلَقَهُ وَصَوَّرَهُ، وَشَقَّ سَمْعَهُ وَبَصَرَهُ، تَبَارَكَ اللهُ أَحْسَنُ الْخَالِقِينَ». [صحيح مسلم]

उच्चारण: "अल्लाहुम्म लक सजद्तु, व बि-क आमन्तु, व लक अस्लम्तु, सजद वजहिय लिल्लजी खलकहु व सव्वरहु, व शक्क सम्अहु व बसरहु, तबारकल्लाहु अह्-सनुल् खालिकीन"

अर्थ: हे अल्लाह ! मैले तपाईंको लागि मात्र सज्दा गरे र तपाईंप्रति विश्वास गरे, तपाईंको आज्ञाकारी बने, मेरो अनुहारले त्यस (अल्लाह) को लागि सज्दा गर्यो जसले त्यसलाई सृष्टि गर्नुभयो, त्यसको सक्कल र रुप बनाउनु भयो अनि कानहरूमा प्वाल बनाउनु भयो र आँखाहरूलाई च्यातेर त्यसमा ढकनी बनाउनु भयो, अत्यन्तै बरकतयुक्त (कल्याणकारी) हुनुहुन्छ अल्लाह, जो सबैको बनाउनेहरू भन्दा उत्तम हुनुहुन्छ । (मुस्लिमः ५३४)

अनि यो पनि पढ्नु हुन्थ्योः

«اللَّهُمَّ إِنِّي أَعُوذُ بِرِضَاكَ مِنْ سَخَطِكَ، وَبِمُعَافَاتِكَ مِنْ عُقُوبَتِكَ، وَأَعُوذُ بِكَ مِنْكَ، لاَ أُحْصِي ثَنَاءً عَلَيْكَ، أَنْتَ كَمَا أَثْنَيْتَ عَلَى نَفْسِكَ». [صحيح مسلم].

उच्चारणः “अल्लाहुम्म इन्नी अऊजु बिरिजाक मिन् सखतिक, व बिमुआफातिक मिन् उकूबतिक, व अऊजु बि-क मिन्क, उह्सी सनाअन् अलैक, अन्त कमा अस्नैत अला नफ्सिक”

[अर्थः ए अल्लाह ! म तपाईंको क्रोधबाट तपाईंको खुसीको शरण पर्दछु तथा तपाईंको सजायबाट तपाईंको क्षमाको शरण पर्दछु, अनि तपाईंको यातनाबाट तपाईंको शरण पर्दछु, मैले राम्रो तरिकाले तपाईंको प्रशंसा गर्न सक्दैन, तपाईं त्यसतै हुनुहुन्छ जस्तो तपाईंले आफ्नो प्रशंसा गर्नु भएको छ ।] (मुस्लिमः २५२)

उहाँ ﷺ ले सज्दाको बारेमा भन्नु भएको छः

«أَقْرَبُ مَا يَكُونُ الْعَبْدُ مِنْ رَبِّهِ وَهُوَ سَاجِدٌ، فَأَكْثِرُوا الدُّعَاءَ». [صحيح مسلم].

“उपासक (बन्दा) आफ्नो प्रतिपालकको सबैभन्दा नजिक त्यस समयमा हुन्छ जब ऊ सज्दामा हुन्छ, त्यसैले तिमीहरू (सज्दामा) खुब धेरै दुआ गर ।” (मुस्लिमः ४८२)

- अनि “अल्लाहु अक्बर” भन्दै सज्दाबाट टाउको उठाउनु हुन्थ्यो र पुरै बस्नु हुन्थ्यो । उहाँको बस्ने तरिका यस्तो थियोः आफ्नो बायाँ खुट्टालाई बिछाएर त्यसमाथि बस्नु हुन्थ्यो अनि दायाँ खुट्टालाई खडा गर्नु हुन्थ्यो, यसरी खडा गर्नु हुन्थ्यो कि दायाँ खुट्टाका औंलाहरू किब्लातिर फर्किएका हुन्थे । अनि दायाँ हत्केलालाई दायाँ जाँघ वा घुँडामाथि र बायाँ हत्केलालाई बायाँ जाँघ वा घुँडामाथि राख्नु हुन्थ्यो । (बुखारीः ८२८, अबू दाऊदः ७३० सहीह अल्बानी)
- अनि यो दुआ पढ्नु हुन्थ्योः

«رَبِّ اغْفِرْ لِي، وَارْحَمْنِي، وَاجْبُرْنِي، وَارْفَعْنِي، وَاهْدِنِي، وَعَافِنِي، وَارْزُقْنِي».

[صحيح أبي داود والترمذي للألباني].

उच्चारणः “रब्बिग्-फिर्ली, वर्-हम्नी, वज्-बुर्नी, वर्-फअनी, वह्दिनी, व आफिनी, वर्-जुक्नी”

[अर्थः हे मेरो पालनकर्ता ! मलाई माफ गरिदिनुहोस्, ममाथि दया गर्नुहोस्, मेरो कमीलाई पुरा गरिदिनुहोस्, मलाई उच्च पार्नुहोस्, मलाई मार्दगदर्शन गर्नुहोस्, मलाई आराम दिनुहोस् र मलाई रोजी (जीविका) प्रदान गर्नुहोस् ।] (अबू दाऊद र तिर्मिजी सहीह अल्बानी)

कहिलेकाहीं यो पनि पढ्नु हुन्थ्योः

«رَبِّ اغْفِرْ لِي، رَبِّ اغْفِرْ لِي». [صحيح ابن ماجه للألباني].

उच्चारणः “रब्बिग्-फिर्ली, रब्बिग्-फिर्ली”

[अर्थः हे मेरो पालनकर्ता ! मलाई क्षमा गरिदिनुहोस्, हे मेरो पालनकर्ता ! मलाई क्षमा गरिदिनुहोस् ।] (इब्ने माजाः ८९७ सहीह अल्बानी)

- दुबै सज्दाको बीचको बैठक (जलसा) मा लगभग सज्दा गर्दाको समय बराबर बस्नु हुन्थ्यो, अनि दोस्रो सज्दा गर्नु हुन्थ्यो। दोस्रो सज्दामा पनि त्यही गर्नु हुन्थ्यो जो पहिलो सज्दामा गर्नु भएको थियो, अनि दोस्रो रकअतको लागि उभिनु हुन्थ्यो । दोस्रो रकअतमा पनि पहिलो रकअतमा झैं सबै कार्यहरू गर्नु हुन्थ्यो ।

- दोस्रो रकअत पुरा भैसकेपछि तशह्हुदमा बस्नु हुन्थ्यो । उहाँको तशह्हुदको तरिका यस्तो थियोः आफ्नो दायाँ हत्केलालाई दायाँ जाँघ वा घुँडामाथि र बायाँ हत्केलालाई बायाँ जाँघ वा घुँडामाथि राख्नु हुन्थ्यो । आफ्नो शहादतको औंला (बुढी औंलाको छेउँको औंला) बाहेक सबै औंलाहरूलाई बन्द गर्नु

हुन्थ्यो वा बुढी औंला र माझी औंलालाई जोडेर रिंग जस्तो बनाउनु हुन्थ्यो, अनि दुआहरू पढ्दै शहादतको औंलालाई हल्लाउनु हुन्थ्यो र किब्लातिर इशारा गर्नु हुन्थ्यो। त्यसैमा आफ्नो नजर पनि टिकाएर राख्नु हुन्थ्यो। यस्तो गर्दा दायाँ हातको औंलाले मात्रै गर्नु हुन्थ्यो बायाँ हातको औंलाहरूलाई घुँडामाथि वा जाँघमाथि त्यतिकै राख्नु हुन्थ्यो। (मुस्लिमः ५७९, ५८०, अबू दाऊदः १४८१)

- अनि तशह्हुद लगाएत निम्न लिखित दुआहरू पढ्नु हुन्थ्योः

तशह्हुदका दुआहरूमध्ये सबैभन्दा पहिले अत्तहिय्यात पढ्नु हुन्थ्योः

«التَّحِيَّاتُ لله، وَالصَّلَوَاتُ، وَالطَّيِّبَاتُ، السَّلاَمُ عَلَيْكَ أَيُّهَا النَّبِيُّ وَرَحْمَةُ الله وَبَرَكَاتُهُ، السَّلاَمُ عَلَيْنَا وَعَلَى عِبَادِ الله الصَّالِحِينَ، أَشْهَدُ أَنْ لاَ إِلَهَ إِلاَّ الله، وَأَشْهَدُ أَنَّ مُحَمَّدًا عَبْدُهُ وَرَسُولُهُ». [متفق عليه].

उच्चारणः "अत्तहिय्यातु लिल्लाहि, वस्सलवातु वत्तय्यिबातु, अस्सलामु अलैक अय्युहन्-नबीय्यु व रहमतुल्लाहि व बरकातुहु, अस्सलामु अलैना व अला इबादिल्ला-हिस्सालिहीन, अश्हदु अल्ला इलाह इल्लल्लाहु, व अश्हदु अन्न मुहम्मदन् अब्दुहु व रसूलुहु"

[अर्थः (मेरा सम्पूर्ण) मौखिक, शारीरिक र आर्थिक उपासनाहरू अल्लाहको लागि मात्रै खास छन्। हे नबी तपाईंमाथि अल्लाहको तर्फबाट दया, शान्ति र बरकत होस् अनि हामीमाथि पनि र अल्लाहका असल भक्तहरूमाथि पनि शान्ति होस्। म गवाही दिन्छु अल्लाह बाहेक कोही सत्य पूजनीय छैन र म गवाही दिन्छु मुहम्मद उहाँको भक्त र सन्देश वाहक हुनुहुन्छ। (बुखारीः ८३१, मुस्लिमः ४०२)

- अनि दरूद पढ्नु हुन्थ्यो। जो यसप्रकार छः

«اللَّهُمَّ صَلِّ عَلَى مُحَمَّدٍ وَعَلَى آلِ مُحَمَّدٍ، كَمَا صَلَّيْتَ عَلَى إِبْرَاهِيمَ وَعَلَى آلِ إِبْرَاهِيمَ، إِنَّكَ حَمِيدٌ مَّجِيدٌ. اللَّهُمَّ بَارِكْ عَلَى مُحَمَّدٍ وَعَلَى آلِ مُحَمَّدٍ، كَمَا بَارَكْتَ عَلَى إِبْرَاهِيمَ وَعَلَى آلِ إِبْرَاهِيمَ، إِنَّكَ حَمِيدٌ مَجِيدٌ». [صحيح البخاري]

उच्चारणः "अल्लाहुम्म सल्लि अला मुहम्मद, व अला आले मुहम्मद, कमा सल्लैत अला इब्राहीम व अला आले इब्राहीम इन्नक हमीदुम् मजीद, अल्लाहुम्म बारिक अला मुहम्मद, व अला आले मुहम्मद, कमा बारक्त अला इब्राहीम व अला आले इब्राहीम इन्नक हमीदुम् मजीद"

[अर्थः हे अल्लाह ! दया र शान्ति अवतरण गर्नुहोस् मुहम्मदमाथि र उहाँका परिवार तथा सन्तानमाथि, जसरी तपाईंले शान्ति अवतरण गर्नु भएको थियो इब्राहीममाथि, इब्राहीमका परिवार तथा सन्तानमाथि। निःसन्देह तपाईं महिमा र गुणगानको योग्य हुनुहुन्छ । हे अल्लाह ! बरकत (कल्याण) अवतरण गर्नुहोस् मुहम्मदमाथि र उहाँका परिवारमाथि जसरी तपाईले बरकत अवतरण गर्नु भएको थियो इब्राहीममाथि, उहाँका परिवार तथा सन्तानमाथि। निःसन्देह तपाईं महिमा र गुणगानको योग्य हुनुहुन्छ ।] (बुखारीः ४७९७)

- यदि तीन वा चार रकअतको नमाज हुन्थ्यो भने तेस्रो रकअतको लागि उभिनु हुन्थ्यो त 'अल्लाहु अक्बर' भन्दै रफअ यदैन गर्नु हुन्थ्यो। (बुखारीः ७३९)

- तेस्रो र चौथो रकअत पनि पहिले झैं पुरा गर्नु हुन्थ्यो।

- अनि जब आखिरी तशह्हुदमा बस्नु हुन्थ्यो त त्यसै गरी बस्नु हुन्थ्यो जसरी पहिलो तशह्हुदमा बस्नु भएको थियो। तर बस्दा तवर्रुकको तरिका अपनाउनु हुन्थ्यो। तवर्रुकको तरिका अनुसार बस्दा दायाँ खुट्टालाई पहिलो तशह्हुदमा झैं

खडा गर्नु हुन्थ्यो तर बायाँ खुट्टालाई दायाँ जाँघ र तिघ्राको मुनीबाट दायाँतिर निकाल्नु हुन्थ्यो । (अबू दाऊदः ७३० सहीह अल्बानी)

- अनि भन्नु हुन्थ्योः तिमीहरू सबैले तश्हहुदका दुआहरू पढिसकेपछि निम्न चार चीजहरूबाट अल्लाहको शरण अवश्य माग्नु-

«اللَّهُمَّ إِنِّي أَعُوذُ بِكَ مِنْ عَذَابِ جَهَنَّمَ، وَمِنْ عَذَابِ الْقَبْرِ، وَمِنْ فِتْنَةِ الْمَحْيَا وَالْمَمَاتِ، وَمِنْ فِتْنَةِ الْمَسِيحِ الدَّجَّالِ». [صحيح مسلم].

उच्चारणः "अल्लाहुम्म इन्नी अऊजुबि-क मिन् अजाबि जहन्नम, व मिन् अजाबिल् कब्रि, व मिन् फित्नतिल् मह्-या वल्-ममाति, व मिन् फित्नतिल् मसीहिद्-दज्जाल"

[अर्थः हे अल्लाह! म नर्क र कब्रको यातनाबाट अनि मृत्यु र जीवनको फित्नाबाट एवं मसीह दज्जालको फित्नाबाट तपाईंको शरण माग्दछु ।] (मुस्लिमः ५९०)

- त्यसपछि स्वयम् आफ्नो लागि दुआ माग्नु हुन्थ्यो । तिनै दुआहरू मध्येको एउटा महत्वपूर्ण दुआ उहाँ ﷺ ले आफ्नो सबैभन्दा प्यारो साथी अबूबक्र सिद्दीक रजियल्लाहु अन्हुलाई सिकाउनु भएको थियो। जो यसप्रकार छः

«اللَّهُمَّ إِنِّي ظَلَمْتُ نَفْسِي ظُلْمًا كَثِيرًا، وَلاَ يَغْفِرُ الذُّنُوبَ إِلاَّ أَنْتَ، فَاغْفِرْ لِي مَغْفِرَةً مِنْ عِنْدِكَ، وَارْحَمْنِي، إِنَّكَ أَنْتَ الْغَفُورُ الرَّحِيمُ». [متفق عليه]

उच्चारणः "अल्लाहुम्म इन्नी जलम्तु नफ्सी जुल्मन् कसीरा, व ला यग्फिरुज्-जुनूब इल्ला अन्त, फग्फिर्-ली मग्फिरतम् मिन् इन्दिक, वर्-हम्नी, इन्नक अन्तल् गफूरुर्-रहीम"

[अर्थः हे अल्लाह ! निःसन्देह मैले आफ्नो ज्यानमाथि धेरै अत्याचार गरेको छु । तपाईं बाहेक कसैले पनि पापहरू क्षमा गर्न सक्दैन, तसर्थ मलाई आफ्नो विशेष अनुकम्पाद्वारा क्षमा गरिदिनुहोस् अनि ममाथि कृपा गर्नुहोस् । निःसन्देह तपाई अत्याधिक क्षमाशील र कृपावान हुनुहुन्छ ।] (बुखारीः ७३८७, मुस्लिमः २७०५)

उहाँ ﷺ ले प्रत्येक नमाजको अन्त्यमा यो दुआ पढ्ने उपदेश मुआज रजियल्लाहु अन्हुलाई दिनु भएको छः

«اللَّهُمَّ أَعِنِّي عَلَى ذِكْرِكَ وَشُكْرِكَ وَحُسْنِ عِبَادَتِكَ». [صحيح أبي داود للألباني].

"अल्लाहुम्म अइन्नी अला जिक्रिक व शुक्रिक व हुस्नि इबादतिक"

[अर्थः हे अल्लाह ! तपाईंको स्तुति, तपाईंको कृतज्ञता (शुक्रिया) र तपाईंको उपासना (इबादत) गर्नमा मलाई मद्दत गर्नुहोस् । (अबू दाऊदः १५२२ सहीह अल्बानी)

- अनि उहाँ ﷺ तशह्हुदमा सलाम फेर्नुभन्दा पहिले यो पनि पढ्नु हुन्थ्योः

«اللَّهُمَّ اغْفِرْ لِي مَا قَدَّمْتُ وَمَا أَخَّرْتُ، وَمَا أَسْرَرْتُ وَمَا أَعْلَنْتُ، وَمَا أَسْرَفْتُ، وَمَا أَنْتَ أَعْلَمُ بِهِ مِنِّي، أَنْتَ الْمُقَدِّمُ، وَأَنْتَ الْمُؤَخِّرُ، لاَ إِلَهَ إِلاَّ أَنْتَ». [صحيح مسلم].

उच्चारणः "अल्लाहुम्मग्फिर्-ली मा कद्दम्तु, व मा अख्खर्-तु, व मा अस्रर्-तु व मा आअलन्तु, व मा अस्रफ्तु, व मा अन्त आअलमु बिहि मिन्नी, अन्तल् मुकद्दिमु व अन्तल् मुअख्खिरु, ला इलाह इल्ला अन्त"

[अर्थः हे अल्लाह ! मेरा ती पापहरू क्षमा गरिदिनुहोस् जो मैले पहिले गरे, अनि जो मैले पछि गरे, ती पापहरू पनि क्षमा गर्नुहोस् जो मैले लुकेर गरे अनि

जो देखाएर गरे, अनि ती पापहरू जो मैले ज्यादती गरे र ती पापहरू पनि माफ गर्नुहोस्, जसको बारेमा तपाईंलाई मलाई भन्दा अधिक जानकारी छ। तपाईं नै अगाडी बढाउनेवाला हुनुहुन्छ र तपाईं नै पछाडी गर्नेवाला हुनुहुन्छ, तपाईं बाहेक कोही सत्य पूज्य छैन।] (मुस्लिमः ७७१)

- त्यसपछि उहाँ ﷺ ले (السَّلاَمُ عَلَيْكُمْ وَرَحْمَةُ الله) "अस्सलामु अलैकुम् व रहमतुल्लाह" भन्दै दायाँतिर सलाम फेर्नु हुन्थ्यो, दायाँतिर यति मोडिनु हुन्थ्यो कि दायाँ गालाको सेतो देखिन्थ्यो। अनि (السَّلاَمُ عَلَيْكُمْ وَرَحْمَةُ الله) "अस्सलामु अलैकुम् व रहमतुल्लाह" भन्दै बायाँतिर सलाम फेर्नु हुन्थ्यो, बायाँतिर यति मोडिनु हुन्थ्यो कि बायाँ गालाको सेतो देखिन्थ्यो।
- सलाम फेरेपछि तीन पटक «أَسْتَغْفِرُ الله» "अस्तग्-फिरुल्लाह" [अर्थः म अल्लाहसँग क्षमा माग्दछु] भन्नु हुन्थ्यो। अनि निम्न लिखित दुआहरू पढ्नु हुन्थ्यो।

«اللَّهُمَّ أَنْتَ السَّلاَمُ، وَمِنْكَ السَّلاَمُ، تَبَارَكْتَ يَا ذَا الْجَلاَلِ وَالإِكْرَامِ». [صحيح مسلم].

उच्चारणः "अल्लाहुम्म अन्तस्सलाम, व मिन्कस्सलाम, तबारक्त या जल्जलालि वल्-इक्राम"

[अर्थः हे अल्लाह ! तपाईं सलाम (शान्ति) हुनुहुन्छ अनि तपाईंकै तर्फबाट सलामती (शान्ति) छ। हे जुल-जलालि वल्-इक्राम ! तपाईं अत्यन्तै बरकतवाला (कल्याणकारी) हुनुहुन्छ।] (मुस्लिमः ५८३)

«لاَ إِلَهَ إِلاَّ الله وَحْدَهُ لاَ شَرِيكَ لَهُ، لَهُ الْمُلْكُ وَلَهُ الْحَمْدُ، وَهُوَ عَلَى كُلِّ شَيْءٍ قَدِيرٌ.

اللَّهُمَّ لاَ مَانِعَ لِمَا أَعْطَيْتَ، وَلاَ مُعْطِيَ لِمَا مَنَعْتَ، وَلاَ يَنْفَعُ ذَا الْجَدِّ مِنْكَ الْجَدُّ». [متفق عليه].

उच्चारणः "ला इलाह इल्लल्लाहु वह्दहु ला शरीक लहु, लहुल्मुल्कु व लहुल्हम्दु, वहुव अला कुल्लि शैइन् कदीर । अल्लाहुम्म ला मानिअ लिमा आअतैत, व ला मुअतिय लिमा मनअत, व ला यन्फउ जल्जद्दि मिन्कल्-जद्द ।"

[अर्थः अल्लाह बाहेक कोही सत्य पूजनीय छैन, उहाँ एक्लो हुनुहुन्छ, उहाँको कोही पनि साझेदार छैन । सम्पूर्ण राज्य सत्ता उहाँकै हुन् अनि उहाँकै लागि सबै किसिमका प्रशंसाहरू छन् र सबै चीजहरूमाथि उहाँकै अधिकार छ । हे अल्लाह ! जो चीज पनि तपाईंले दिनुहुन्छ त्यसलाई कसैले रोक्न तथा मनाही गर्न सक्दैन र जो चीज तपाईंले रोकी दिनुहुन्छ त्यसलाई कसैले पनि दिन सक्दैन । अनि धनवानलाई त्यसको धनले तपाईंको सजायबाट बचाउन सक्दैन ।] (बुखारीः ८४४, मुस्लिमः ५९३)

«لاَ إِلَهَ إِلاَّ الله وَحْدَهُ لاَ شَرِيكَ لَهُ، لَهُ الْمُلْكُ وَلَهُ الْحَمْدُ، وَهُوَ عَلَى كُلِّ شَيْءٍ قَدِيرٌ. وَلاَ حَوْلَ وَلاَ قُوَّةَ إِلاَّ بِالله. لاَ إِلَهَ إِلاَّ الله، وَلاَ نَعْبُدُ إِلاَّ إِيَّاهُ، لَهُ النِّعْمَةُ وَلَهُ الْفَضْلُ وَلَهُ الثَّنَاءُ الْحَسَنُ، لاَ إِلَهَ إِلاَّ الله ، مُخْلِصِينَ لَهُ الدِّينَ، وَلَوْ كَرِهَ الْكَافِرُونَ». [صحيح مسلم].

उच्चारणः "ला इलाह इल्लल्लाहु वह्दहु ला शरीक लहु, लहुल्मुल्कु व लहुल्हम्दु, वहुव अला कुल्लि शैइन् कदीर । वला हौल वला कुव्वत इल्ला बिल्लाह । ला इलाह इल्लल्लाहु, व ला नअबुदु इल्ला इय्याहु, लहुन्-निअमतु व लहुल्-फज्लु व लहुस्-सनाउल् हसन । ला इलाह इल्लल्लाहु मुख्लिसीन लहुद्दीन व लौ करिहल् काफिरून ।"

[अर्थः अल्लाह बाहेक कोही सत्य पूजनीय छैन, उहाँ एक्लो हुनुहुन्छ, उहाँको कोही पनि साझेदार छैन । सम्पूर्ण राज्य सत्ता उहाँकै हुन् अनि उहाँकै लागि सबै किसिमका प्रशंसाहरू छन् र सबै चीजहरूमाथि उहाँकै अधिकार छ । अल्लाहको सहायता बिना कसैमा पनि पापबाट बच्न सक्ने वा कुनै उपासना गर्नसक्ने क्षमता छैन । अल्लाह बाहेक कोहीपनि सत्य पूजनीय छैन, उहाँ बाहेक अरु कसैको हामीले उपासना गर्दैनौं । सम्पूर्ण वरदान (अनुकम्पा) को मालिक उहाँ नै हुनुहुन्छ र प्रतिष्ठा एवं प्रशंसाहरू उहाँकै लागि हुन् (अर्थात सबै उहाँकै तर्फबाट हुन्) । अल्लाह बाहेक कोहीपनि सत्य पूजनीय छैन । हामीले वास्तवमा उहाँकै उपासना गर्दछौं यद्यपि काफिर (अवज्ञाकारी) हरूलाई जतिसुकै अप्रिय किन नलागोस् ।] (मुस्लिमः ५९४)

«رَبِّ قِنِي عَذَابَكَ يَوْمَ تَبْعَثُ – أَوْ تَجْمَعُ – عِبَادَكَ». [صحيح مسلم].

"रब्बि किनी अजाबक यौम तब्असु औ तज्मउ इबादक"

हे मेरो प्रतिपालक ! मलाई त्यस दिनको यातनाबाट बचाउनु होस् जुन दिन आफ्नो समस्त सृष्टिलाई पुनः जीवित गर्नुहुनेछ । (मुस्लिमः ७०९)

- अनि उहाँ ﷺ ले आफ्नो अनुयायीहरूलाई निम्न तस्बीह, तहमीद, तक्बीर अथवा स्तुतिहरू पढ्नको लागि प्रोत्साहित गर्दै भन्नु भएको छः जसले यसलाई पढ्नेछ त्यसको बदलामा उसका पापहरू क्षमा गरिने छन्, चाहे ती पापहरू समुद्रको फींज बराबर किन नहोउन् ।

३३ पटक «سُبْحَانَ اللهِ» "सुब्हानल्लाह"

[अर्थः म अल्लाहको पवित्रता बयान गर्छु ।]

३३ पटक «الْحَمْدُ لِلَّهِ» "अल्हम्दुलिल्लाह"

[अर्थः सबै प्रशंसा तथा स्तुती अल्लाहकै लागि हुन् ।]

३३ पटक «اللهُ أَكْبَرُ» "अल्लाहु अक्बर"

[अर्थः अल्लाह सबैभन्दा महान हुनुहुन्छ ।]

यसरी ९९ भयो सय पुरा गर्नको लागि यो पढ्नुहोस्-

«لاَ إِلَهَ إِلاَّ اللهُ وَحْدَهُ لاَ شَرِيكَ لَهُ، لَهُ الْمُلْكُ وَلَهُ الْحَمْدُ، وَهُوَ عَلَى كُلِّ شَيْءٍ قَدِيرٌ».
[صحيح مسلم].

उच्चारणः "ला इलाह इल्लल्लाहु वह्दहु ला शरीक लहु, लहुल्मुल्कु व लहुल्हम्दु, वहुव अला कुल्लि शैइन् कदीर ।"

[अर्थः अल्लाह बाहेक कोही सत्य पूजनीय छैन, उहाँ एक्लो हुनुहुन्छ, उहाँको कोही पनि साझेदार छैन । सम्पूर्ण राज्य सत्ता उहाँकै हुन् अनि उहाँकै लागि सबै किसिमका प्रशंसाहरू छन् र सबै चीजहरूमाथि उहाँकै अधिकार छ ।] (मुस्लिमः ५९७)

- उहाँ ﷺ ले जिक्र गर्दा आफ्नो आवाजलाई उच्च गर्नु हुन्थ्यो । अनि तस्बीह आफ्नो हातले गर्नु हुन्थ्यो ।

- प्रत्येक नमाजपछि आयतुल् कुर्सी पढ्ने सम्बन्धमा भन्नु भएको छः

«مَنْ قَرَأَ آيَةَ الْكُرْسِيِّ دُبُرَ كُلِّ صَلاَةٍ مَكْتُوبَةٍ لَمْ يَمْنَعْهُ مِنْ دُخُولِ الْجَنَّةِ إِلاَّ أَنْ يَمُوتَ». [صححه الألباني في صحيح الجامع].

जसले प्रत्येक फर्ज (अनिवार्य) नमाजपछि आयतुल् कुर्सी पढ्छ उसलाई

जन्नत (स्वर्ग) मा प्रवेश गर्नबाट मृत्यु बाहेक कुनै चीजले रोक्ने छैन । (यस हदीसलाई शेख अल्बानीले सहीहुल् जामेअ ५/ ३३९ मा सही भन्नु भएको छ ।)

- उहाँ ﷺ ले प्रत्येक फर्ज (अनिवार्य) नमाज पछि 'सूरह इख्लास,' 'सूरह फलक' र 'सूरह नास' पढ्ने आदेश दिनु भएको छ ।

- फज्रको नमाजमा सलाम फेरेपछि यो दुआ पढ्नु हुन्थ्यो:

«اللَّهُمَّ إِنِّي أَسْأَلُكَ عِلْمًا نَافِعًا، وَرِزْقًا طَيِّبًا، وَعَمَلاً مُتَقَبَّلاً». [صحيح ابن ماجه للألباني].

उच्चारण: "अल्लाहुम्म इन्नी अस्अलुक इल्मन् नाफेआ, व रिज्कन् तैय्यबा, व अमलान् मुतकब्बला"

[अर्थः हे अल्लाह ! म तपाईंसँग फाइदाजनक ज्ञान, पवित्र जीविका र स्वीकार योग्य कर्मको लागि प्रार्थना गर्दछु ।] (सहीह इब्ने माजा: १/ १५२)

- अनि उहाँ ﷺ ले भन्नु भएको छ:

«مَنْ قَالَ قَبْلَ أَنْ يَنْصَرِفَ وَيُثْنِيَ رِجْلَيْهِ مِنْ صَلاَةِ الْمَغْرِبِ وَالصُّبْحِ: لاَ إِلَهَ إِلاَّ اللهُ وَحْدَهُ لاَ شَرِيكَ لَهُ، لَهُ الْمُلْكُ، وَلَهُ الْحَمْدُ، يُحْيِي وَيُمِيتُ، وَهُوَ عَلَى كُلِّ شَيْءٍ قَدِيرٌ، عَشْرَ مَرَّاتٍ، كَتَبَ اللهُ لَهُ بِكُلِّ وَاحِدَةٍ عَشْرَ حَسَنَاتٍ، وَمَحَا عَنْهُ عَشْرَ سَيِّئَاتٍ، وَرَفَعَ لَهُ عَشْرَ دَرَجَاتٍ، وَكَانَتْ حِرْزًا مِنْ كُلِّ مَكْرُوهٍ، وَحِرْزًا مِنَ الشَّيْطَانِ الرَّجِيمِ، وَلَمْ يَحِلَّ لِذَنْبٍ أَنْ يُدْرِكَهُ إِلاَّ الشِّرْكُ، وَكَانَ مِنْ أَفْضَلِ النَّاسِ عَمَلاً، إِلاَّ رَجُلاً يَفْضُلُهُ، يَقُولُ أَفْضَلَ مِمَّا قَالَ». [حسنه لغيره الألباني في صحيح الترغيب].

जुन व्यक्तिले पनि मग्रीब र फज्रको नमाजपछि (सलाम फेरिसके पछि) नमाज पढ्ने ठाउँबाट उठनुभन्दा पहिले तथा तशह्हुदमा बसेको अवस्थाबाट अर्को अवस्थामा आफ्नो खुट्टालाई मोडनुभन्दा पहिले दश पटक यो भन्छ:

“ला इलाह इल्लल्लाहु वह्दहु ला शरीक लहु, लहुल्मुल्कु व लहुल्हम्दु, युह्ई व युमीतु वहुव अला कुल्लि शैइन् कदीर।”

[अर्थः अल्लाह बाहेक कोही सत्य पूजनीय छैन, उहाँ एक्लो हुनुहुन्छ, उहाँको कोही पनि साझेदार छैन। सम्पूर्ण राज्य सत्ता उहाँकै हुन्, उहाँले नै जीवित गर्नुहुन्छ र उहाँले नै मार्नु हुन्छ। अनि उहाँकै लागि सबै किसिमका प्रशंसाहरू छन् र सबै चीजहरूमाथि उहाँकै अधिकार छ।] त अल्लाह तआलाले प्रत्येकको बदलामा दश पुण्य लेखिदिनु हुन्छ, दश गल्तीहरू माफ गरिदिनु हुन्छ र दश दर्जा बढाइदिनु हुन्छ। अनि यो पढ्नु उसको लागि दुख-कष्ट, समस्या र धुत्कारिएको शैतानबाट सुरक्षाको माध्यम पनि बन्छ। शिर्क बाहेक कुनै पनि त्यसतो कर्म छैन जसले उसको कर्मलाई बर्बाद गरोस्। तथा कर्मको हिसाबले मानिसहरूमा त्यो सबैभन्दा उत्तम हुन्छ तर जसले ऊभन्दा धेरै पढ्छ त्यो ऊभन्दा उत्तम हुन्छ। (शेख अल्बानीले यसलाई सहीहुत्तर्गीबमा हसन लिगैरिहि भन्नु भएको छ।)

- नबी ﷺ ले दैनिक पाँच पटकको नमाजलाई पावन्दीको साथ अदा गर्दै भन्नु हुन्थ्योः अल्लाह तआलाले आफ्ना भक्तहरूमाथि दिन र रातमा गरी पाँच नमाज अनिवार्य गर्नु भएको छ। अनि यसको माध्यमबाट पापहरूलाई क्षमा गर्नु हुन्छ। (बुखारीः ५२८)

- त्यसैगरी उहाँ ﷺ ले भन्नु भएको छः जुन व्यक्तिले यी नमाजहरूलाई पूर्ण वजू, खुशुअ-खुजूअ (एकाग्र भएर) अनि रुकुअको साथ अदा गर्छ, त जबसम्म उसले ठुला पापहरूलाई गर्दैन तबसम्म नमाजको माध्यमले उसका सानातिना पापहरू क्षमा भैरहन्छन्। (अबू दाऊदः ४२५ )

- अनि नमाज छोडनेहरूको लागि भन्नु भएको छः जसले नमाजलाई छोडिदिन्छ उसले कुफ्र गर्यो। (नसाईः १/ २३१- २३२ सहीह अल्बानी)

- उहाँ ﷺ ले जमाअतको साथमा (सामुहिक) नमाज अदा गर्ने उपदेश दिंदै भन्नु भएको छः

«صَلاَةُ الرَّجُلِ فِي جَمَاعَةٍ تُضَعَّفُ عَلَى صَلاَتِهِ فِي بَيْتِهِ وَفِي سُوقِهِ خَمْسًا وَعِشْرِينَ ضِعْفًا، وَذَلِكَ أَنَّهُ إِذَا تَوَضَّأَ فَأَحْسَنَ الْوُضُوءَ ثُمَّ خَرَجَ إِلَى الْمَسْجِدِ، لاَ يُخْرِجُهُ إِلاَّ الصَّلاَةُ، لَمْ يَخْطُ خَطْوَةً إِلاَّ رُفِعَتْ لَهُ بِهَا دَرَجَةٌ، وَحُطَّتْ عَنْهُ بِهَا خَطِيئَةٌ، فَإِذَا صَلَّى لَمْ تَزَلِ الْمَلاَئِكَةُ تُصَلِّي عَلَيْهِ مَا دَامَ فِي مُصَلاَّهُ، مَا لَمْ يُحْدِثْ، تَقُولُ: اللَّهُمَّ صَلِّ عَلَيْهِ، اللَّهُمَّ ارْحَمْهُ. وَلاَ يَزَالُ فِي صَلاَةٍ مَا انْتَظَرَ الصَّلاَةَ». [متفقٌ عليه].

नमाजीले जमाअतको साथमा नमाज पढ्नु आफ्नो घर वा बजारमा एक्लै पढ्ने नमाजको तुलनामा पच्चीस गुणा धेरै सवाब (पुण्य) मिल्छ। किनकि, जब कुनै नमाजीले वजू गर्छ अथवा राम्रोसँग वजू गर्छ त्यसपछि मस्जिदतिर जान्छ, मस्जिदतिर जाने उसको उद्देश्य पनि मात्र नमाजको लागि छ भने मस्जिद जानको लागि उठाइएका प्रत्येक पाइलाको बदलामा उसको एक दर्जा बढछ र एउटा पाप माफ हुन्छ। अनि जब नमाज पढ्छ त वजूको हालतमा जबसम्म नमाज पढ्ने ठाउँ (मुसल्ला) मा बस्छ, तबसम्म फरिश्ताहरूले उसको लागि दुआ गरी रहन्छन्। फरिश्ताहरूले भन्छन्- हे अल्लाह ! यस व्यक्ति माथि दया गर्नुहोस्, हे अल्लाह ! यसमाथि कृपा गर्नुहोस्, हे अल्लाह ! यसमाथि दयावान हुनुहोस्। अनि जबसम्म ऊ नमाजको प्रतिक्षामा रहन्छ तबसम्म नमाजको हालतमा रहन्छ। (बुखारीः ६४५, मुस्लिमः ६५४)

- अनि नबी ﷺ ले मस्जिदमा गएर जमाअतको साथमा नमाज नपढ्ने व्यक्तिहरूको घर जलाईदिउँ कि जस्तो लाग्छ पनि भन्नु भएको थियो। (बुखारीः ६४४)

- अनि उहाँ ﷺ ले फज्र र ईशाको नमाज जमाअतको साथमा पढ्ने व्यक्तिहरूको पुण्यको बारेमा भन्नु भएको छः

«مَنْ صَلَّى الْعِشَاءَ فِي جَمَاعَةٍ، فَكَأَنَّمَا قَامَ نِصْفَ اللَّيْلِ، وَمَنْ صَلَّى الصُّبْحَ فِي جَمَاعَةٍ، فَكَأَنَّمَا صَلَّى اللَّيْلَ كُلَّهُ». [صحيح مسلم].

जसले जमाअतको साथमा ईशाको नमाज पढ्यो, मानौं उसले आधा रातसम्म कयाम (अल्लाहको इबादत) गर्यो र जसले बिहान (फज्र) को नमाज जमाअतको साथमा पढ्यो, त मानौं उसले पुरै रात कयाम (अल्लाहको इबादत) गर्यो । (मुस्लिमः ६५६)

- त्यसैगरी उहाँ ﷺ ले शुभ सूचना दिंदै भन्नु भएको छः अस्र र फज्रको नमाज पढ्ने व्यक्ति जन्नतमा जानेछ । (मुस्लिमः ६३४ )

- नबी ﷺ मुअक्कदा (अतिरिक्त) सुन्नतहरू पाबन्दीसँग अदा गर्नु हुन्थ्यो । इब्ने उमर रजियल्लाहु अन्हुमाले भन्नु भएको छः

«حَفِظْتُ مِنَ النَّبِيِّ ﷺ عَشْرَ رَكَعَاتٍ: رَكْعَتَيْنِ قَبْلَ الظُّهْرِ، وَرَكْعَتَيْنِ بَعْدَهَا، وَرَكْعَتَيْنِ بَعْدَ الْمَغْرِبِ فِي بَيْتِهِ، وَرَكْعَتَيْنِ بَعْدَ الْعِشَاءِ فِي بَيْتِهِ، وَرَكْعَتَيْنِ قَبْلَ صَلاَةِ الصُّبْحِ». [صحيح البخاري].

मलाई नबी ﷺ ले दस रकअत (सुन्नत) अदा गरेको याद छः जुहरको फर्ज नमाजभन्दा पहिले दुई रकअत र पछि दुई रकअत, मग्रिबको नमाज पछि आफ्नो घरमा दुई रकअत, ईशाको नमाज पछि आफ्नो घरमा दुई रकअत र बिहान (फज्र) को नमाजभन्दा पहिले दुई रकअत । (बुखारीः ११८०, १८१)

- कहिलेकाहीं उहाँ ﷺ ले आफ्नो घरमा जुहरको नमाजभन्दा पहिले चार रकअत सुन्नत पढ्नु हुन्थ्यो। (बुखारी)

- उहाँ ﷺ ले मग्रिबको सुन्नतमा सूरह काफिरून र सूरह इख्लास पढ्ने गर्नु हुन्थ्यो। कहिलेकाहीं यिनै दुई सूरहहरू फज्रको सुन्नतमा पनि पढ्नु हुन्थ्यो। अनि कहिलेकाहीं फज्रको पहिलो रकअतमा यो पनि पढ्नु हुन्थ्योः

﴿قُولُوٓاْ ءَامَنَّا بِٱللَّهِ وَمَآ أُنزِلَ إِلَيۡنَا وَمَآ أُنزِلَ إِلَىٰٓ إِبۡرَٰهِـۧمَ وَإِسۡمَٰعِيلَ وَإِسۡحَٰقَ وَيَعۡقُوبَ وَٱلۡأَسۡبَاطِ وَمَآ أُوتِيَ مُوسَىٰ وَعِيسَىٰ وَمَآ أُوتِيَ ٱلنَّبِيُّونَ مِن رَّبِّهِمۡ لَا نُفَرِّقُ بَيۡنَ أَحَدٖ مِّنۡهُمۡ وَنَحۡنُ لَهُۥ مُسۡلِمُونَ﴾ [البقرة: ١٣٦]

अर्थः "हे मुस्लिमहरू ! तिमीहरू भनिदेऊ, हामी अल्लाहमाथि आस्था राख्छौं, अनि जुन किताब हामीतिर उतारियो र जुन (किताब) इब्राहीम, इस्माईल, इस्हाक, यअ्‌कूब र उनका सन्ततिहरूलाई प्रदान गरियो तिनीमाथि र जुन मूसा र ईसालाई प्रदान गरियो अनि जुन अन्य पैगम्बरहरूलाई तिनका पालनकर्ताबाट प्रदान गरिए, ती सबैमाथि पूर्ण आस्था राख्दछौं। हामीले ती पैगम्बरहरूमा कुनै भेदभाव गर्दैनौं र हामी त मुसलमान (आज्ञापालक) हौं।" (सूरतुल् बकरः २/ १३६)

अनि दोस्रो रकअतमा यो पढ्नु हुन्थ्योः

﴿قُلۡ يَٰٓأَهۡلَ ٱلۡكِتَٰبِ تَعَالَوۡاْ إِلَىٰ كَلِمَةٖ سَوَآءِۭ بَيۡنَنَا وَبَيۡنَكُمۡ أَلَّا نَعۡبُدَ إِلَّا ٱللَّهَ وَلَا نُشۡرِكَ بِهِۦ شَيۡـٔٗا وَلَا يَتَّخِذَ بَعۡضُنَا بَعۡضًا أَرۡبَابٗا مِّن دُونِ ٱللَّهِۚ فَإِن تَوَلَّوۡاْ فَقُولُواْ ٱشۡهَدُواْ بِأَنَّا مُسۡلِمُونَ﴾ [آل عمران: ٦٤].

"भनिदेऊ, हे अहले किताब ! यस्तो न्यायपूर्ण कुरातर्फ आऊ जुन हाम्रो र तिम्रो बीचमा समान छ। त्यो हो- अल्लाह बाहेक अरु कसैलाई हामी पूजा

नगरौं र उहाँसँग अरु कसैलाई साझेदार नगराऔं र न अल्लाह छोडेर एक-आपसमा हामीमध्ये कसैलाई पालनहार बनाऔं। यदि तिनीहरू मान्दैनन् भने भनिदेऊः तिमी साक्षी गवाही रहनु हामी त मुसलमान (आज्ञापालक) हौं।" (सूरह आले इमरानः ३/ १६४)

- उहाँ ﷺ ले सूर्योदय पछि (चाश्त) को नमाज पनि पढ्नु हुन्थ्यो। अबू हुरैरा रजियल्लाहु अन्हुलाई यसको उपदेश दिंदै भन्नु भएको थियोः यो शरीरका प्रत्येक जोर्नीहरूको तर्फबाट सदका (दान) गर्नेको बदलामा पर्याप्त हुन्छ। भनाइको तात्पर्य तीन सय सदकाको बराबर हुन्छ।

- उहाँ ﷺ ले अस्रको फर्ज नमाजभन्दा पहिले दुई-दुई गरेर चार रकअत अतिरिक्त (सुन्नत) नमाज पढ्नु हुन्थ्यो। अस्रभन्दा पहिले चार रकअत पढ्नेहरूको लागि दुआ गर्दै भन्नु भएको छः

हे अल्लाह ! त्यस व्यक्तिमाथि दया गर्नुहोस्, जसले अस्रभन्दा पहिले चार रकअत पढ्छ। (अबू दाऊदः सहीह अल्बानी)

# उहाँ ﷺ को बिहान र बेलुकाको अज्कार (स्तुति) गर्ने तरिका

- रसूल ﷺ ले जब फज्रको नमाज पढ्नु हुन्थ्यो त्यसपछि नमाजपछि मुसल्ला (नमाज पढेको ठाउँ) मै बसेर सूर्योदय हुँदासम्म अल्लाहको जिक्र (स्मरण) गर्नु हुन्थ्यो। (मुस्लिम)

- अनि बिहान उहाँ ﷺ ले निम्न दुआ तथा अज्कारहरू पढ्नु हुन्थ्योः

  «اللَّهُمَّ بِكَ أَصْبَحْنَا، وَبِكَ أَمْسَيْنَا، وَبِكَ نَحْيَا، وَبِكَ نَمُوتُ، وَإِلَيْكَ النُّشُورُ».

  उच्चारणः "अल्लाहुम्म बि-क अस्बह्-ना व बि-क अम्सैना व बि-क नह्-या व बि-क नमूतु व इलैकन्-नुशूर"

  [अर्थः हे अल्लाह ! तपाईंकै नामको साथमा हामीले बिहानी गर्यौं र तपाईंकै नामको साथमा बेलुकी गर्यौं, तपाईंकै नाम जप्दै हामी जीवित छौं र तपाईंकै नाम जप्दै मर्नेछौं अनि तपाईंतिरै फर्केर जानेछौं।] (सहीह तिर्मिजीः ३/ १४२)

- अनि बेलुकाको समयमा अल्लाहको जिक्र गर्दा (أَصْبَحْنَا अस्बहना) बिहानी गर्यौं, शब्दको बदलामा (أمسينا अम्सैना) बेलुका गर्यौं र (النُّشُورُ "अन्-नुशूर") को बदलामा (المصير "अल्-मसीर") भन्नु हुन्थ्यो। (सिलसिला सहीहा)

- अनि पढ्नु हुन्थ्यो:

«أَصْبَحْنَا وَأَصْبَحَ الْمُلْكُ لله وَالْحَمْدُ لله، لاَ إِلَهَ إِلاَّ الله وَحْدَهُ لاَ شَرِيكَ لَهُ، لَهُ الْمُلْكُ وَلَهُ الْحَمْدُ وَهُوَ عَلَى كُلِّ شَيْءٍ قَدِيرٍ، رَبِّ أَسْأَلُكَ خَيْرَ مَا فِي هَذَا الْيَوْمِ وَخَيْرَ مَا بَعْدَهُ، وَأَعُوذُ بِكَ مِنْ شَرِّ مَا فِي هَذَا الْيَوْمِ وَمِنْ شَرِّ مَا بَعْدَهُ، رَبِّ أَعُوذُ بِكَ مِنَ الْكَسَلِ، وَسُوءِ الْكِبَرِ، رَبِّ أَعُوذُ بِكَ مِنْ عَذَابٍ فِي النَّارِ وَعَذَابٍ فِي الْقَبْرِ». [صحيح مسلم].

उच्चारण: "अस्बहना व अस्बहल् मुल्कु लिल्लाहि वल्हम्दु लिल्लाहि, ला इलाह इल्लल्लाहु वह्दहु ला शरीक लहु, लहुल्मुल्कु व लहुल्हम्दु, वहुव अला कुल्लि शैइन् कदीर, रब्बि अस्अलुक खैर मा फी हाजल् यौमि व खैर मा बअदहु, व अऊजु बि-क मिन् शर्रि मा फी हाजल यौमि व शर्रि मा बअदहु, रब्बि अऊजु बि-क मिनल् कसलि व सूइल् किबरि, रब्बि अऊजु बि-क मिन् अजाबिन् फिन्नारि व अजाबिन् फिल्कब्र।"

[अर्थ: हामीले बिहानी गर्यौं र अल्लाहको मुलुकले पनि बिहानी गर्यो अनि सबै किसिमका प्रशंसाहरू अल्लाहकै लागि छन्। अल्लाह बाहेक कोही सत्य पूजनीय छैन, उहाँ एक्लो हुनुहुन्छ, उहाँको कोही पनि साझेदार छैन। सम्पूर्ण राज्य सत्ता उहाँकै हुन् अनि उहाँकै लागि सबै किसिमका प्रशंसाहरू छन् र सबै चीजहरूमाथि उहाँकै अधिकार छ। हे मेरो पालनकर्ता ! आजको यस दिनमा जुन कुरा राम्रो तथा कल्याणकारी छ र यो दिन पछि जुन कुरा राम्रो तथा कल्याणकारी छ, त्यो तपाईंसँग माग्छु। अनि यस दिनको नराम्रो कुरा तथा पापबाट र यस पछि आउने दिनको नराम्रो तथा पापबाट तपाईंको शरण पर्छु। हे मेरो पालनकर्ता ! म अल्छीपना र बुढेसकालको दु:ख-कष्टबाट पनि तपाईंको शरणमा पर्छु। हे मेरो पालनकर्ता ! म नर्कको सजाय र चिहानमा हुने यातनाबाट पनि तपाईंको शरणमा पर्छु।] (मुस्लिम: २०८८)

- अनि पढ्नु हुन्थ्योः

«أَصْبَحْنَا عَلَى فِطْرَةِ الإِسْلاَمِ وَعَلَى كَلِمَةِ الإِخْلاَصِ، وَعَلَى دِينِ نَبِيِّنَا مُحَمَّدٍ ﷺ وَعَلَى مِلَّةِ أَبِينَا إِبْرَاهِيمَ حَنِيفًا مُسْلِمًا وَمَا كَانَ مِنَ الْمُشْرِكِينَ». [صحيح الجامع].

उच्चारणः "अस्बहना अला फित्रतिल् इस्लामि व अला कलिमतिल् इख्लासि, व अला दीनि नबिय्यिना मुहम्मदिन् सल्लल्लाहु अलैहि वसल्लम व अला मिल्लति अबीना इब्राहीम अनीफम् मुस्लिमा, व मा कान मिनल् मुश्रिकीन"

[अर्थः हामीले बिहानी गर्यौं प्राकृतिक धर्म इस्लाममा अनि कलिमा इख्लास (ला इलाह इल्लल्लाहु मुहम्मदुर्-रसूलुल्लाह) र मुहम्मद ﷺ को धर्म अनि आफ्नो बुवा (पुर्खा) इब्रहीम अलैहिस्सलामको तरिका इस्लाममा, जो (इब्राहीम) एकाग्रचित तथा मुस्लिम हुनु हुन्थ्यो, उहाँ बहुदेववादीहरू मध्येका हुनु हुँदैनथ्यो ।] (सहीहुल् जामेअः ४/ २०९)

यदि बेलुकाको समय हुन्थ्यो भने (أَصْبَحْنَا 'अस्बहना') बिहानी गर्यौं को बदलामा (أمسينا 'अम्सैना') साँझ गर्यौं, भन्नु हुन्थ्यो ।

- अनि उहाँ ﷺ ले निम्न दुआहरू बिहान र बेलुका दुबै समयमा पढ्नु हुन्थ्योः

«اللَّهُمَّ إِنِّي أَسْأَلُكَ الْعَفْوَ وَالْعَافِيَةَ فِي الدُّنْيَا وَالآخِرَةِ، اللَّهُمَّ إِنِّي أَسْأَلُكَ الْعَفْوَ وَالْعَافِيَةَ فِي دِينِي وَدُنْيَايَ، وَأَهْلِي وَمَالِي، اللَّهُمَّ اسْتُرْ عَوْرَاتِي، وَآمِنْ رَوْعَاتِي، اللَّهُمَّ احْفَظْنِي مِنْ بَيْنِ يَدَيَّ، وَمِنْ خَلْفِي، وَعَنْ يَمِينِي، وَعَنْ شِمَالِي، وَمِنْ فَوْقِي، وَأَعُوذُ بِعَظَمَتِكَ أَنْ أُغْتَالَ مِنْ تَحْتِي. [صحيح ابن ماجه للألباني].

उच्चारणः "अल्लाहुम्म इन्नी अस्अलुकल् अफ्व वल्-आफियत फिद्दुन्या वल्-आखिरति, अल्लाहुम्म इन्नी अस्अलुकल् अफ्व वल्-आफियत फी दिनी

व दुन्याय, व अह्-ली व माली, अल्लाहुम्मस्-तुर औराती व आमिन् रौआती, अल्लाहुम्मह्-फज्नी मिम्बैनि यदैय व मिन् खल्फी, व अन् यमीनी, व अन् शिमाली, व मिन् फौकी, व अऊजु बिअजमतिक अन् उग्ताल मिन् तह्ती"

[अर्थः हे अल्लाह ! म तपाईंसँग यसलोक र परलोकमा सुरक्षा, स्वास्थ्य र क्षमा माग्दछु । हे अल्लाह ! म आफ्नो धर्म, आफ्नो संसार, आफ्नो परिवार र आफ्नो धनमालको लागि तपाईंसँग सुरक्षा तथा क्षमा माग्दछु । हे अल्लाह ! मेरो पर्दा गरिने अंग तथा कुराहरूमाथि पर्दा हालिदिनु होस् । अनि मेरो बेचैनी र व्याकुलतालाई आराम तथा सुख र स्थिरतामा परिवर्तन गरिदिनुहोस् । हे अल्लाह ! मलाई मेरो अगाडीबाट, मेरो पछाडीबाट, मेरो दायाँतिर बाट, मेरो बायाँतिर बाट अनि मेरो माथिबाट मेरो सुरक्षा गर्नुहोस् । अनि अकस्तमात तलबाट (अर्थात भू-स्खलन तथा भूकम्पद्वारा) नष्ट गरिनुबाट म तपाईंको प्रतिष्ठा र महानताको माध्यमले शरणमा पर्दछु ।] (इब्ने माजाः २/ ३३२, सहीह अल्बानी)

- अनि बिहान र बेलुका तीन पटक यो दुआलाई पढ्नु हुन्थ्योः

«اللَّهُمَّ عَافِنِي فِي بَدَنِي، اللَّهُمَّ عَافِنِي فِي سَمْعِي، اللَّهُمَّ عَافِنِي فِي بَصَرِي، لاَ إِلَهَ إِلاَّ أَنْتَ. اللَّهُمَّ إِنِّي أَعُوذُ بِكَ مِنَ الْكُفْرِ وَالْفَقْرِ، وَأَعُوذُ بِكَ مِنْ عَذَابِ الْقَبْرِ، لاَ إِلَهَ إِلاَّ أَنْتَ».

उच्चारणः "अल्लाहुम्म आफिनी फी बदनी, अल्लाहुम्म आफिनी फी सम्ई, अल्लाहुम्म आफिनी फी बसरी, ला इलाह इल्ला अन्त । अल्लाहुम्म इन्नी अऊजु बि-क मिनल् कुफ्रि वल्-फक्रि, व अऊजु बि-क मिन् अजाबिल् कब्रि, ला इलाह इल्ला अन्त ।"

[अर्थः हे अल्लाह ! मेरो शरीरलाई स्वास्थ्यलाभ (आराम) प्रदान गर्नुहोस्,

हे अल्लाह ! मेरा कानहरूलाई स्वास्थ्यलाभ प्रदान गर्नुहोस्, हे अल्लाह ! मेरा आँखाहरूलाई स्वास्थ्यलाभ प्रदान गर्नुहोस्, तपाईं बाहेक कोही सत्य पूजनीय छैन । हे अल्लाह ! म अधर्म (कुफ्र) तथा गरिबीबाट तपाईंको शरण पर्छु र चिहानको सजायबाट तपाईंको शरण पर्छु, तपाईं बाहेक कोही सत्य पूजनीय छैन ।] (अबू दाऊद: ५०९० हसन अल्बानी)

- उहाँ ﷺ ले भन्नु भएको छः जसले 'सैइदुल् इस्तिग्फार' (क्षमायाचनाको उत्कृष्ट दुआ) हृदयमा यकीनको साथ दिनमा पढ्छ र साँझ पर्नुभन्दा पहिले उसको मृत्यु हुन्छ भने ऊ जन्नती हो, र जसले यसलाई यकीनको साथ रातमा पढ्छ अनि बिहान हुनुभन्दा पहिले उसको मृत्यु हुन्छ भने ऊ जन्नती हो । 'सैइदुल् इस्तिग्फार' यसप्रकार छः

«اللَّهُمَّ أَنْتَ رَبِّي، لاَ إِلَهَ إِلاَّ أَنْتَ، خَلَقْتَنِي وَأَنَا عَبْدُكَ، وَأَنَا عَلَى عَهْدِكَ وَوَعْدِكَ مَا اسْتَطَعْتُ، أَعُوذُ بِكَ مِنْ شَرِّ مَا صَنَعْتُ، أَبُوءُ لَكَ بِنِعْمَتِكَ عَلَيَّ وَأَبُوءُ بِذَنْبِي فَاغْفِرْ لِي فَإِنَّهُ لاَ يَغْفِرُ الذُّنُوبَ إِلاَّ أَنْتَ».

उच्चारणः "अल्लाहुम्म अन्त रब्बी, ला इलाह इल्ला अन्त, खलक्तनी व अना अब्दुक, व अना अला अह्-दिक व वअदिक मस्ततअतु, अऊजु बि-क मिन् शर्रि मा सनअतु, अबूउ लक बिनिअमतिक अलैय्य व अबूउ बिजम्बी फग्फिर् ली फइन्नहु ला यग्फिरुज्-जुनूब इल्ला अन्त"

[अर्थः हे अल्लाह ! तपाईं नै मेरो प्रतिपालक (प्रभु) हुनुहुन्छ, तपाईं बाहेक कोही सत्य पूजनीय छैन । तपाईंले मलाई सृष्टि गर्नुभयो तथा म तपाईंको भक्त हुँ । अनि म आफ्नो क्षमता अनुसार तपाईंसँग गरेको प्रतिज्ञा र वचनको पालना गर्छु । मैले जो पनि गरे, त्यसको पापबाट तपाईंको शरणमा पर्छु । ममाथि

तपाईंको जुन उपकार छ, त्यसलाई म स्वीकार गर्छु र आफ्ना पापहरूलाई पनि स्वीकार गर्छु। त्यसैले मलाई क्षमा गरिदिनुहोस्, तपाईं बाहेक कसैले पनि पापहरूलाई क्षमा गर्न सक्दैन।] (बुखारी: ६३०६)

- त्यसैगरी यस कुराको पनि जानकारी दिनु भएको छ: जसले 'सूरतुल्-इख्लास' (कुल्-हु वल्लाहु अहद) र 'सूरतुल्-फलक एवम् सुरतुन्-नास' (मुवज्जतैन معوذتين) तीन तीन पटक बिहान र बेलुकामा पढ्छ त्यसलाई हरेक कुराबाट बचाउको लागि पर्याप्त हुनेछ। (अबू दाऊद: ५०८२, सहीह अल्बानी)

- त्यसैगरी उहाँ ﷺ ले भन्नु भएको छ: जसले बिहान र बेलुका तीन-तीन पटक यो दुआ पढ्छ, उसलाई कुनै पनि चीजले हानी पुर्याउन सक्नेछैन:

«بِسْمِ اللهِ الَّذِي لاَ يَضُرُّ مَعَ اسْمِهِ شَيْءٌ فِي الأَرْضِ وَلاَ فِي السَّمَاءِ وَهُوَ السَّمِيعُ الْعَلِيمُ».

उच्चारण: "बिस्मिल्लाहि-ल्लजी ला यजुर्रु मअ-अस्मिहि शैउन् फिल्अर्जि वला फिस्समाइ वहुवस्-समीउल् अलीम"

[अर्थ: अल्लाहको नामबाट, जसको नामको साथ धरती र आकाशमा कुनै पनि चीजले हानी पुर्याउन सक्दैन अनि उहाँ सर्वश्रोता एवं सर्वज्ञाता हुनुहुन्छ।]

जसले बिहान र बेलुका तीन-तीन पटक यस दुआलाई पढ्छ, उसलाई कुनै चीजले हानी पुर्याउन सक्दैन। (इब्ने माजा: ३८६९, सहीह अल्बानी)

- अनि अबू बकर रजियल्लाहु अन्हुलाई अल्लाहको रसूल ﷺ ले बिहान र बेलुका पढ्नको लागि यो सिकाउनु भएको थियो:

«اللَّهُمَّ عَالِمَ الْغَيْبِ وَالشَّهَادَةِ فَاطِرَ السَّمَوَاتِ وَالأَرْضِ، رَبَّ كُلِّ شَيْءٍ وَمَلِيكَهُ،

أَشْهَدُ أَنْ لاَّ إِلَهَ إِلاَّ أَنْتَ، أَعُوذُ بِكَ مِنْ شَرِّ نَفْسِي، وَمِنْ شَرِّ الشَّيْطَانِ وَشِرْكِهِ، وَأَنْ أَقْتَرِفَ عَلَى نَفْسِي سُوءًا، أَوْ أَجُرَّهُ إِلَى مُسْلِمٍ».

उच्चारणः "अल्लाहुम्म आलिमल् गैबि वश्शहादति, फातिरस् समावाति वल्अर्जि, रब्ब कुल्लि शैइन् व मलीकहु, अश्हदु अल्ला इलाह इल्ला अन्त, अऊजु बि-क मिन् शर्रि नफ्सी, व मिन् शर्रि शैतानि व शिर्किहि, व अन् अक्तरिफ अला नफ्सी सूअन् औ अजुर्रहु इला मुस्लिम"

[अर्थः हे अल्लाह ! प्रत्यक्ष र परोक्षका सम्पूर्ण चीजहरूको ज्ञाता, आकाश र धरतीहरूको श्रष्टा, सम्पूर्ण चीजहरूको प्रतिपालक तथा मालिक ! म गवाही दिन्छु, तपाईं बाहेक कोही पनि सत्य पूज्य छैन । म मनको उपद्रव र शैतानको उपद्रव तथा उसको साझेदारीबाट तपाईंको शरणमा पर्छु अनि आफू र कुनै मुस्लिमप्रतिको कुबिचारबाट पनि तपाईंको शरणमा पर्छु । (सहीह तिर्मिजीः ३/ १४२)

- त्यसैगरी उहाँ ﷺ ले आफ्नी प्यारी छोरी फातिमा रजियल्लाहु अन्हालाई यो दुआ पढ्ने उपदेश दिनु भएको थियोः

«يَا حَيُّ! يَا قَيُّومُ! بِرَحْمَتِكَ أَسْتَغِيثُ، أَصْلِحْ لِي شَأْنِي كُلَّهُ، وَلاَ تَكِلْنِي إِلَى نَفْسِي طَرْفَةَ عَيْنٍ». [الصحيحة]

उच्चारणः "या हय्यु! या कय्यूमु! बिरह्-मतिक अस्तगीसु, अस्लिह् ली शानी कुल्लहु, वला तकिल्नी इला नफ्सी तर्फत ऐनिन्"

[अर्थः हे सदा अमर रहिरहने, सबैलाई व्यवस्थित गर्ने र सुरक्षा गर्ने प्रभु ! म तपाईंको दया र कृपाको माध्यमले विन्ती गर्छु, मेरा सम्पूर्ण कुराहरूलाई ठीकठाक पारिदिनु होस्, अनि आखाँ झिम्काउने बराबरको समय पनि मलाई मेरो मनको अधिन नगर्नुहोस् ।] (हाकिमः १/ १४५, सहीहुत्तरगीब वत्तरहीबः १/२७३)

- अनि भन्नु भएको छः

«مَنْ قَالَ حِينَ يُصْبِحُ وَحِينَ يُمْسِي: سُبْحَانَ اللهِ وَبِحَمْدِهِ مِائَةَ مَرَّةٍ لَمْ يَأْتِ أَحَدٌ يَوْمَ الْقِيَامَةِ بِأَفْضَلَ مِمَّا جَاءَ بِهِ، إِلاَّ أَحَدٌ قَالَ مِثْلَ مَا قَالَ أَوْ زَادَ». [صحيح مسلم].

जसले बिहान र बेलुका १०० पटक "सुब्हानल्लाहि वबिहम्दिहि"

[अर्थः अल्लाहको प्रशंसाको साथ उहाँको पवित्रता बयान गर्छु ।] पढ्छ, कयामतको दिन कुनैपनि मानिस उसको भन्दा उत्तम पुण्यकर्म लिएर आएको हुनेछैन तर कसैले त्योभन्दा धेरै पटक यो पढेको हुनेछ भने त्यो १०० पटक पढेको भन्दा धेरै पुण्य कर्म लिएर आएको हुनेछ। (मुस्लिमः २६९२)

- यसै दुआको बारेमा रसूल ﷺ ले भन्नु भएको छः जसले दिनमा १०० पटक यस दुआलाई पढ्छ, अल्लाह तआलाले समुद्रको फिंज (झाग) बराबर पापहरू भएपनि क्षमा गरिदिनु हुनेछ। (बुखारीः ६४०५)

- अनि उहाँ ﷺ ले यो पनि भन्नु भएको छः

«مَنْ قَالَ لاَ إِلَهَ إِلاَّ اللهُ وَحْدَهُ لاَ شَرِيكَ لَهُ، لَهُ الْمُلْكُ، وَلَهُ الْحَمْدُ، وَهُوَ عَلَى كُلِّ شَيْءٍ قَدِيرٌ، فِي يَوْمٍ مِائَةَ مَرَّةٍ، كَانَتْ لَهُ عَدْلُ عَشْرِ رِقَابٍ، وَكُتِبَتْ لَهُ مِائَةُ حَسَنَةٍ، وَمُحِيَتْ عَنْهُ مِائَةُ سَيِّئَةٍ، وَكَانَتْ لَهُ حِرْزًا مِنَ الشَّيْطَانِ يَوْمَهُ ذَلِكَ حَتَّى يُمْسِيَ، وَلَمْ يَأْتِ أَحَدٌ بِأَفْضَلَ مِمَّا جَاءَ بِهِ إِلاَّ رَجُلٌ عَمِلَ أَكْثَرَ مِنْهُ». [متفق عليه].

जसले दिनमा १०० (सय) पटक यो पढ्छः

उच्चारणः "ला इलाह इल्लल्लाहु वह्दहु ला शरीक लहु, लहुल्मुल्कु व लहुल्हम्दु, वहुव अला कुल्लि शैइन् कदीर,"

[अर्थः अल्लाह बाहेक कोही सत्य पूजनीय छैन, उहाँ एक्लो हुनुहुन्छ, उहाँको

कोही पनि साझेदार छैन। सम्पूर्ण राज्य सत्ता उहाँकै हुन् अनि उहाँकै लागि सबै किसिमका प्रशंसाहरू छन् र सबै चीजहरूमाथि उहाँकै अधिकार छ।] त उसलाई १० (दश) वटा दास (गुलाम) हरूलाई मुक्त गरे बराबर पुण्य मिल्नेछ, अनि त्यसका १०० (सय) वटा पापहरूलाई क्षमा गरिनेछ, १०० वटा पुण्य कर्महरू उसको कर्मपत्रमा लेखिनेछ। यसको साथसाथै यस दुआको बरकत र माध्यमले त्यस दिन बिहानदेखि बेलुकासम्म शैतानको षडयन्त्रबाट सुरक्षित रहनेछ र कुनैपनि व्यक्ति कयामतको दिन ऊ भन्दा धेरै पुण्य कर्महरू ल्याएर आएको हुनेछैन, तर यदि कुनै व्यक्तिले ऊ भन्दा धेरै पटक यो दुआ पढेको हुनेछ भने उसले ऊ भन्दा धेरै पुण्य कर्महरू ल्याएर आएको हुनेछ। (बुखारीः ३२९३, मुस्लिमः २६९१)

अनि रसूल ﷺ ले आफूमाथि दरूद पठाउनेहरूको बारेमा भन्नु भएको छः

«مَنْ صَلَّى عَلَيَّ حِينَ يُصْبِحُ عَشْرًا، وَحِينَ يُمْسِي عَشْرًا، أَدْرَكَتْهُ شَفَاعَتِي يَوْمَ الْقِيَامَةِ». [حسّنه في صحيح الجامع].

जसले ममाथि १० पटक बिहान र १० पटक बेलुका दरुद (सलाम) पढ्छ, कयामतको दिन ऊ मेरो सिफारिशको भागिदार हुनेछ। (हसन सहीह जामेअ, मज्मउज्जवाइद १०/ १२०)

## बिहानमा मात्रै पढिने दुआ

- रसूल ﷺ ले भन्नु भएको छः

«مَنْ قَالَ إِذَا أَصْبَحَ: رَضِيتُ بِاللهِ رَبًّا، وَبِالإِسْلاَمِ دِينًا، وَبِمُحَمَّدٍ نَبِيًّا، فَأَنَا الزَّعِيمُ لآخُذَنَّ بِيَدِهِ حَتَّى أُدْخِلَهُ الْجَنَّةَ». [الصحيحة].

जसले बिहानको समयमा यो दुआ पढछः

उच्चारणः "रजीतु बिल्लाहि रब्बा, व बिल्-इस्लामि दीना, व बिमुहम्मदिन् नबिय्या"

[अर्थः म अल्लाहलाई प्रतिपालक मानेर, अनि इस्लामलाई आफ्नो धर्म मानेर र मुहम्मद ﷺ लाई सन्देशवाहक मानेर राजीखुसी छु ।] त मैले जमानत दिन्छु, अवश्य उसको हातलाई समातेर स्वर्गमा प्रवेश गराउने छु । (सिलसिला सहीहा)

## बेलुकामा मात्र पढिने दुआ

- रसूल ﷺ ले भन्नु भएको छः जसले बेलुकामा यस दुआलाई तीन पटक पढ्छ-

«أَعُوذُ بِكَلِمَاتِ اللهِ التَّامَّاتِ مِنْ شَرِّ مَا خَلَقَ».

उच्चारणः "अऊजु बि-कलिमाति-ल्लाहित्-ताम्माति मिन् शर्रि मा खलक"

[अर्थः म अल्लाहका सम्पूर्ण कलिमात (वाणी) हरूको माध्यमले उहाँले सृष्टि गर्नु भएका सम्पूर्ण उपद्रव तथा षडयन्त्रबाट उहाँको शरण माग्छु ।]

त यो पढ्ने व्यक्तिलाई त्यस रातमा विषालु जनावरहरू सर्प, बिच्छु आदिले पनि कुनै हानी गर्न सक्दैन । (सहीह तिर्मिजीः ३/ १८७, मुस्नद अहमदः २/ २९०, इब्ने माजाः २/ २६६)]

## उहाँ ﷺ को खानपानको तरिका

- रसूल ﷺ ले तयार भएको खानालाई इन्कार (वापस) गर्नु हुँदैनथ्यो र खाना तयार नभएको भए तयार गर्न भनेर दुख दिनु हुँदैनथ्यो। बरु हलाल र पवित्र चीजमध्ये जो पनि उहाँको सामु पेश गरिन्थ्यो, त्यो स्वीकार गर्नु हुन्थ्यो। तर यदि खाने मन हुँदैनथ्यो भने त्यसलाई कुनै टीका टिप्पणी नगरी, खराब तथा हराम नभनिकन अलग रहनु हुन्थ्यो। अनि उहाँ ﷺ ले कहिल्यै पनि खानामा कुनै किसिमको कमी वा खोट निकाल्नु भएन, यदि खाना मन पर्थ्यो भने खानु हुन्थ्यो नत्र छोडिदिनु हुन्थ्यो। (बुखारीः ५४०९, मुस्लिमः ३४५८)
- खाना खुवाउने व्यक्तिको हौसला बढाउनको लागि खानाको प्रशंसा गर्नु हुन्थ्यो। (मुस्लिम)
- उहाँ ﷺ जो खाना सजिलै मिल्थ्यो त्यसै खानामा सन्तोष रहनु हुन्थ्यो, यदि त्यसलाई पाउन कठिन हुन्थ्यो भने धैर्य गर्नु हुन्थ्यो। यति धैरै धैर्य गर्नु हुन्थ्यो कि आफ्नो पेटमा ढुंगा पनि बाँध्नु हुन्थ्यो। कहिले त उहाँ ﷺ को पुरै दिन भोकभोकै बित्थ्यो। भोक मेटाउनको लागि सुकेको खराब खजुर पनि मिल्दैनथ्यो। यहाँसम्म कि कहिलेकाहीं त तीन महिनासम्म उहाँको घरमा चुला पनि बल्दैनथ्यो। (बुखारी )

- उहाँ ﷺ जब आफ्नो घरमा जानु हुन्थ्यो त सोध्नु हुन्थ्योः "के तिमीहरूको पासमा केही खानेकुरा छ ?" यदि छैन भन्ने उत्तर आउँथ्यो भने उहाँ ﷺ ले भन्नु हुन्थ्योः "म रोजा (ब्रत) छु ।" (अबू दाऊद सहीह अल्बानी)
- उहाँ प्रत्येक सोमवार र बिहीवार ब्रत बस्नु हुन्थ्यो । (मुस्लिमः २५६५)
- उहाँ ﷺ प्रत्येक महिना अरबी तारिख अनुसार तीनदिन (१३, १४, १५ तारिखको) ब्रत बस्नु हुन्थ्यो । (मुस्लिमः ७२१)
- जब खाना खान सुरु गर्नु हुन्थ्यो, तब "बिस्मिल्लाह" भनेर (अल्लाहको नाम लिएर) सुरु गर्नु हुन्थ्यो, र खाइसके पछि अन्त्यमा अल्लाहको प्रशंसा गर्दै भन्नु हुन्थ्योः

«الْحَمْدُ لِلَّهِ حَمْدًا كَثِيرًا طَيِّبًا مُبَارَكًا فِيهِ، غَيْرَ مَكْفِيٍّ وَلاَ مُوَدَّعٍ، وَلاَ مُسْتَغْنًى عَنْهُ رَبَّنَا». [صحيح البخاري].

उच्चारणः "अल्हम्दु लिल्लाहि हम्दन् कसीरन् तैइबन् मुबारकन् फीहि, गैर मक्फीइन् वला मुवद्दइन्, वला मुस्तग्नन् अन्हु रब्बना ।"

[अर्थः सबै प्रकारका प्रशंसाहरू अल्लाहकै लागि छन्, अत्याधिक प्रशंसा, पवित्र प्रशंसा जसमा बरकत तथा कल्याण होस्, जसलाई न पर्याप्त सम्झेको होस् न छाडिएको होस्, अनि बेपरवाह र विमुखता पनि गरिएको नहोस् । हे हाम्रो पालनकर्ता !] (बुखारीः ५४५८)

- अनि यो पनि भन्नु भएको छः

«مَنْ أَكَلَ طَعَامًا فَقَالَ: الْحَمْدُ لِلَّهِ الَّذِي أَطْعَمَنِي هَذَا، وَرَزَقَنِيهِ مِنْ غَيْرِ حَوْلٍ مِنِّي وَلاَ قُوَّةٍ، غُفِرَ لَهُ مَا تَقَدَّمَ مِنْ ذَنْبِهِ». [صحيح الترمذي للألباني].

जसले खाना खायो अनि यो दुआ पढयोः “अल्हम्दु लिल्लाहिल्-लजी अत्अमनी हाजा, व रजकनीहि मिन् गैरि हौलिन् मिन्नी व ला कुव्वह्”

[अर्थः सबै किसिमका प्रशंसाहरू मात्र अल्लाहकै लागि छन्, जसले मलाई यो खाना खुवाउनु भयो। अनि मेरो कुनै प्रयास बिना र शक्ति बिना नै मलाई यो रोजी प्रदान गर्नुभयो।] त उसका सबै पापहरू क्षमा गरिन्छन्। (अबू दाऊदः ४०२३, तिर्मिजीः ३४५८ सहीह अल्बानी)

- उहाँ ﷺ ले तीन औंलाले खाना खानु हुन्थ्यो अनि जब खाना खाई सक्नु हुन्थ्यो तब तिनलाई धुनु वा पुछनुभन्दा पहिले चाटनु हुन्थ्यो। (मुस्लिमः २०३२)
- उहाँ ﷺ ले दायाँ हातले खाना खाने आदेश दिनु हुन्थ्यो अनि भन्नु हुन्थ्योः शैतानले आफ्नो बायाँ हातले खान्छ र पिउँछ। (मुस्लिमः २०२२)
- उहाँ ﷺ ले अडेस लागेर खाना खानु हुँदैनथ्यो। प्रायजसो उहाँले जमीनमै बसेर खाना खानु हुन्थ्यो। (बुखारीः ५३८९ )
- उभिएर पानी पिउन मनाही गर्नु हुन्थ्यो। (मुस्लिमः २०२६)
- प्रायजसो उहाँले बसेरै पानी पिउनु हुन्थ्यो। जब पिउनु हुन्थ्यो तब भाँडोभन्दा बाहिर तीन पटक स्वास फेर्नु हुन्थ्यो। अनि भन्नु हुन्थ्योः “यसरी पिउँदा खुब सिंचिन्छ तथा प्यास मेटिन्छ (वा रोगबाट बचिन्छ) र पानी राम्ररी पच्छ।” (मुस्लिम )
- खाना खुवाउने र पिलाउनेहरूको लागि उहाँ ﷺ ले यसरी दुआ दिनु हुन्थ्योः

«اللَّهُمَّ أَطْعِمْ مَنْ أَطْعَمَنِي، وَاسْقِ مَنْ سَقَانِي». [صحيح مسلم].

उच्चारणः "अल्लाहुम्म अत्इम मन् अत्अमनी वस्कि मन् सकानी"

[अर्थः हे अल्लाह ! जसले मलाई खुवाउँछ तपाईंले उसलाई पनि खुवाउनुहोस् र जसले मलाई पिलाउँछ तपाईंले पनि उसलाई पिलाउनुहोस् ।] (मुस्लिमः २०५५)

- अनि खुवाउने अथवा अतिथि सत्कार गर्ने व्यक्ति (मेजमान) को लागि यो दुआ गर्नु हुन्थ्योः

«اللَّهُمَّ بَارِكْ لَهُمْ فِيمَا رَزَقْتَهُمْ وَاغْفِرْ لَهُمْ وَارْحَمْهُمْ». [صحيح مسلم].

उच्चारणः "अल्लाहुम्म बारिक् लहुम् फीमा रजक्तहुम् वग्फिर् लहुम् वर्हम्हुम्"

[अर्थः हे अल्लाह ! तपाईंले यिनीहरूलाई जे पनि प्रदान गर्नुहुन्छ त्यसमा बरकत तथा वृद्धि प्रदान गर्नुहोस् अनि यिनीहरूलाई क्षमा गरिदिनुहोस् र यिनीहरूमाथि दया तथा कृपा गर्नुहोस् ।] (मुस्लिमः २०४२)

# उहाँ ﷺ को पहिरन,
# हिंडाई र यात्रा गर्ने तरिका

- रसूल ﷺ ले लुगा लगाउँदा यो दुआ पढ्नु हुन्थ्यो:

  «الْحَمْدُ للهِ الَّذِي كَسَانِي هَذَا الثَّوْبَ وَرَزَقَنِيهِ مِنْ غَيْرِ حَوْلٍ مِنِّي وَلاَ قُوَّةٍ». [صحيح أبي داود للألباني].

  उच्चारण: “अल्हम्दु लिल्लाहिल्लजी कसानी हाजस्सौब व रजकनीहि मिन् गैरि हौलिन् मिन्नी वला कुव्वह्”

  [अर्थः सबै किसिमका प्रशंसाहरू अल्लाहकै लागि छन्, जसले मलाई बिना कुनै मेहनत र शक्ति यो लुगा लगाउने गराउने सौभाग्य प्रदान गर्नुभयो ।] (अबू दाऊदः ४०२३, हसन अल्बानी)

- जब उहाँ ﷺ कुनै नयाँ लुगा लगाउनु हुन्थ्यो तब त्यस लुगाको नाम जस्तैः पगडी, कमीज, शल वा अन्य कुनैको नाम लिनु हुन्थ्यो अनि यो दुआ पढ्नु हुन्थ्यो:

  «اللَّهُمَّ لَكَ الْحَمْدُ أَنْتَ كَسَوْتَنِيهِ، أَسْأَلُكَ خَيْرَهُ وَخَيْرَ مَا صُنِعَ لَهُ، وَأَعُوذُ بِكَ مِنْ شَرِّهِ وَشَرِّ مَا صُنِعَ لَهُ». [صحيح أبي داود للألباني].

- उच्चारणः "अल्लाहुम्म लकल् हम्दु अन्त कसौतनीहि, अस्अलुक खैरहु व खैर मा सुनिअ लहु, व अऊजु बि-क मिन् शर्रिहि व शर्रि मा सुनिअ लहु"
- [अर्थः हे अल्लाह ! तपाईंकै लागि सबै प्रशंसाहरू छन्, तपाईंले यो लुगा मलाई प्रदान गर्नुभयो । म तपाईंसँग यस लुगाको भलाई र यो जुन कामको लागि बनाइएको छ त्यसको राम्रो कुरा माग्छु र यसको कुभलाई र जुन नराम्रो कामको लागि बनाइएको छ त्यसको नराम्रो कुराबाट तपाईंको शरण पर्छु । (अबू दाऊदः ४०२०, सहीह अल्बानी)
- उहाँ ﷺ लाई सबैभन्दा मनपर्ने लुगा कमीस (कुर्ता) र हिबरा (रातो रंगको लाईन भएको सुतीको कपडा) थिए । (अबू दाऊदः ४०२५, तिर्मिजीः१७६४)
- रंगहरूमा उहाँ ﷺ लाई सबैभन्दा मनपर्ने रंग सेतो थियो । उहाँ ﷺ ले भन्नु भएको छः

  «خَيْرُ ثِيَابِكُمْ الْبَيَاضُ، فَالْبَسُوهَا، وَكَفِّنُوا فِيهَا مَوْتَاكُمْ». [صحيح ابن ماجه للألباني].

  तिमीहरूको लुगाहरूमा सबैभन्दा उत्तम रंग सेतो हो, त्यसैले तिमीहरूले स्वयम् लगाऊ र मृतकहरूलाई पनि कफनमा लगाइदिने गर । (इब्ने माजाहः ३५६६ सहीह अल्बानी)
- उहाँ ﷺ लाई पुरै रातो रंगको लुगा मन पर्दैनथ्यो र त्यसलाई मनाही पनि गर्नु भएको छ । (बुखारी)
- उहाँ ﷺ ले महिलाको लुगा लगाउने पुरुष र पुरुषको लुगा लगाउने महिलामाथि धिक्कार गर्नु भएको छ । अब्दुल्लाह बिन अम्र रजियल्लाहु अन्हुलाई पहेंलो रंगको दुईवटा लुगा लगाएको देखेर भन्नु भएको थियोः

«إِنَّ هَذَا مِنْ ثِيَابِ الْكُفَّارِ فَلاَ تَلْبَسْهَا» [صحيح مسلم].

निसन्देह यो काफिर (अवज्ञाकारी) हरूको खास लुगा हो, तसर्थ यसलाई नलगाऊ। (मुस्लिमः २०७७)

- उहाँले प्रशिद्ध हुने खालको कपडा लगाउन मनाही गर्नु भएको छ। (अबू दाऊद सहीह अल्बानी)
- त्यसैगरी पुरुषहरूलाई रेशमको कपडा अनि सुनको गहना लगाउन पनि मनाही गर्नु भएको छ। (मुस्लिमः बुखारीः ५६३२, मुस्लिः २०६७)
- अनि घमन्ड गर्दै ठुलो बन्नलाई लुगालाई भुँइमा लतार्दै हिंड्न र पुरुषहरूलाई गोलीगाँठो भन्दा तलसम्म लामो कपडा लगाउन पनि मनाही गर्नु भएको छ। चाहे घमन्ड गरेर होस् वा बिना घमन्डको। भन्नु भएको छः

«مَا أَسْفَلَ مِنَ الْكَعْبَيْنِ مِنَ الإِزَارِ فَفِي النَّارِ». [صحيح البخاري].

तहबन्द (पैजामा, लुँगी, सुरुवाल, पाइन्ट इत्यादि) जस्ता कपडाहरूको जो भाग गोलीगाँठो भन्दा तल हुन्छ, त्यो आगोमा हुनेछ। (बुखारीः ५७८७)

- उहाँ ﷺ को तहबन्द (लुँगी, पैजामा) आधा पिंडौलासम्म हुन्थ्यो। (अल्बानीले शमाइल मा सहीह भन्नु भएको छ)
- जब उहाँ ﷺ ले कमीस (कुर्ता) लगाउनु हुन्थ्यो तब दायाँ तिरबाट सुरु गर्नु हुन्थ्यो। भन्नु भएको छः

«إِذَا لَبِسْتُمْ، وَإِذَا تَوَضَّأْتُمْ، فَابْدَؤُوا بِأَيَامِنِكُمْ». [صحيح أبي داود للألباني].

जब तिमीहरूले लुगा लगाउँछौ वा वजू गर्छौ त दायाँ तिरबाट सुरु गर। (अबू दाऊदः ४१४१ सहीह अल्बानी)

- जब लुगा फुकाल्नु हुन्थ्यो त बायाँ तिरबाट फुकाल्नु हुन्थ्यो । त्यसैगरी जुता लगाउँदा र खोल्दा पनि यस्तै गर्नु हुन्थ्यो । उहाँ ﷺ ले दायाँ खुट्टाको बारेमा भन्नु भएको छः

«لِتَكُنْ أُولاَهُمَا تُنْعَلُ، وَآخِرَهُمَا تُنْزَعُ». [صحيح البخاري].

- जुता लगाउने बेला दायाँ खुट्टा पहिले होस् र खोल्ने बेलामा पछि होस् । (बुखारीः ५८५६ )
- अनि एउटा मात्र जुता लगाएर हिंडन पनि मनाही गर्नु भएको छ । (बुखारीः ५८५५)
- उहाँ ﷺ कहिलेकाहीं खाली खुट्टा (जुता चप्पल नलगाएर) पनि हिंडनु हुन्थ्यो । (अबू दाऊद सहीह)
- उहाँ ﷺ अगाडी तिर झुकेर यसरी हिंडनु हुन्थ्यो लाग्थ्यो कि माथितिरबाट तलतिर ओर्लिंदै हुनुहुन्छ । (तिर्मिजी सहीह अल्बानी)
- जब उहाँ ﷺ यात्राको लागि सवारी साधन जनावरमाथि बस्न थाल्नु हुन्थ्यो तब रिकाब (पाउदान) मा पहिले दायाँ खुट्टा राख्दै «بِسْمِ الله» “बिस्मिल्लाह” [अर्थः अल्लाहको नामबाट] भन्नु हुन्थ्यो । अनि जब त्यस सवारीको पीठमाथि बस्नु हुन्थ्यो त «الْحَمْدُ لِلَّهِ» “अल्हम्दु लिल्लाह” [सबै प्रशंसाहरू अल्लहकै लागि छन्] भन्नु हुन्थ्यो । त्यसपछि यो दुआ पढ्नु हुन्थ्योः

«سُبْحَانَ الَّذِي سَخَّرَ لَنَا هَذَا، وَمَا كُنَّا لَهُ مُقْرِنِينَ، وَإِنَّا إِلَى رَبِّنَا لَمُنْقَلِبُونَ».

उच्चारणः “सुब्हानल्लजी सख्खर लना हाजा व मा कुन्ना लहु मुक्रिनीन, व इन्ना इला रब्बिना लमुन्कलिबून”

[अर्थः महिमावान हुनुहुन्छ उहाँ जसले यसलाई हाम्रो वशमा गरिदिनु भयो, अन्यथा हामीले त यसलाई नियन्त्रणमा गर्न सक्ने थिएनौं । र निश्चित छ हामी आफ्नो पालनकर्तातिर फर्केर जाने छौं ।" (सूरतुज्जुखरुफः ४३/ १३-१४)

- त्यसपछि तीन पटक "अल्हम्दु लिल्लाह" र तीन पटक "अल्लाहु अक्बर" भन्नु हुन्थ्यो। अनि यो दुआ पढ्नु हुन्थ्योः

«اللَّهُمَّ إِنِّي ظَلَمْتُ نَفْسِي فَاغْفِرْ لِي، إِنَّهُ لاَ يَغْفِرُ الذُّنُوبَ إِلاَّ أَنْتَ». [مسند أحمد].

उच्चारणः "अल्लाहुम्म इन्नी जलम्तु नफ्सी फग्फिर् ली, इन्नहु ला यग्फिरुज्-जुनूब इल्ला अन्त"

[अर्थः हे अल्लाह! निसन्देह मैले आफूमाथि अत्याचार गरेको छु, तपाईंले मलाई क्षमा गर्नुहोस्, तपाईं बाहेको कोही पनि पापहरूलाई क्षमा गर्नेवाला छैन ।] (मुस्नद अहमदः ९३० हसन)

## उहाँ ﷺ को आचरण र मानवप्रतिको व्यवहार

- नबी ﷺ मानिसहरूमा सबैभन्दा सुन्दर अनुहार, उत्तम आचरण भएको अनि मिष्ठभाषी व्यक्ति हुनुहुन्थ्यो। (बुखारीः ३५६१, सूरह कलमः ४)
- न त उहाँले अनावश्यक कुरा गर्नु हुन्थ्यो न कटुभाषी नै हुनुहुन्थ्यो र न त बजारमा हल्ला खल्ला गर्ने गर्नु हुन्थ्यो। उहाँ ﷺ ले नराम्रोको बदला नराम्रो तरिकाले कहिल्यै पनि लिनु हुँदैनथ्यो, बरु उहाँसँग कसैले नराम्रो व्यवहार गरेको भए त्यसलाई माफी र बेवास्ता गरिदिनु हुन्थ्यो। (तिर्मिजीः २०१६, सहीह अल्बानी)
- अनि उहाँ ﷺ ले आफू स्वयम्माथि भएको कुनै पनि अत्याचारको बदला लिनु भएन। तर अल्लाहको नियमलाई तोडिएको छ (हराम काम गरिएको छ) भने त्यसको बदला लिनु भयो। यदि अल्लाहले हराम गरेको नियमलाई तोडिन्थ्यो भने यस मामिलामा उहाँ सबैभन्दा धेरै रिसाउनु हुन्थ्यो। अनि जब पनि उहाँलाई कुनै दुई काममध्ये एउटा कामलाई रोज्न दिइन्थ्यो त उहाँले ती दुईमध्ये सबैभन्दा सजिलो कामलाई रोज्नु हुन्थ्यो। तर त्यो काम गुनाह (पाप) को हुनु हुँदैनथ्यो। (बुखारीः ६७८६)

- उहाँ ﷺ ले आफ्नो हातले कुनै पनि चीजलाई मार्नु भएन्, न त गुलाम (दास) लाई पिट्नु भयो, न महिलालाई, न त कुनै नोकरलाई। तर उहाँ अल्लाहको मार्गमा जिहाद गर्नु भयो। (मुस्लिम)

नबी ﷺ का सेवक अनस रजियल्लाहु अन्हुले भन्नु भएको छः

«خَدَمْتُ رَسُولَ اللهِ ﷺ عَشْرَ سِنِينَ، فَمَا قَالَ لِي أُفٍّ قَطُّ، وَمَا قَالَ لِي لِشَيْءٍ صَنَعْتُهُ: لِمَ صَنَعْتَهُ؟ وَلاَ لِشَيْءٍ تَرَكْتُهُ: لِمَ تَرَكْتَهُ؟» [متفق عليه].

मैले रसूल ﷺ को दश वर्ष सेवा गरे, उहाँले मलाई कहिले उफ् समेत भन्नु भएन। मैले जो काम गरे त्यसको बारेमा 'किन यस्तो काम गर्यौं'? पनि भन्नु भएन र कुनै काम गरेन भने त्यसको बारेमा 'किन यो काम गरेनौं'? पनि भन्नु भएन। (बुखारीः ३५६१, मुस्लिमः २३३०)

- उहाँ ﷺ ले जब कसैसँग मुसाफहा गर्नु हुन्थ्यो (हात मिलाउनु हुन्थ्यो) वा कुनै व्यक्तिले उहाँसँग हात मिलाउँथ्यो त उहाँले तबसम्म आफ्नो हातलाई छुडाउनु हुन्नथ्यो जबसम्म स्वयम् त्यस व्यक्तिले छुडाउँदैनथ्यो। (इब्ने माजा सहीह अल्बानी)

- अनि कुनै व्यक्तिसँग कुराकानी गर्दा आफ्नो अनुहार र कुराद्वारा यसरी सामना गर्नु हुन्थ्यो कि त्यो व्यक्तिलाई महसुस हुन्थ्यो, उहाँ ﷺ ले उसलाई आफ्ना नजिकका मानिसहरूमध्ये सबैभन्दा धेरै माया गर्नु हुन्छ। (बुखारी)

जरीर बिन अब्दुल्लाह रजियल्लाहु अन्हुले बयान गर्नु भएको छः

«مَا رَآنِي رَسُولُ اللهِ ﷺ مُنْذُ أَسْلَمْتُ إِلاَّ تَبَسَّمَ». [صحيح البخاري].

मैले इस्लाम स्वीकार गरेपछि अल्लाहको रसूल ﷺ मसँग सधैं मुस्कराउँदै मिल्नु हुन्थ्यो। (बुखारीः ३०३५, ३०३६)

त्यसैगरी अब्दुल्लाह बिन हारिस रजियल्लाहु अन्हुले पनि भन्नु भएको छः

«مَا رَأَيْتُ أَحَدًا أَكْثَرَ تَبَسُّمًا مِنْ رَسُولِ الله ﷺ». [صحيح الترمذي للألباني].

मैले रसूल ﷺ भन्दा अधिक मुस्कुराउने कसैलाई पनि देखेन। (तिर्मिजीः ३६४१ सहीह अल्बानी)

- उहाँ ﷺ ले कसैसँग कुरा गर्दा यसरी रुकी रुकी कुरा गर्नु हुन्थ्यो कि यदि कसैले कुराहरू गन्न चाहेमा गन्न पनि सक्थ्यो। (बुखारी)
- अनि कुराकानी गर्दा यति सफा र स्पष्ट कुरा गर्नु हुन्थ्यो कि प्रत्येक सुन्ने व्यक्तिले सजिलै सम्झन सक्थ्यो। (अबू दाऊद सहीह अल्बानी)
- उहाँले छिटो-छिटो कुरा गर्नु हुँदैनथ्यो, शब्दलाई तीन पटकसम्म पनि दोहोराउनु हुन्थ्यो, अनि सुन्ने व्यक्तिले राम्ररी सम्झन सक्थ्यो। (बुखारी)
- उहाँको सामु कसैको बारेमा कुनै गुनासो पुगेमा उसको नाम लिएर भन्नु हुन्नथ्यो। बरु नाम नलिइकन भन्नु हुन्थ्योः मानिसहरूलाई के भएको छ ? यस्तो यस्तो भन्छन् अरे ! (अबू दाऊद सहीह अल्बानी)
- सधैं नबी ﷺ अल्लाहको जिक्र (स्तुति) मै व्यस्त रहनु हुन्थ्यो। (मुस्लिम)
- सहाबा रजियल्लाहु अन्हुमले अन्दाजा लगाउँथे अल्लाहको नबी ﷺ एउटा मजिलस (सभा) मा इस्तिग्फार (क्षमायाचानाको दुआ) सय पटक जति पढ्नु हुन्थ्यो। जो यसप्रकार छन्-

«رَبِّ اغْفِرْ لِي، وَتُبْ عَلَيَّ، إِنَّكَ أَنْتَ التَّوَّابُ الرَّحِيمُ». [صحيح أبي داود للألباني].

उच्चारणः "रब्बिग्-फिर् ली व तुब् अलैय, इन्नक अन्तत्-तौव्वाबुर्-रहीम"

[अर्थः हे मेरो प्रतिपालक ! मलाई क्षमा गरिदिनुहोस् अनि मेरो क्षमायाचना स्वीकार गर्नुहोस्, निःसन्देह तपाईं स्वीकारकर्ता र क्षमादाता हुनुहुन्छ ।] (अबू दाऊदः १५१६, सहीह अल्बानी)

तौबा (प्रायश्चित) कै बारेमा भन्नु भएको छः

«وَاللَّهِ إِنِّي لَأَسْتَغْفِرُ اللَّهَ وَأَتُوبُ إِلَيْهِ فِي الْيَوْمِ أَكْثَرَ مِنْ سَبْعِينَ مَرَّةً». [صحيح البخاري].

अल्लाहको कसम ! मैले दिनमा सत्तर पटकभन्दा धेरै अल्लाहसँग तौबा र क्षमा याचना गर्दछु । (बुखारीः ६३०७)

- यो दुआलाई उहाँ ﷺ ले अत्याधिक पढ्ने गर्नु हुन्थ्योः

«رَبَّنَا آتِنَا فِي الدُّنْيَا حَسَنَةً، وَفِي الآخِرَةِ حَسَنَةً، وَقِنَا عَذَابَ النَّارِ». [صحيح البخاري].

उच्चारणः "रब्बना आतिना फिद्दुन्या हसनतन्, व फिल् आखिरति हसनतन्, व किना अजाबन्नार ।"

[अर्थः हे पालनकर्ता ! हामीलाई संसारमा पनि भलाई प्रदान गर्नुहोस्, अनि आखिरतमा पनि भलाई प्रदान गर्नुहोस् र नर्कको यातनाबाट बचाउनु होस् ।] (सूरतुल् बकरः २/२०१, बुखारीः ६३८९)

अनि यो पनि पढ्नु हुन्थ्योः

«يَا مُقَلِّبَ الْقُلُوبِ! ثَبِّتْ قَلْبِي عَلَى دِينِكَ». [صحيح الترمذي للألباني].

उच्चारणः "या मुकल्लिबल् कुलूब ! सब्बित् कल्बी अला दीनिक"

[अर्थः हे हृदयलाई फेर्नेवाले (अल्लाह) ! मेरो हृदयलाई तपाईंको धर्म (इस्लाम) मा अडिग राख्नुस् ।] (तिर्मिजीः ३५२२, सहीह अल्बानी)

- अनि मजलिस (सभा) को अन्त्यमा यो पढ्नु हुन्थ्योः

«سُبْحَانَكَ اللَّهُمَّ وَبِحَمْدِكَ أَشْهَدُ أَنْ لاَ إِلَهَ إِلاَّ أَنْتَ، أَسْتَغْفِرُكَ وَأَتُوبُ إِلَيْكَ».

[صحيح أبي داود للألباني].

उच्चारणः “सुब्हानक-ल्लाहुम्म वबिहम्दिक अश्हदु अल्ला इलाह इल्ला अन्त, अस्तग्फिरुक व अतूबु इलैक”

[अर्थः हे अल्लाह ! तपाईं पवित्र हुनुहुन्छ, अनि तपाईंकै लागि सबै प्रशंसाहरू छन्, म गवाही दिन्छु तपाईंबाहेक कोही सत्य पूजनीय छैन र म तपाईंसँग क्षमा चाहन्छु, अनि तपाईंसँग प्रायश्चित गर्छु ।] (अबू दाऊदः ४८५९, सहीह अल्बानी)

- उहाँ ﷺ कुमारी केटीभन्दा पनि धेरै लज्जालु हुनुहुन्थ्यो । जब उहाँलाई कुनै कुरा मन पर्दैनथ्यो तब त्यसको असर उहाँको अनुहारमा स्पष्ट देखिन्थ्यो । (बुखारी)

- उहाँ ﷺ सबैभन्दा धेरै दयावान तथा दाता हुनुहुन्थ्यो । कहिल्यै पनि उहाँसँग कुनै चीज मागिन्थ्यो त उहाँले इन्कार गर्नु भएन । (बुखारी)

- उहाँले त्यस व्यक्तिले झैं दिनु हुन्थ्यो जसलाई गरीबीको शंका पनि हुँदैन । (मुस्लिम)

यसै सम्बन्धमा भन्नु भएको छः

«لَوْ كَانَ لِي مِثْلُ أُحُدٍ ذَهَبًا، مَا يَسُرُّنِي أَنْ لاَ يَمُرَّ عَلَيَّ ثَلاَثٌ وَعِنْدِي مِنْهُ شَيْءٌ، إِلاَّ شَيْءٌ أُرْصِدُهُ لِدَيْنٍ». [صحيح البخاري]

यदि मेरो पासमा उहुद पहाड बराबर पनि सुन हुन्थ्यो भने मलाई यो कुरो मन पर्दैन कि मेरा तीन दिन यस हालतमा बितुन, त्यो सुनबाट मेरो पासमा केही बाँकी होस्। त्यति मात्रै जो मैले ऋण तिर्नको लागि बँचाएर राख्ने छु। (बुखारीः २३८९)

- नबी ﷺ मानिसहरूमा सबैभन्दा सहनशील हुनुहुन्थ्यो। एक जना मानिस उहाँको पासमा आयो र उहाँको च्यादर (शल) लाई बेस्सरी तान्यो, जसको कारण उहाँको गर्धनमा निशान पर्यो। यतिमात्र नभई उसले उहाँ ﷺ लाई नानाथरी गाली पनि गर्यो। तैपनि उहाँ त्यस व्यक्तितिर फर्केर मुस्कुराउनु भयो अनि त्यो व्यक्तिलाई दान दिने आदेश दिनुभयो। (बुखारी)

- यतिमात्रै होइन उहाँ ﷺ मानिसहरूमा बहादुर र निडर पनि हुनुहुन्थ्यो। बरा बिन मालिक रजियल्लाहु अन्हु जसलाई बहादुरीमा उदाहरण दिइन्थ्यो, उहाँले भन्नु भएको छः

«إِذَا احْمَرَّ الْبَأْسُ نَتَّقِي بِرَسُولِ اللهِ ﷺ، وَإِنَّ الشُّجَاعَ مِنَّا هُوَ الَّذِي يَقْتَرِبُ مِنْهُ فِي الْحَرْبِ لِشِدَّةِ قُرْبِهِ مِنَ الْعَدُوِّ». [صحيح مسلم].

जब घमासान लडाइ हुन्थ्यो तब हामीले आफूलाई रसूल ﷺ को आड लागेर बचाउँथ्यौं। अनि लडाइमा हामीहरूमध्ये त्यो व्यक्ति बहादुर मानिन्थ्यो जो उहाँ ﷺ को नजिक हुन्थ्यो, किनकि उहाँ दुश्मनदेखि सबैभन्दा नजिक हुनुहुन्थ्यो। (मुस्लिमः १७७६)

- अनि उहाँ ﷺ ले आफ्ना साथीहरू (सहाबा) को आवश्यकताको बारेमा पनि विशेष ध्यान दिनु हुन्थ्यो, सकेसम्म पुरा गरिदिनु हुन्थ्यो। कसैको ऋण तिरिदिनु हुन्थ्यो। जस्तैः बिलाल रजियल्लाहु अन्हुको ऋण तिरिदिनु भएको थियो। (बुखारी)

- अविवाहितको विवाह गराइ दिनु हुन्थ्यो । (बुखारी)

- कसैको शिफारिश गरिदिन जानु हुन्थ्यो । जस्तैः जाबिर रजियल्लाहु अन्हुको लागि यहूदीको पासमा जानु भयो अनि ऋण तिर्नको लागि केही समय अरु देऊ भनी तीन पटकसम्म सिफारिश गरिदिनु भयो । (बुखारी)

- कुनै महिलाले उहाँको पासमा आफ्नो पतिको बारेमा शिकायत गर्न आएमा तिनको कुरा सुन्न हुन्थ्यो र समस्याको समाधान गरिदिनु हुन्थ्यो । (बुखारी)

- यतिमात्र होइन उहाँ ﷺ ले कसैले कुनै जनावरको बारेमा शिकायत गरे भने पनि सुन्नु हुन्थ्यो अनि समस्याको समाधान गरिदिनु हुन्थ्यो । जब एक जनाले उहाँ ﷺ को पासमा आफ्नो ऊँटको शिकायत लिएर आए, तब उहाँ त्यस ऊँटको पासमा जानुभयो जसको बारेमा शिकायत गरिएको थियो । अनि त्यस ऊँटले उल्टै आफ्नो मालिकको बारेमा शिकायत गर्दै भन्यो- उसले क्षमताभन्दा धेरै काम लिन्छ अनि चारा कम दिन्छ । (यसलाई इमाम अहमदले बयान गर्नु भएको छ, र सहीहुत्तर्गीबमा छ।)

चाखलाग्दो कुरा त यो छ कि जनावरले पनि इन्साफको लागि रसूल ﷺ सँग शिकायत गर्थे । त्यसैले त अल्लाहले भन्नु भएको छः

﴿وَمَآ أَرۡسَلۡنَٰكَ إِلَّا رَحۡمَةٗ لِّلۡعَٰلَمِينَ﴾ [سورة الأنبياء: ١٠٧].

- अर्थः “अनि (हे मुहम्मद ﷺ !) हामीले तपाईंलाई सम्पूर्ण जगतका निम्ति सर्वथा दयाको प्रतीक बनाएर पठाएका छौं ।” (सूरतुल् अम्बियाः २१/ १०७)

- उहाँ ﷺ अत्यन्तै विनम्र स्वभावको हुनुहुन्थ्यो । जब कुनै गरीब, अनाथ तथा बिधुवा आइमाईको कुनै समस्या हुन्थ्यो तब उनीहरूको साथमै गएर समस्या समाधान गरिदिनु हुन्थ्यो । (नसाई सहीह अल्बानी)

- एक पटक एकजना महिला उहाँ ﷺ को पासमा आएर भनिनः मलाई तपाईंसँग केही काम छ (केही कुरा छ)। तब उहाँ ﷺ ले भन्नु भयोः

  «يَا أُمَّ فُلَانٍ! انْظُرِي أَيَّ السِّكَكِ شِئْتِ حَتَّى أَقْضِيَ لَكِ حَاجَتَكِ». فَقَامَ مَعَهَا حَتَّى قَضَتْ حَاجَتَهَا. [صحيح مسلم].

  “ए फलाना कि आमा ! कुन काम हो, कहाँ जानु छ भन ? (म तिम्रो समस्या समाधान गरिदिने छु) । त्यसपछि उहाँ ﷺ उनको साथमा जानुभयो अनि उनको समस्या समाधान गरिदिनु भयो। (मुस्लिमः २३२६)

- उहाँ ﷺ ले सबैको निम्तो सहर्ष स्वीकार गर्नु हुन्थ्यो। यहाँसम्म कि जौंको रोटी र पग्लिएको चर्बी जो धेरै दिन राखेको कारणले त्यसको गन्ध तथा स्वादमा केही परिवर्तन भएको हुन्थ्यो । त्यसतो निम्तो पनि स्वीकार गर्नु हुन्थ्यो । (बुखारी)

- उहाँले भन्नु भएको छः

  «لَوْ دُعِيتُ إِلَى كُرَاعٍ لأَجَبْتُ، وَلَوْ أُهْدِيَ إِلَيَّ ذِرَاعٌ لَقَبِلْتُ». [صحيح البخاري].

  यदि मलाई खुट्टा (पाया) खानको लागि निम्तो दिइन्छ भने अवश्य जानेछु र यदि त्यो कोसेलीको रुपमा पठाइयो भने पनि मैले त्यसलाई स्वीकार गर्नेछु। (बुखारीः ५१७८)

- उहाँ ﷺ को जिरह (ढाल) एकजना यहूदीको पासमा (तीन साअ जौंको बदलामा) बन्धकी राखिएको थियो, तर उहाँ ﷺ सँग त्यति पैसा नभएकोले छुटाउन सक्नु भएन। (बुखारी)

- उहाँ ﷺ बच्चाहरूको साथमा नम्र व्यवहार र उनीहरूको साथमा खेलकुद गर्नु

हुन्थ्यो। अनस रजियल्लाहु अन्हुले बयान गर्नु भएको छः

«مَا رَأَيْتُ أَحَدًا كَانَ أَرْحَمَ بِالْعِيَالِ مِنْ رَسُولِ اللهِ ﷺ». [صحيح مسلم].

मैले कसैलाई पनि रसूल ﷺ जस्तो बच्चाहरूको साथमा दया गर्ने दयावान देखेको छैन। (मुस्लिमः २३१६)

- बच्चाहरूसँग भेटघाट हुँदा उहाँ ﷺ ले नै पहिले सलाम गर्नु हुन्थ्यो। (बुखारीः ६२४७, मुस्लिमः २१६७)

# उहाँ ﷺ को घरायसी रहन सहन र सुत्ने तरिका

- उहाँ ﷺ का सबै घरहरू कच्ची ईंटाले बनेका थिए। सबैमा घरहरूमा खजुरका हाँगाका छाना थिए। घरहरू यति साना थिए कि नमाज पढ्दा सज्दा गर्न पनि गारो हुन्थ्यो। जब उहाँ ﷺ ले तहज्जुदको नमाजमा सज्दा गर्न लाग्नु हुन्थ्यो त आईशा रजियल्लाहु अन्हाको खुट्टा बिस्तारै दबाउनु हुन्थ्यो, त्यसपछि आईशा रजियल्लाहु अन्हाले आफ्ना खुट्टाहरूलाई खुम्चाउनु हुन्थ्यो। ताकि उहाँ ﷺ लाई सज्दा गर्ने ठाउँ मिलोस्। जब सज्दा गरेर उहाँ उठनु हुन्थ्यो त्यसपछि फेरी आफ्ना खुट्टा फैलाउनु हुन्थ्यो। (बुखारी)
- घरको उचाइ पनि यति कम थियो कि घरमा प्रवेश गर्नेले आफ्नो हातले छाना स्पर्श गर्न सक्थ्यो।
- उहाँ ﷺ आफ्नो घरमा प्रवेश गर्नु हुन्थ्यो त पहिले मिस्वाक गर्नु हुन्थ्यो। (मुस्लिम)
- अनि घरमा भएकालाई यस्तो अन्दाजमा सलाम गर्नु हुन्थ्यो कि जागेकालाई सुनाउनु हुन्थ्यो तर सुतेकालाई जगाउनु हुँदैन्थ्यो। (मुस्लिम)
- उहाँ ﷺ ले भन्नु भएको छः

«اللَّهُمَّ إِنِّي أَسْأَلُكَ خَيْرَ الْمَوْلِجِ وَخَيْرَ الْمَخْرَجِ، بِسْمِ اللهِ وَلَجْنَا، وَعَلَى اللهِ رَبِّنَا تَوَكَّلْنَا، ثُمَّ لِيُسَلِّمْ عَلَى أَهْلِهِ». [الصحيحة وصحيح الجامع].

जब कुनै आफ्नो मानिस घरमा प्रवेश गर्छ त यो भनोसः

उच्चारणः "अल्लाहुम्म इन्नी अस्अलुक खैरल् मौलिजि व खैरल् मख्रजि, बिस्मिल्लाहि वलज्ना, व अलल्लाहि रब्बिना व तवक्कल्ना।"

[अर्थः हे अल्लाह ! म तपाईंसँग भित्र पस्दा र बाहिर निस्कँदा दुबै समयमा भलाइ माग गर्दछु । अल्लाहको नाममा प्रवेश गर्यौं र अल्लाहमाथि नै हामी भरोसा राख्छौं ।] त्यसपछि उसले आफ्नो परिवारलाई सलाम गरोस् । (सिलसिला सहीहा र सहीहुल् जामेअ)

- अनि यो पनि भन्नु भएको छः घरमा प्रवेश गर्दा र खाना खाने बेलामा अल्लाहको नाम लिइएन भने रात बिताउनमा र खानामा तिनको साथमा शैतान सहभागी हुन्छ । (मुस्लिमः २०१८)

- जब उहाँ ﷺ घरबाट बाहिर निस्कनु हुन्थ्यो त यो दुआ पढ्नु हुन्थ्योः

«بِسْمِ اللهِ، تَوَكَّلْتُ عَلَى اللهِ، اللَّهُمَّ إِنَّا نَعُوذُ بِكَ مِنْ أَنْ نَزِلَّ، أَوْ نَضِلَّ، أَوْ نَظْلِمَ، أَوْ نُظْلَمَ، أَوْ نَجْهَلَ، أَوْ يُجْهَلَ عَلَيْنَا». [صحيح الترمذي للألباني].

उच्चारणः "बिस्मिल्लाहि तवक्कल्तु अलल्लाहि, अल्लाहुम्म इन्ना नऊजु बि-क मिन् अन् नजिल्ल, औ नदिल्ल, औ नज्लिम, औ नुज्लम, औ नज्हल्, औ युज्हल अलैना"

[अर्थः अल्लाहको नामबाट, अल्लाहप्रति मैले भरोसा गरे, हे अल्लाह ! हामी तपाईंको शरण माग्छौं (हामीलाई बचाउनुहोस्) चिप्लिन बाट वा पथभ्रष्ट

हुनबाट वा हामीद्वारा कसैमाथि अत्याचार हुनबाट, वा कसैद्वारा हामीमाथि अत्याचार हुनबाट, अज्ञानतापूर्ण (जाहिल जस्तो) व्यवहार गर्नबाट, वा हामीमाथि अज्ञानतापूर्ण व्यवहार गरिनबाट ।] (तिर्मिजीः३४२७ सहीह)

- अनि भन्नु भएको छ, जो व्यक्तिले घरबाट निस्कदा यो पढछः

«بِسْمِ اللهِ، تَوَكَّلْتُ عَلَى اللهِ، وَلاَ حَوْلَ وَلاَ قُوَّةَ إِلاَّ بِاللهِ، يُقَال لَهُ: هُدِيتَ، وَكُفِيتَ، وَوُقِيتَ، وَتَنَحَّى عَنْهُ الشَّيْطَانُ». [صحيح الترمذي].

उच्चारणः "बिस्मिल्लाहि, तवक्कल्तु अलल्लाहि, व ला हौल वला कुव्वत इल्ला बिल्लाह"

[अर्थः अल्लाहको नाम लिएर (निस्कदै छु), मैले अल्लाहमाथि भरोसा गरे, तथा अल्लाहको सहायता बिना न कुनै पापबाट सुरक्षित रहने क्षमता छ न त केही पुण्य गर्ने ।] त त्यस व्यक्तिलाई भनिन्छः तिमीलाई हिदायत दिइयो, तिम्रो कामना पुरा गरियो र तिमीलाई बचाइयो । अनि ऊ देखि शैतान टाढा भैहाल्छ । (तिर्मिजीः ३४२६, हसन सहीह अबू ईसा)

- आईशा रजियल्लाहु अन्हासँग सोधियोः रसूल ﷺ ले आफ्नो घरमा के काम गर्नु हुन्थ्यो ? उहाँले जवाफ दिनुभयोः उहाँ ﷺ आफ्नो घरका सदस्यहरूको सेवामा तथा सहयोगमा लागिरहनु हुन्थ्यो । जब आजान सुन्नु हुन्थ्यो त (नमाजको लागि) जानु हुन्थ्यो । (बुखारी)

- अनि आईशा रजियल्लाहु अन्हाले यो पनि भन्नु भएको छः उहाँ ﷺ मानवहरू मध्येको एक मानव हुनुहुन्थ्यो, लुगा फाटाहरूबाट कष्टदायक चीजहरू हटाउनु हुन्थ्यो । बाख्रा दुहुनु हुन्थ्यो र आफ्ना अन्य कामहरू पनि स्वयम् गर्नु हुन्थ्यो । (सिलसिला सहीहा अल्बानी)

- उहाँ ﷺ आफ्नो घरपरिवारका लागि मानिसहरूमध्ये सबैभन्दा उत्तम हुनुहुन्थ्यो । (तिर्मिजी सहीह अल्बानी)
- अनि परिवारसँगको व्यवाहारिक मामिलामा पनि उत्तम हुनुहुन्थ्यो । उहाँले आईशा रजियल्लाहु अन्हाको लामो कुरा पनि बिना रोकतोक अबेर रातिसम्म सुन्नु हुन्थ्यो र उहाँको साथमा नम्र व्यवहार गर्नु हुन्थ्यो । (बुखारी)
- आईशा रजियल्लाहु अन्हासँग कहिलेकाहीं दौडको बाजी पनि लगाउनु हुन्थ्यो । दौडमा कहिले आईशा रजियल्लाहु अन्हाले जित्नु हुन्थ्यो त कहिले उहाँ ﷺ ले जित्नु हुन्थ्यो । (अबू दाऊद सहीह अल्बानी)
- उहाँ ﷺ द्वारा परिवारको साथमा नम्र व्यवहारको के कुरा गर्नु ! जब आईशा रजियल्लाहु अन्हाले ईदको दिन हबशीहरूको खेल हेर्ने इच्छा प्रकट गर्नुभयो तब नबी ﷺ ले उहाँलाई आफ्नो पछाडि छेउमा राखेर यति बेर खेल हेर्ने मौका दिनुभयो कि आईशा रजियल्लाहु अन्हा स्वयम् थाक्नु भयो । (बुखारी)
- उहाँ ﷺ पारिवारिक मामिलामा पनि सीधा-साधा र नम्र हुनुहुन्थ्यो । जब आईशा रजियल्लाहु अन्हाले केही कुरा माग गर्नु हुन्थ्यो तब उहाँले मानिहाल्नु हुन्थ्यो । (मुस्लिम)
- यतिमात्रै कहाँ हो र ! उहाँ ﷺ ले आफ्नो ऊँटको पासमा बसेर आफ्नो पवित्र घुँडालाई राखिदिनु भयो ताकि उहाँ ﷺ की पत्नी सफिया रजियल्लाहु अन्हालाई त्यसमाथि टेकेर ऊँटमाथि चढन सजिलो होस् । (बुखारी)
- उहाँ ﷺ ले आफ्ना पत्नीहरूको हरेक व्यवहारलाई सहेर धैर्य धारण गर्नु हुन्थ्यो र उनीहरूको साथमा नम्रताको साथ व्यवहार गर्नु हुन्थ्यो । (बुखारी)

- उहाँ ﷺ को सादा जीवनको झन के कुरा गर्नु ! उहाँको ओछ्यान छालाको थियो, जसमा खजुरको बोटका पातला बोक्राहरू भरिएको थियो । उहाँको सिरानी पनि यस्तै प्रकारको थियो । उहाँ (खजुरको पातले बनेको) चटाइमा सुत्नु भयो त उहाँको शरीरमा त्यसको निशानी परेको थियो । (बुखारी)

- उहाँ ﷺ प्रत्येक रात जब सुत्नको लागि ओछ्यानमा जानु हुन्थ्यो त आफ्ना दुबै हातलाई जोडेर त्यसमा फुक्नु हुन्थ्यो अनि कुर्आनका निम्न तीन सूरहहरू पढ्नु हुन्थ्योः

"सूरह इख्लास, सूरह फलक र सूरह नास" पुरै पढ्नु हुन्थ्यो । अनि शरीरमा जहाँसम्म हातहरू पुग्थे त्यहाँसम्म मसार्नु हुन्थ्यो । आफ्नो टाउको, अनुहार र शरीरको अघिल्लो भागदेखि पछिल्लो भागसम्म जहाँसम्म हातहरू पुग्छन् त्यहाँसम्म मसार्नु हुन्थ्यो । यसरी तीन पटक गर्नु हुन्थ्यो । (बुखारी)

- अनि निम्न दुआहरू पढ्नु हुन्थ्योः

«الْحَمْدُ لِلّٰهِ الَّذِي أَطْعَمَنَا وَسَقَانَا، وَكَفَانَا وَآوَانَا، فَكَمْ مِمَّنْ لاَ كَافِيَ لَهُ وَلاَ مُؤْوِيَ».

[صحيح مسلم].

उच्चारणः "अल्हम्दु लिल्लाहिल्-लजी अत्अमना व सकाना, व कफाना व आवाना, फकम् मिम्मन् ला काफिय लहु व ला मुअवी"

[अर्थः सबै प्रशंसाहरू अल्लाहकै लागि छन्, जसले हामीलाई खुवाउनु भयो, पिलाउनु भयो तथा पर्याप्त मात्रामा प्रदान गर्नुभयो अनि बासस्थान पनि दिनुभयो । कैयौं यस्ता मानिसहरू पनि छन् जसलाई न त कोही सहायता गर्नेवाला छ, न बासस्थान अथवा शरण दिनेवाला छ ।] (मुस्लिमः २७१५)

- जब सुत्नको लागि आफ्नो ओछ्यानमा आउनु हुन्थ्यो र सुत्न थाल्नु हुन्थ्यो तब दायाँ हातलाई आफ्नो गालामुनी राख्नु हुन्थ्यो, अनि यो दुआ पढ्नु हुन्थ्योः

«اللَّهُمَّ قِنِي عَذَابَكَ يَوْمَ تَبْعَثُ عِبَادَكَ». [صحيح أبي داود للألباني].

उच्चारणः "अल्लाहुम्म किनी अजाबक यौम तब्असु इबादक"।

[अर्थः हे अल्लाह ! मलाई त्यस दिनको यातनाबाट बचाउनु जुन दिन आफ्नो समस्त सृष्टिलाई पुनः जीवित गर्नुहुनेछ ।] (अबू दाऊदः ५०४५, सहीह अल्बानी)

- त्यसपछि यो दुआ पढ्नु हुन्थ्योः

«بِاسْمِكَ اللَّهُمَّ أَمُوتُ وَأَحْيَا». [صحيح البخاري].

उच्चारणः "बिस्मिक-ल्लाहुम्म अमूतु व अह्-या" [अर्थः हे अल्लाह ! तपाईंकै नाम लिएर सुत्छु र निद्राबाट उठ्छु ।] (बुखारीः ७३९४)

- उहाँ ﷺ दाहिनेतिर फर्केर सुत्नु हुन्थ्यो । अनि यो दुआ पढ्नु हुन्थ्योः

«اللَّهُمَّ أَسْلَمْتُ نَفْسِي إِلَيْكَ، وَوَجَّهْتُ وَجْهِي إِلَيْكَ، وَفَوَّضْتُ أَمْرِي إِلَيْكَ، وَأَلْجَأْتُ ظَهْرِي إِلَيْكَ، رَغْبَةً وَرَهْبَةً إِلَيْكَ، لاَ مَلْجَأَ وَلاَ مَنْجَى مِنْكَ إِلاَّ إِلَيْكَ، آمَنْتُ بِكِتَابِكَ الَّذِي أَنْزَلْتَ، وَبِنَبِيِّكَ الَّذِي أَرْسَلْتَ». [صحيح البخاري].

उच्चारणः "अल्लाहुम्म अस्लम्तु नफ्सी इलैक, व वज्जह्तु वज्ही इलैक, व फव्वज्तु अम्री इलैक, व अल्जअतु जह्-री इलैक, रगबतन् व रहबतन् इलैक, ला मल्जअ व ला मन्जा मिन्क इल्ला इलैक, आमन्तु बिकिताबिक-ल्लजी अन्जल्त, व बिनबिय्यिक-ल्लजी अर्सल्त ।"

[अर्थः हे अल्लाह ! मैले आफ्नो प्राणलाई तपाईंप्रति समर्पित गरे र आफ्नो अनुहार तपाईंतिरै गरे, अनि आफ्नो मामिलालाई तपाईंकै जिम्मा गरिदिए र आफ्नो पिठ्यूँलाई तपाईंकै लागि झुकाए, तपाईंको दयाको कामना गर्दै र तपाईंको यातनाबाट डर्दै। तपाईं बाहेक न त कुनै शरण लिने ठाउँ छ, न भागेर लुक्ने ठाउँ छ। मैले विश्वास गरे तपाईंले अवतरित गरेको किताबमाथि र तपाईंले पठाएका सन्देष्टामाथि।]

यस दुआको बारेमा भन्नु भएको छः जसले यो दुआ पढेर सुत्छ अनि त्यही रात उसको मृत्यु हुन्छ त फितरत (इस्लाम) मा उसको मृत्यु हुनेछ। (बुखारीः ७४८८)

- अनि यो पनि पढ्नु हुन्थ्योः

«اللَّهُمَّ إِنَّكَ خَلَقْتَ نَفْسِي وَأَنْتَ تَوَفَّاهَا، لَكَ مَمَاتُهَا وَمَحْيَاهَا، إِنْ أَحْيَيْتَهَا فَاحْفَظْهَا، وَإِنْ أَمَتَّهَا فَاغْفِرْ لَهَا، اللَّهُمَّ إِنِّي أَسْأَلُكَ الْعَافِيَةَ». [صحيح مسلم].

उच्चारणः "अल्लाहुम्म इन्नक खलक्त नफ्सी व अन्त तवफ्फहा, लक ममातुहा व मह्‌-याहा, इन्‌ अह्‌-यइतहा फह्‌फज्हा, वइन्‌ अमत्तहा फग्फिर्‌ लहा, अल्लाहुम्म इन्नी अस्अलुकल्‌ आफिया"

[अर्थः हे अल्लाह ! तपाईंले नै मेरो प्राणलाई सृष्टि गर्नुभयो अनि तपाईंले नै त्यसलाई मृत्यु दिनु हुनेछ, तपाईंकै हातमा यसको जीवन र मृत्यु छ। यदि तपाईंले यसलाई जीवित राख्नु हुन्छ भने यसको सुरक्षा गर्नुहोस्‌ र यदि यसलाई मृत्यु दिनुहुन्छ भने यसलाई क्षमा गरिदिनुहोस्‌। हे अल्लाह ! तपाईंसँग सुख-शान्ति, नर्कको यातनाबाट मुक्ति, धन-सम्पत्ति र ज्यानको सुरक्षा माग्दछु।] (मुस्लिमः २७१२)

- त्यसपछि उहाँ ﷺ ले सूरह सज्दा र सूरह मुल्क पुरै पढ्नु हुन्थ्यो, यी दुई सूरह नपढी सुत्नु हुँदैनथ्यो। (तिर्मिजी सहीह अल्बानी)
- उहाँ ﷺ ले आयतुल् कुर्सी र सूरह बकराको अन्तिम दुई आयत (आयत नम्बर २८५ र २८६) पढ्न प्रेरित गर्दै भन्नु भएको छः जसले रातमा आयतुल् कुर्सी र सूरह बकराको अन्तिम दुई आयतलाई पढ्छ, उसको (सुरक्षाको) लागि यी पर्याप्त हुनेछन्। (बुखारी)
- साथसाथै उहाँ ﷺ ले निम्न दुआहरू पनि पढ्ने उपदेश दिनु भएको छः

«بِاسْمِكَ رَبِّي وَضَعْتُ جَنْبِي، وَبِكَ أَرْفَعُهُ، إِنْ أَمْسَكْتَ نَفْسِي فَارْحَمْهَا، وَإِنْ أَرْسَلْتَهَا فَاحْفَظْهَا بِمَا تَحْفَظُ بِهِ عِبَادَكَ الصَّالِحِينَ». [صحيح البخاري].

उच्चारणः "बिस्मिक रब्बी वदअतु जम्बी, व बि-क अर्फउहु, इन् अम्सक्त नफ्सी फर्-हम्हा, व इन् अर्सल्तहा फह्फज्हा बिमा तह्फजु बिहि इबादक-स्वालेहीन"

[अर्थः हे मेरो पालनकर्ता ! तपाईंको पवित्र नाम लिएर मैले मेरो शरीर ओछ्यानमा राखेको छु र तपाईंकै पवित्र नाम लिएर यसलाई उठाउने छु। यदि तपाईंले मेरो प्राणलाई रोकेर राख्नुभयो (म मरे भने) यसमाथि दया गर्नुहोला र यसलाई बचाएर राख्नु भयो भने यसलाई पापहरूबाट बचाएर राख्नुहोला। त्यसरी राख्नुहोला, जसरी तपाईंले आफ्ना असल भक्तहरूलाई बचाएर राख्नु हुन्छ।] (बुखारीः ६३२०)

अनि यो दुआ पनि-

«اللَّهُمَّ فَاطِرَ السَّمَوَاتِ وَالأَرْضِ، عَالِمَ الْغَيْبِ وَالشَّهَادَةِ، رَبَّ كُلِّ شَيْءٍ وَمَلِيكَهُ،

أَشْهَدُ أَنْ لاَ إِلَهَ إِلاَّ أَنْتَ، أَعُوذُ بِكَ مِنْ شَرِّ نَفْسِي وَشَرِّ الشَّيْطَانِ وَشِرْكِهِ». [صحيح الترمذي للألباني].

उच्चारणः "अल्लाहुम्म फातिरिस्-समावाति वल्अर्जी, आलिमल् गैबि वश्शहादति, रब्ब कुल्लि शैइन् व मलीकहु, अश्हदु अल्ला इलाह इल्ला अन्त, अऊजु बि-क मिन् शर्रि नफ्सी व शर्रिश्-शैतानि व शिर्किहि"

[अर्थः हे अल्लाह ! प्रत्यक्ष र परोक्षका सम्पूर्ण चीजहरूका ज्ञाता एवम् द्रष्टा, आकाश र धरतीहरूका श्रष्टा, सम्पूर्ण चीजहरूका पालनकर्ता एवम् मालिक, म गवाही दिन्छु- तपाईं बाहेक कोहीपनि सत्य पूज्य छैन । म मनको उपद्रव तथा षडयन्त्र र शैतानको उपद्रव तथा षडयन्त्रबाट तपाईंको शरणमा पर्छु, अनि तपाईंको साझेदारीबाट र आफ्नो प्राणबारे गर्ने कुबिचारबाट अनि कुनै मुस्लिमप्रतिको कुबिचारबाट पनि तपाईंको शरणमा पर्छु । (तिर्मिजीः ३३९२, सहीह अल्बानी)

हे अल्लाह ! दया र शान्ति अवतरण गर्नुहोस् हाम्रो नबी मुहम्मदमाथि, उहाँका खानदानमाथि र उहाँका पत्नीहरू एवम् सन्तानमाथि, जसरी तपाईंले दया तथा शान्ति अवतरण गर्नु भएको थियो; इब्राहीममाथि, इब्राहीमका परिवार तथा सन्तानहरूमाथि । निःसन्देह तपाईं महिमावान एवम् गुणगानको योग्य हुनुहुन्छ । हे अल्लाह ! बरकत (कल्याण) अवतरण गर्नुहोस् हाम्रो नबी मुहम्मदमाथि, उहाँका खानदानमाथि र उहाँका पत्नीहरू एवम् सन्तानहरूमाथि जसरी तपाईले बरकत अवतरण गर्नु भएको थियो; इब्राहीममाथि, उहाँका परिवार तथा सन्तानमाथि । निःसन्देह तपाईं महिमावान एवम् गुणगानको योग्य हुनुहुन्छ ।

हे अल्लाह ! हामीहरू यस संसारमा आफ्नो प्यारो नबी मुहम्मद ﷺ को दर्शन, सङ्गत र साथमा रहनबाट वञ्चित भएका छौं, तसर्थ हामीलाई परलोकमा यसबाट वञ्चित नगर्नुहोला । हामीलाई स्वर्गमा प्यारो नबी ﷺ को निकट बस्न पाउने मौका दिनुहोला । साथै उहाँसँग भेटघाट र कुराकानी गर्न पाउने अवसर दिनुहोला । हामीलाई उहाँलाई प्रदान गरिने हौज (कुवाँ) सम्म पुर्याउनु होला र उहाँकै पवित्र हातहरूबाट पानी पिलाउनु होला । ताकि हामीलाई त्यसपछि कहिल्यै पनि प्यास नलागोस् ।

हे अल्लाह, हे दयासागर ! हामीलाई उहाँ ﷺ को सिफारिशको भागीदार बनाउनुहोस् । हामीलाई उहाँ ﷺ का साना ठुला सबै सुन्नत पाउने र अनुसरण गर्न सक्ने क्षमता प्रदान गर्नुहोस् । अनि उहाँ र उहाँको सुन्नत प्रतिको मायालाई

हाम्रो लागि हाम्रा मातापिता, सन्तान, नातेदारहरू र सम्पूर्ण मानिसहरू प्रतिको भन्दा प्रिय गरिदिनुहोस् ।

हे अल्लाह ! तपाईंले हाम्रो नबी मुहम्मद ﷺ लाई हाम्रो तर्फबाट त्यति उत्तम र परिपूर्ण बदला दिनुहोस्, जति तपाईंले कुनै नबीलाई उनको उत्तम अनुयायीहरूको तर्फबाट बदला दिनु भएको थियो ।

हे अल्लाह ! तपाईंले उहाँ ﷺ लाई वसीला र फजीलत प्रदान गर्नुहोस् । अनि उहाँलाई मकामे महमूद (महमूद नामको स्थान) मा विराजमान गराउनुहोस्, जसको तपाईंले उहाँसँग वादा गर्नु भएको छ, निसन्देह तपाईंले वादाको विपरीत गर्नुहुन्न ।

IslamHouse.com

IslamHouseNe UChEVLoMT_GLm3beiq_qGTHA/ islamhouse.com/ne/

/-1477142409250575نيبالي-नेपाली-Nepali

For more details visit
www.GuideToIslam.com

GUIDE TO ISLAM

contact us :Books@guidetoislam.com

Guidetolslam.org Guidetoislam1 Guidetoislam www.Guidetoislam.com

جمعية الدعوة والإرشاد وتوعية الجاليات بالربوة

هاتف: ٩٦٦١١٤٤٥٤٩٠٠+ فاكس: ٩٦٦١١٤٩٧٠١٢٦+ ص ب: ٢٩٤٦٥ الرياض: ١١٤٥٧

P.O.BOX 29465 RIYADH 11457 TEL: +966 11 4454900 FAX: +966 11 4970126

OFFICERABWAH



osoulcenter

www.osoulcenter.com

ISO 9001

جائزة السبيعي للتميز في العمل الخيري

To Download This Book, please Visit:

OSOUL STORE osoulstore.com